# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

यो शोधकार्य 'मङ्गलमान' खण्डकाव्यको कृतिपरक अध्ययनसँग सम्बन्धित छ । 'मङ्गलमान' सिद्धिचरण श्रेष्ठले रचना गरेको खण्डकाव्य हो । सिद्धिचरण श्रेष्ठको जन्म वि.स. १९६९ जेठ ९ गते मङ्गलबार ओखलढुङ्गामा भएको हो । सानै उमेरदेखि कविता लेखे पनि औपचारिक रुपमा भने उनी वि. सं. १९९० को गोरखापत्रमा प्रकाशित 'भुइँचालो' शीर्षकको कविताबाट नेपाली काव्यजगत्मा परिचित बनेका हुन् । श्रेष्ठले नेपाली भाषामा फुटकर कविता, खण्डकाव्य, निबन्ध, नाटकजस्ता कृतिहरुको रचना गर्नुका अतिरिक्त नेपाल भाषामा पनि साहित्य साधना गरेका थिए । त्यसैले नेपाली र नेवारी दुवै भाषाको साहित्यमा उल्लेखनीय योगदान पुऱ्याउने साहित्यकारका रूपमा उनी परिचित छन् । नेपाली साहित्यमा उनका एक दर्जनभन्दा बढी खण्डकाव्यहरू प्रकाशित छन् । त्यसमध्ये 'मङ्गलमान' खण्डकाव्य पनि एक हो । वि.सं.२०१८ मा रचना गरिएको यस खण्डकाव्यको प्रकाशन वि.सं.२०४९ मा भएको हो । यो खण्डकाव्य त्यौड टोल, काठमाडौँका कर्मनिष्ठ समाजसेवी मङ्गलमान नेपालीको जीवनचरित्रसँग सम्बन्धित रहेको छ । मङ्गलमानका माध्यमबाट खण्डकाव्यकार श्रेष्ठले यस खण्डकाव्यमा तत्कालीन नेपाली समाजको यथार्थलाई काव्यात्मकतासहित प्रस्तुत गरेका छन् । यस शोधकार्यमा सोही 'मङ्गलमान' खण्डकाव्यको कृतिपरक अध्ययन गरिएको छ ।

कृतिपरक अध्ययन कृतिलाई केन्द्रमा राखेर त्यसको समष्टिगत विश्लेषण गर्ने पद्धति हो । कुनै पनि साहित्यिक कृतिमा कृतिकारले केही कुरा भन्न खोजिरहेको हुन्छ । कृतिकारले कृतिका माध्यमबाट जे कुरा प्रस्तुत गरिरहेको हुन्छ त्यो कृतिको वस्तुपक्ष हो । यस क्रममा कृतिकारले कुनै विषय, घटना, कथा, सन्दर्भ, चरित्र, परिवेश, विचार, भाव एवं लेखकीय पक्षधरतालाई प्रस्तुत गर्दछ । कृतिमा वस्तुपक्षलाई आकार दिने काम लेख्य भाषाका माध्यमबाट गरिन्छ । कृतिकारले कृतिमा जसरी भनेको हुन्छ त्यो कृतिको रूपपक्ष हो । कृतिको रूपपक्षलाई

प्रभावकारी बनाउनका लागि कृतिकारले त्यसको शीर्षक, संरचना, लय, भाषा, शैली, उक्तिढाँचा, बिम्बप्रतीक तथा अलङ्करणका प्रविधिको समेत उपयोग गर्दछ । यस शोधकार्यमा 'मङ्गलमान' खण्डकाव्यको वस्तुपक्ष र रूपपक्षको विवेचना गरी कृतिपरक अध्ययन गर्ने काम गरिएको छ ।

## १.२ समस्या कथन

यस शोधकार्यको विवेच्य कृति 'मङ्गलमान' खण्डकाव्य हो । त्यस कृतिको कृतिपरक अध्ययन गर्नका लागि त्यसको वस्तुविधान र रूपविधानको अध्ययन गर्नुपर्ने हुन्छ । 'मङ्गलमान' खण्डकाव्यको वस्तुविधान र रूपविधान कस्तो छ भन्ने प्राज्ञिक समस्या नै यस शोधकार्यको मुख्य समस्या रहेको छ । त्यस मूल समस्यालाई तलका शोधप्रश्नद्वारा थप प्रस्ट पार्न सकिन्छ :

क) 'मङ्गलमान' खण्डकाव्यका रचनाकारको परिचय र खण्डकाव्यात्मक प्रवृत्ति कस्तो छ ?

ख) 'मङ्गलमान' खण्डकाव्यको वस्तुविधान के कस्तो छ ?

ग) 'मङ्गलमान' खण्डकाव्यको रुपविधान के कस्तो छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू यस प्रकार छन्:

क) 'मङ्गलमान' खण्डकाव्यका रचनाकारको परिचय दिँदै उनको खण्डकाव्यात्मक प्रवृत्ति ठम्याउनु,

ख) 'मङ्गलमान' खण्डकाव्यको वस्तुविधानको अध्ययन गर्नु,

ग) 'मङ्गलमान' खण्डकाव्यको रुपविधानको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा करिब ६ दशक लामो समय साहित्य साधना गरेका कवि सिद्धिचरण श्रेष्ठ र उनका सिर्जनाका बारेमा विभिन्न चर्चा परिचर्चा हुँदै आएको पाइन्छ । यस क्रममा उनका बारेमा जीवनीपरक, कृतिपरक तथा प्रवृत्तिगत अध्ययनहरू गरिएका छन् । यो शोधकार्य गर्नुअघि उनको 'मङ्गलमान' खण्डकाव्यका बारेमा पनि थुप्रै अध्ययनहरू भएका छन् । यस्ता पूर्वकार्यबाट 'मङ्गलमान' खण्डकाव्यको कृतिपरक अध्ययन गर्ने कामका लागि प्रशस्त आधार

तयार भएको छ । पूर्वकार्य गरिएका यस्ता उपयोगी सामग्रीको कालक्रमिक रूपमा गरिएको समीक्षा यस प्रकार छ :

विश्वनाथ भण्डारीले 'कवि स्मृति विशेषाङ्क' कृतिमा 'सिद्धिचरण श्रेष्ठको मङ्गलमान खण्डकाव्यमा घोत्लिदा' शीर्षकमा मङ्गलमानलाई सिद्धिमान (सिद्धिचरण) को संज्ञा  दिएका छन् । उनले मङ्गलमान ज्वालामुखी हो अन्याय, अत्याचारको सातो काढ्ने गरिबीको रेखामुनि बाँचेको मङ्गलमान व्यक्तिविशेष नभइ प्रवृत्ति विशेष हो भनी चर्चा गरेका छन् ।

रमा शर्माले 'कवि सिद्धिचरण स्मृति विशेषाङ्क' 'मङ्गलमानका मर्मज्ञ कवि सिद्धिचरण' शीर्षकमा अङ्ग्रेजी शब्दसँग जोडिएको उखान बनेको 'ब्याक टु मङ्गलमान' को मङ्गलमान रहेको र यसरी उखानटुक्काको बिशेषता बोक्न सफल उत्कृष्ट खण्डकाव्य भनी व्यक्त गरेकी छन् ।

गङ्गाप्रसाद उप्रेतीले गरिमा पत्रिका (२०६५) मा प्रकाशित 'वैचारिक मोडमा मङ्गलमान' शीर्षकको समालोचनामा कवि श्रेष्ठलाई स्वच्छन्दतावादी धाराका एक प्रतिभाका रूपमा चिनाउँदै मङ्गलमान खण्डकाव्य प्रकृति प्रेमका साथै समाजमा देखिने बेमेल विद्रोह र थिचोमिचोलाई पनि व्यक्त गरेका कारण  एक उत्कृष्ट काव्य बन्न पुगेको छ भनी चर्चा गरेका छन् ।

गार्गी शर्माले 'सिद्धिचरणका खण्डकाव्यको अध्ययन' (२०५१) शीर्षकको शोधपत्रमा श्रेष्ठका खण्डकाव्यहरूको अध्ययन गरेकी छन् । यस क्रममा 'मङ्गलमान' खण्डकाव्यको कोणबाट पनि सङ्क्षिप्त अध्ययन गरिएको छ । उनले 'मङ्गलमान' खण्डकाव्यलाई नेपाली समाज र सामाजिक व्यवहारको पूर्ण प्रकाशका रूपमा अनि अझ गहिरिएर नियाल्ने हो भने सामाजिक उत्थान र क्रान्तिचेतको प्रतिकारका रूपमा मूल्याङ्कन गरेकी छन् ।

लक्ष्मीनारायण मिश्रले (२०५८) 'खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठ' शीर्षकमा मङ्गलमानले देश र जनताका लागि गरेको बलिदानीपूर्ण सङ्घर्षबाट कवि हृदय प्रभावित हुनु नै यस खण्डकाव्य लेखनको मुख्य प्रेरणास्रोत बनेको कुरा व्यक्त गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले 'युगकवि सिद्धिचरण श्रेष्ठ शताब्दी स्मृतिग्रन्थ' (२०७१) मा 'चेतनाको नयाँ स्रोत : मङ्गलमान' शीर्षकमा मङ्गलमान वर्तमान नेपाली समाजको एक यथार्थ हो, अर्थात् मिथ नभएको भन्दै परवर्ती वर्तमानमा घटेको इतिहासको एउटा अंशको रुपमा मङ्गलमानलाई लिएका छन् ।

देवी नेपालले 'युगकवि सिद्धिचरण श्रेष्ठ शताब्दी स्मृतिग्रन्थ' (२०७१) 'मङ्गलमान खण्डकाव्यको वैचारिक धरातल' शीर्षकमा मङ्गलमानको देशप्रतिको चिन्ता तथा उसमा रहेको देशभक्तिको भावनाको कदर गर्दै मङ्गलमानले आफ्नो मृत्युपर्यन्त कुनै चिन्ता नभइ नगरी देशलाई भताभुङ्ग र लथालिङ्ग छाडेर जानुपरेकामा चिन्तित हुनु जस्ता मङ्गलमानसँग जेडिएका घटना र प्रसङ्गहरुमा यस काव्यको वैचारिक पक्ष जोडिएको छ । यस आधारमा हेर्दा प्रगतिवादी मानवतावाद नै 'मङ्गलमान' खण्डकाव्यको वैचारिक धरातल हो । भनी मङ्गलमानलाई यसरी चिनाएका छन् ।

श्यामदास वैष्णवले 'मङ्गलमान' (२०६७) खण्डकाव्यको समीक्षा तथा भूमिकामा लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' जति लोकप्रिय भयो त्यति नै प्रचार-प्रसार भए 'मङ्गलमान' खण्डकाव्य त्यस्तै चर्चित हुने विचार व्यक्त गर्दै यसमा युगजीवनको जीवन्त अभिव्यक्ति र विषयगत समसामयिकताका कारण पाठकलाई प्रभाव पार्न सक्ने क्षमता बोकेको भनी आफ्नो भनाइ प्रस्तुत गर्दछन् ।

मोदनाथ प्रश्रितले 'मङ्गलमान' (२०६७) खण्डकाव्यको भूमिकामा कविको कलमको निम्ति मङ्गलमान जति सार्थक पात्र थियो त्यति नै मङ्गलमानका निम्ति सिद्धिचरणको कलम पनि उत्तिकै सुहाउँदो रहेको तसर्थ मङ्गलमानले सिद्धिचरणको कलमलाई घच्घच्याएर कविको कलमले मङ्गलमानलाई फेरि जीवित र अमर तुल्याउनु नै श्रेष्ठ र मङ्गलमान दुबैको तादाम्यता रहेको भनी चर्चा गरेका छन् ।

खगेन्द्र सङ्ग्रौलाले 'मङगलमान' (२०६७) को भुमिकामा 'मङ्गलमान' खण्डकाव्यले मानिसहरुलाई जीवनको अर्थ खोज्न लगायत न्यायको मोर्चामा कठिबद्ध भै लड्न हौसला र आँट दिने यस खण्डकाव्यमा  मङ्गलमान मार्फत सत्य र न्यायप्रेमी नेपालीहरुले सिद्धिचरणलाई सम्झिने प्रतिज्ञा गर्दै श्रेष्ठको सेखपछि पनि आज मङ्गलमान जिउँदो भएको भन्दै 'मङ्गलमान' लाई अमरत्व प्रदान गर्ने सिद्धिचरणलाई महान व्यक्तिको रुपमा स्थापित गरेका छन् ।

वासु रिमाल 'यात्री' ले 'मेरो चिन्तनमा सिद्धिचरण र मङ्गलमान' शीर्षक (गरिमा वर्ष १२, अङ्क १०, असोज २०५१) मा नेपाली साहित्यिक फाँटमा आफ्नो बेग्लै पहिचान बनाएका कवि श्रेष्ठले समाजको एउटा वीर क्रान्तिकारी समाजसेवी मङ्गलमानलाई नायक बनाएर लेखेको यस

काव्यमा वि.स.१९९७ सालको विद्रोह देखि वि.स.२०१८ सालसम्मको इतिहासको सुन्दर काव्यात्मक वर्णन पाइने लेखक भनी व्यक्त गरेका छन् ।

युवराज पाण्डेले 'युगकवि सिद्धिचरण श्रेष्ठ शताब्दी स्मृतिग्रन्थ' (२०७१) 'युगकवि सिद्धिचरण श्रेष्ठ र मङ्गलमान' शीर्षकमा खण्डकाव्यको भाषा अत्यन्त सरल भएकोले सामान्य साक्षर व्यक्तिले पनि खण्डकाव्यका शब्द र हरफहरुको अर्थ पहिल्याउन सक्छ तसर्थ यसबाट कविवरले साहित्य जनसाधारणले बुझ्ने भाषामा लेखिनुपर्छ, भन्ने मान्यता राख्छन् भन्ने निष्कर्षमा पनि पुग्न सकिने कुरा व्यक्त गरेका छन् ।

यसरी 'मङ्गलमान' खण्डकाव्यका बारेमा यो शोधकार्य गर्नुपूर्व जे जति काम भएको छ त्यसबाट मङ्गलमान खण्डकाव्यको कृतिपरक अध्ययन गर्ने काम बाँकी नै छ भन्ने देखिन्छ । पूर्वकार्यका रूपमा समीक्षा गरिएका सामग्रीहरूको लेखनगत उद्देश्य पनि 'मङ्गलमान' खण्डकाव्यको कृतिपरक अध्ययन गर्नु थिएन तर पनि ती पूर्वकार्यहरूबाट यस शोधकार्यका लागि अध्ययनको आवश्यक पृष्ठभूमि भने तयार भएको छ ।

## १.५ शोधकार्यको औचित्य

खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको 'मङ्गलमान' खण्डकाव्यका बारेमा थुप्रै विद्वान्हरूले विभिन्न सन्दर्भमा अध्ययन गरेको कुरो पूर्वकार्यको समीक्षाबाट स्पष्ट हुन्छ तैपनि त्यसबाट 'मङ्गलमान' खण्डकाव्यमा मात्र केन्द्रित रहेर सो कृतिको कृतिपरक अध्ययन गर्ने कार्य अधुरो र अपूर्ण नै रहेको देखिन्छ । फलतः 'मङ्गलमान' खण्डकाव्यको कृतिपरक अध्ययन सम्बन्धी विषय शोधपरक अध्ययनका अभावमा प्राज्ञिक जिज्ञासाकै रूपमा रहेको र त्यस जिज्ञासालाई यस शोधकार्यले समाधान गर्ने भएकाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधविधि

### १.६.१ सामग्री सङ्कलन विधि

यो शोधकार्य पुस्तकालयीय सामग्री सङ्कलनमा नै आधारित रहेको छ । खास गरी यस शोधकार्यका लागि सिद्धिचरण श्रेष्ठको 'मङ्गलमान' खण्डकाव्य र त्यस खण्डकाव्यका बारेमा विभिन्न विद्वान्हरूले समयसमयमा लेखेका समालोचनात्मक समीक्षात्मक सामग्रीहरूको प्रयोग

गरिएको छ । रचनाकारको परिचय, खण्डकाव्यात्मक प्रवृत्ति एवं कृतिको कृतिपरक अध्ययनका लागि खण्डकाव्यको वस्तुविधान र रूपविधान पक्षका बारेमा लेखिएका सैद्धान्तिक विषयका सामग्रीहरूको पनि उपयोग गरिएको छ । यस शोधकार्यका लागि आवश्यक देखिएका यस्ता सामग्रीको सङ्कलन निजी तथा सार्वजनिक पुस्तकालयहरूबाट गरिएको हो । यसका साथै मङ्गलमान खण्डकाव्यको वस्तुविधान बारेका कतिपय सूचनाको सङ्कलन खण्डकाव्यकार श्रेष्ठ र विश्लेष्य कृतिसँग सम्बद्ध व्यक्तिहरूसँगको छलफलबाट पनि गरिएको छ ।

### १.६.२ सैद्धान्तिक पर्याधार

प्रस्तुत शोधकार्य कृतिको कृतिपरक अध्ययनसँग सम्बन्धित छ । कृतिपरक अध्ययनका लागि यस शोधमा कृतिको वस्तुविधान र रूपविधानको विश्लेषण गरिएको छ । विश्लेष्य कृति कविता विधाको मझौला उपविधा अर्थात् खण्डकाव्य हो । खण्डकाव्य पद्य प्रबन्धात्मक हुन्छ । त्यसैले यस शोधकार्यमा खण्डकाव्यको वस्तुविधान र रूपविधानसँग सम्बन्धित प्रचलित सिद्धान्तलाई नै कृतिपरक अध्ययनको सैद्धान्तिक पर्याधारका रूपमा उपयोग गरिएको छ । शोधकार्यमा वस्तुविधान अन्तर्गत विश्लेष्य कृतिको कथावस्तु, त्यसमा रहेका पात्रहरू, त्यसको परिवेश, त्यसको भाव तथा विचारका साथै कृतिमा रहेको लेखकको जीवनदृष्टि र पक्षधरताको विश्लेषण गरिएको छ भने रूपविधान अन्तर्गत विश्लेष्य कृतिको शीर्षक, बाह्य तथा आन्तरिक संरचना, भाषाप्रयोग, शैलीगत विशिष्टता, कथनपद्धतिका साथै बिम्ब, प्रतीक, अलङ्कार योजनाको विश्लेषण गरिएको छ । कृति विश्लेषणका यिनै सैद्धान्तिक आधारबाट कृतिको अध्ययन गर्ने काम यस शोधकार्यमा भएको छ ।

### क) वस्तुविधान

वस्तु भन्नाले कृतिमा कृतिकारले भन्न चाहेको कुरा हो । आफूले भन्न खाजेको कुरालाई मिलाएर भन्नको लागि वा विधान गर्नको लागि कृतिकारले विभिन्न कुराहरुको सहयोग लिएको हुन्छ । वस्तुको विधान गर्न प्रयोग गरिने यस्ता कुराहरुले नै कृतिको वस्तुपक्षको निर्माण गरेका हुन्छन् ।

कुनैपनि कृतिपरक अध्ययन गर्दा वस्तुविधान अन्तर्गत कथावस्तुको अनिवार्य भुमिका रहने गर्दछ । कथावस्तु भन्नाले कृतिमा रहेको घटना, स्थिति, वा प्रसङ्गहरुको क्रमिक योजना हो, जसलाई

कथानक पनि भन्ने गरिन्छ । कथावस्तुमा लेखक तथा रचनाकारको धारणा, विचार, कल्पना, बौद्धिकता, प्रतिक्रिया आदिले राम्ररी खेल्न पाएका हुन्छन् । विषयवस्तुगत रुपमा कथावस्तु ऐतिहासिक, पौराणिक, सामाजिक तथा विचारप्रधान हुन सक्छ । इतिहाससँग सम्बन्धित विषयवस्तु भएको कृति ऐतिहासिक हुन्छ भने धार्मिक मिथक तथा पुराणसँग सम्बन्धित विषयवस्तु भएको कृति पौराणिक हुन्छ । कृतिको विषयवस्तु यथार्थ समाजका जीवनसँग सम्बन्धित रहेमा त्यसलाई सामाजिक कथावस्तु भएको कृति मानिन्छ भने कुनै विचारसँग मात्र सम्बद्ध रहेमा तथा दर्शनसँग सम्बन्धित भएमा त्यस्तो कृति बौद्धिक तथा दार्शनिक विषयवस्तु भएको मान्नु पर्ने हुन्छ । यद्यपि अन्य विधामा जस्तै खण्डकाव्यमा विधामा पनि यिनै विषयवस्तुको अनूसरण गरी काव्यात्मकता सहितको कथावस्तुको समायोजन गरिएको हुन्छ । कथावस्तुमा जीवनमा घटित घटनाको एक अंशको चित्रण गरिएको हुन्छ । कथावस्तुमा घटना र चरित्रको सुगठित विन्यास हुन्छ । ती घटनाहरु समय क्रममा नआई कार्य कारणको शृङ्खलामा आएका हुन्छन् । त्यसैले कृतिको कथावस्तु आदि, मध्य र अन्त्य (बिज-विकास-फल) को शृङ्खलामा आबद्ध हुन्छ । कथावस्तुको क्रमले पाठकमा कुतूहलता सिर्जना गर्नुका साथै सम्भाव्य घटनाको सहज अनुमान गर्न पाठकलाई प्रेरित गर्छ । कथावस्तुमा विश्वसनीयता पाइनुका अतिरिक्त बाह्य तथा आन्तरिक द्वन्द्वको प्रयोग पनि हुनसक्छ ।

कथावस्तुलाई बोकेर हिड्ने मानव अर्थात् मानवेतर प्राणीलाई पात्र भनिन्छ । अर्थात् कृतिमा सहभागी व्यक्तिलाई पात्र भनिन्छ । लेखक तथा रचनाकारले कृतिको उद्देश्य पूर्तिका लागि पात्रको प्रयोग गरेका हुन्छन् । कृति पूर्ण हुनको लागि पात्रको अनिवार्य उपस्थिति हुनुपर्दछ त्यसैले पात्र वा चरित्र कथाका अत्यन्त महत्वपूर्ण तत्त्व हो । पात्रमार्फत नै कथावस्तुमा गतिशीलता आउने गर्दछ । कथावस्तु अनुरुपको थोरै तथा धेरै पात्रको समायोजन गरिएतापनि खण्डकाव्यमा थोरै पात्र हुनु स्वाभाविक हुन्छ । थोरै पात्र भएको खण्डकाव्यात्मक कृति पठन गर्दा पाठकलाई पनि बोध गर्न सहज हुनको साथै बिषयवस्तुमा छरितोपन देखिन्छ । कृतिमा पात्रहरू कथास्रोत तथा परिवेश अनुकुलकै हुन्छन् । त्यस्तैगरी भूमिका र विचार अनुसार पात्रमा विविधता पाइने गर्दछ । पात्र वा चरित्रलाई कार्यको आधारमा मुख्य, सहायक र गौण,प्रवृत्तिको आधारमा सत् र असत्, जीवनचेतनाको आधारमा व्यक्तिगत र वर्गगत, स्वभावका आधारमा

स्थिर र गतिशील, आसन्नताको आधारमा मञ्चीय र नेपथ्य , आबद्धताको आधारमा बद्ध र मुक्त गरी अध्ययन गर्न सकिन्छ ।

खण्डकाव्यको वस्तुविधान अन्तर्गत पर्ने अर्को महत्वपूर्ण तत्त्व परिवेश हो ।कृतिको कार्यस्थल नै खासमा परिवेश हो । परिवेश अन्तर्गत कृतिभित्रको स्थान, काल, वातावरण पर्दछन् । स्थान भन्नाले कृतिमा घटना घटित हुने स्थान हो । यस अन्तर्गत कृतिमा जे जस्ता घटनाक्रमहरू आएका छन् त्यसको स्थानगत परिचय हुन्छ । त्यस्तै काल भनेको समय हो । खण्डकाव्यमा आएका घटनाहरूको सुरुदेखि अन्त्यसम्मको समयगत लमाइ नै काल हो अनि यस सन्दर्भमा घटनाको ऐतिहासिक समयगत पहिचानलाई पनि विशेष ख्याल गरिन्छ । वातावरण भनेको घटना तथा पात्रको सत्यतालाई प्रमाणित गर्ने पर्यावरण हो । कृतिको आफ्नै प्राकृतिक वातावरण, सांस्कृतिक वातावरण, सामाजिक वातावरण, राजनैतिक वातावरण, आर्थिक वातावरण हुन्छ । यसमा पात्रगत मानसिक वातावरण र तदनुकुलको प्राकृतिक वातावरण पनि हुनसक्छ । कृतिकारले प्रत्यक्ष वा अप्रत्यक्ष जे जसरी गरेपनि परिवेश अन्तर्गत विभिन्न समय र स्थानका रितिस्थिति, आचार, व्यवहार,चालचलन, वेशभूषा, रहनसहन, सोचविचार, जीवनशैली, मानसिकता, संस्कृति आदिले व्यक्त हुने अवसर पाएका हुन्छन् ।

वस्तुविधान अन्तर्गत पर्ने अर्को अनिवार्य घटकतत्व भाव वा विचार हो । भाव वा विचार अन्तर्गत काव्यकारको मनोभावको प्रकाशन वा कलाकारको आशय प्रकट हुन्छ । कृतिमा कृतिकारले विविध विषयवस्तुगत आलम्बन-उद्दीपनका साथै अनेक सञ्चारी भाव र स्थायी भावको प्रस्तुति गरेको हुन्छ । जीवन वा विषयमाथिको कविको अनुभूति रहने हुनाले खण्डकाव्यमा भावको सघनता वा तीव्रता रहने गर्दछ । कुनै पनि कृतिले कुनै न कुनै विचारको प्रस्तुति गरेको हुन्छ । कृतिमा मूलतः आध्यात्मिक वा भौतिकवादी विचार प्रकटित हुन्छ । यसबाट कृति कुन दार्शनिक धरातलमा उभिएको छ भन्ने देखिन जान्छ । खण्डकाव्यमा विषयवस्तुको चयनबाटै कविले निश्चित विचारको पक्षपोषण गरेको हुन्छ । खण्डकाव्यको सन्देश कविका विचारबाट रङ्गिएर सोझै वा घुमाउरो तरिकाले आउँछ । कृतिमा आउने विचार जीवनोन्मुख तथा आशावादी अनि मृत्योन्मुख तथा निराशावादी गरी दुबै किसिमका हुन सक्छन् । यसका साथै कृतिमा मानवतावादी विचार, राष्ट्रवादी विचार, व्यक्तिवादी विचार, अग्रगामी तथा प्रतिगामी विचारहरू आउँछन् र पाठकमाथि वैचारिक हस्तक्षेप गर्ने प्रयास गर्दछन् ।

खण्डकाव्यमा कविको जीवनलाई हेर्ने आफ्नै खालको दृष्टिकोण हुन्छ । उसले संसारलाई आफ्नै किसिमले बुझिरहेको हुन्छ, हेरिरहेको हुन्छ र मूल्याङ्कन गरिरहेको हुन्छ । यस आधारमा कविको जीवनसम्बन्धी निश्चित धारणा बनेको हुन्छ । त्यही धारणामा उभिएको हुनाले खण्डकाव्यमा खण्डकाव्यकारको निश्चित वर्ग वा समुदायप्रति समर्थन वा विरोध रहन्छ । कुनै पनि कृतिले शासक वा शोषित, उच्च वा निम्नवर्गको पक्षपोषण वा सेवा गरिरहेको हुन्छ । लेखकीय पक्षधरताले लेखकीय स्वार्थलाई अभिव्यञ्जित गर्दछ । कतिपय कृतिमा लेखकीय पक्षधरता मुखर रुपमा प्रकटित हुन्छ भने कतिपय कवितामा त्यो घुमाउरो किसिमले अमुखर रुपमा प्रस्तुत भएको हुन्छ ।

**ख) रुपविधान**

रुप भन्नाले कृतिमा कृतिकारले भन्न चाहेको कुरालाई प्रस्तुत गर्नका लागि अपनाएको अभिव्यक्तिको पद्धति वा तरिका हो । खण्डकाव्य पनि भाषिक अभिव्यक्ति भएका हुनाले यसको रुप पनि भाषिक हुन जान्छ । खण्डकाव्यको रुपविधान  अन्तर्गत यस्ता विषयहरुको विवेचना गर्न सकिन्छ :

काव्यमा रुपविधान अन्तर्गत शीर्षक पनि पर्दछ । काव्य कृति रचना गरिसके पश्चात् वा रचना गर्नु अगाडि काव्य सापेक्ष रुपमा शीर्षक चयन गरिन्छ । शीर्षकलाई विभिन्न आधारमा छनोट गरिन्छ काव्यमा संपूर्ण विषयवस्तुलाई केन्द्रित गरेर शीर्षक चयन गरेको छ भने त्यसलाई वस्तुनिर्देशात्मक भनिन्छ । काव्यको वैचारिक पक्षलाई केन्द्रित गरेको छ भने वैचारिक मानिन्छ । काव्यमा प्रयुक्त पात्रको नामले अर्थात् पात्रको प्रवृत्ति विशेष छनोट गरेको छ भने पात्रप्रवृत्तिगत शीर्षक भनिन्छ । यसका अतिरिक्त शीर्षकलाई अभिधात्मक र प्रतिकात्मक गरी दुई भागमा विभाजन गरिन्छ । काव्यको शीर्षकले विषयवस्तु, अनुकूलको सोझो अर्थ दिएमा त्यसलाई अभिधात्मक र घुमाउरो तरिकाले वा सहज बोध गर्न नसकी जटिल भएमा प्रतिकात्मक भनिन्छ ।

कुनै पनि काव्यमा कृतिको आकार, प्रकार, तथा त्यस कृतिभित्रका कुरालाई समायोजन गर्नुलाई काव्यको संरचना पक्ष मानिन्छ । यसलाई बाह्य संरचना (बनोट) र आन्तरिक संरचना (बुनोट) गरी दुई प्रकारले हेरिन्छ । काव्यको बाह्य संरचनामा काव्यको पाउगत वा चरणगत वा

पङ्क्तिगत चौडाइ र पदगत, पङ्क्तिगत, पङ्क्तिपुञ्जगत, परिच्छेदगत एवं सर्गबद्ध भए सर्गगत लमाइको अध्ययन गरिन्छ । कृतिको आन्तरिक संरचना अन्तर्गत केन्द्रीय विषयको सुरुवात, विकास र समापनको क्रमलाई ख्याल गरिएको हुन्छ कृतिकारले कृतिको रचना गर्दा कृतिको विषयलाई वृत्ताकारीय वा चक्रात्मक वा नागबेलीदार ढङ्गलले प्रस्तुत गरेको हुन सक्छ । विषयगत गुरुत्वका आधारमा कृतिमा सन्दर्भहरू पुनरावृत्त भएर वा लोप भएर वा निदर्शन भएर वा पुष्टि तथा पुनर्पुष्टि हुने गरी आएका हुन सक्छन् ।

कविता लयात्मक विधा हो । कृतिमा उही स्वभावका स्वर व्यञ्जन वर्णको नियमित आवृत्तिले लयको निर्माण गर्ने गर्दछ । लय निर्माणमा गति, यतिको पनि भूमिका रहने गर्दछ । नेपाली साहित्यमा वर्णमात्रिक, मात्रिक, लोक, मुक्त, गरी चार थरीको लयढाँचाको उपयोग गर्ने गरिएको छ । वर्णमात्रिक लयढाँचामा वर्ण र मात्रा दुबैको नियमितता हुनुपर्दछ । मात्रिक लयढाँचामा मात्रागत नियमिततामा मात्रै ख्याल गरिन्छ । लोकलयढाँचामा वर्णगत नियमिततालाई ध्यान दिइन्छ भने मुक्त लय ढाँचामा अभिव्यक्तिको स्वतस्फूर्ततालाई बढी महत्त्व दिएर अभिव्यक्तिमा लयको खोजी गरिन्छ ।

कुनैपनि सूचना आदान प्रदान गर्ने माध्यम भाषा हो । साहित्यका अन्य विधा भन्दा काव्यमा प्रयोग गर्ने भाषा पृथक र केही जटिल किसिमको हुने गर्दछ । साहित्यमा विशिष्ट अभिव्यक्तिसहितको भाषा प्रयोग गरिन्छ । काव्यको भाषा लयात्मक गुणले ओतप्रोत भएको हुन्छ । सामान्यतः खण्डकाव्यको भाषा रचनाकारको प्रस्तुति अनुरुप कलात्मक र विषय अनुरूप रागात्मक हुनपुग्छ ।कृतिमा शब्द प्रयोगका दृष्टिले तत्सम, तद्भव र आगन्तुक तीनै प्रकारका शब्दको प्रयोग गरिन्छ । वाक्यगठनको पद्धतिले पनि काव्यकारको रूपपक्षीइ विशिष्टतालाई देखाउँछ । भाषा अन्तर्गत पारिभाषिक शब्दावली ,उखानटुक्का तथा अनुकरणात्मक शब्दहरुको पनि अध्ययन गरिन्छ ।

शैली भनेको अभिव्यक्तिको तरिका हो । कविताको शैली निर्माणमा कविले चयन, विचलन र समानान्तरता जस्ता पक्षमा विशेष जोड दिन्छ । कविले कवितामा पर्यायवाची शब्दको चयन, व्याकरणिक संरचनाको चयन, विशिष्ट पारिभाषिक शब्दहरूको चयन तथा वाक्यढाँचाको चयन विषयवस्तु अनुकूल गरेको हुन्छ । त्यस्तै अभिव्यक्तिका क्रममा कवितामा कोशीय विचलन, व्याकरिणक विचलन, आर्थी विचलन एवं भाषिकागत विचलन गरेको पाइन्छ भने ध्वनिगत तथा

वर्णगत समानान्तरता, शब्दगत तथा रुपगत समानान्तरता, पदसमूहगत समानान्तरता, वाक्यात्मक समानान्तरताबाट कविताको अर्थलाई विशिष्ट बनाएको हुन्छ ।

कथनको अर्थ भन्नु हो भने पद्धतिको अर्थ तरिका भन्ने बुझिन्छ, जसलाई काव्यमा कथनपद्धति भनिन्छ । यो काव्यको रुपविधान अन्तर्गत पर्ने तत्व हो । कविले काव्यका सिर्जना गर्दा विभिन्न प्रकारका कथनपद्धतिलाई अङ्गीकार गरेका हुन्छन् । कविले काव्यमा आफू स्वयम् काव्यमा उपस्थित भै कथन गरेको खण्डमा कविप्रौढोक्ति कथनपद्धति भनिन्छ, जसलाई प्रथम पुरुष दृष्टिबिन्दु पनि भनिन्छ । कविले काव्यमा आफ्नो प्रमुख उपस्थिति नजनाई कुनै पात्रको माध्यमद्वारा कथन गर्दछन् भने त्यसलाई कविनिबद्धवक्तृपौढोक्ति कथनपद्धति भनिन्छ, जसलाई तृतीय पुरुष दृष्टिबिन्दु भनिन्छ । साथै यसलाई कविकथानात्मक पद्धति र आख्यानात्मक पद्धति पनि भनिन्छ । दुई पात्रबीच संवाद गराई कथन गरिएको छ भने संवादात्मक र पात्रको अर्थात् कविको मनोवादको कुरालाई व्यक्त गरेको छ भने मनोवादात्मक पद्धति भनी कथनपद्धतिलाई काव्यमा चर्चा गरिन्छ ।

कविता पठनका क्रममा पाठकको मस्तिष्कमा आउने चित्र वा प्रतिकृति नै बिम्ब हो । कविताबाट पाठकलाई जीवनका विविध स्वरुपको मानसिक चित्रबोधको वातावारण तयार पार्ने काम बिम्बविधान हो । कवितामा दृश्यबिम्ब, गन्धबिम्ब, स्पर्शबिम्ब, श्रवणबिम्ब र स्वादबिम्बहरुको परिस्थिति सिर्जना गरी सौन्दर्यको प्रसार गरिएको हुन्छ । खास अर्थ एकथरि भए पनि त्यसबाट कुनै अर्को वस्तु तथा घटनालाई सङ्केतित गर्ने पद वा पदसमूहहरु प्रतीक हुन् । कवितामा पाइने यस्ता प्रतीकात्मक पद वा पदसमूहले कविताको अर्थगत गहिराइलाई संवर्द्धन गरेका हुन्छन् । यस्ता प्रतीकहरु परम्परित पनि हुन्छन् अनि कविद्वारा नवनिर्मित पनि हुन्छन् । कवितामा भाषिक शृङ्गारका लागि कविले अपनाउने तरिका नै अलङ्करण प्रविधि हो । भाषिक प्रस्तुतिलाई कलात्मक बनाउनका लागि कवितामा शब्दसज्जामा र अर्थसज्जामा विशेष जोड दिइन्छ । अनुप्रास, यमक, श्लेष जस्ता शब्दालङ्कार र उपमा, रुपक, उत्प्रेक्षा, दृष्टान्त,अर्थान्तरन्यास, अतिशयोक्ति जस्ता अर्थालङ्कारका माध्यमबाट कविले आफ्नो कवितामा सौन्दर्य सम्पुटित गर्दछ ।

### १.६.३ सामग्री विश्लेषण विधि

यो शोधकार्य गुणात्मक प्रकृतिको शोधकार्य हो । त्यसैले यस शोधकार्यमा सामग्री विश्लेषणका लागि विशेषतः निगमनात्मक विधिको उपयोग गरिएको छ भने सामान्यीकरण र निष्कर्षणका लागि आगमनात्मक विधिको उपयोग गरिएको छ । कृतिपरक सैद्धान्तिक आधारबाट कृतिको अध्ययन गर्ने काममा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । शोधकार्यमा आवश्यकता अनुसार कृतिगत साक्ष्यका आधारमा विषयको सत्यापन गर्ने काम भएको छ । यस हिसाबले हेर्दा शोधकार्यमा सामग्रीको विश्लेषणकार्य आगमनात्मक र निगमनात्मक दोहोरै तर्कपद्धतिका आधारमा गरिएको छ ।

## १.७ शोधकार्यको सीमा

सिद्धिचरण श्रेष्ठको 'मङगलमान' खण्डकाव्यको कृतिपरक अध्ययन गरिएको यस शोधपत्रमा कृतिको कृतिपरक अध्ययन गर्दा विशेषत; त्यसको वस्तुविधान र रूपविधानको अध्ययन गरिएको छ । खण्डकाव्यको वस्तुविधानको विश्लेषणका सन्दर्भमा कथावस्तु, पात्र, परिवेश, भाव वा विचारका साथै जीवनदृष्टि र लेखकीय पक्षधरताको अध्ययन गरिएको भने रूपविधानको विश्लेषणका क्रममा शीर्षक, संरचना, लय, भाषा, शैली, कथनपद्धति, बिम्बप्रतीक तथा अलङ्कारयोजनाको अध्ययन गरिएको छ । यही नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.८ शोधपत्रको रुपरेखा

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : सिद्धिचरण श्रेष्ठको परिचय र खण्डकाव्यात्मक प्रवृत्ति

तेस्रो परिच्छेद : 'मङ्गलमान' खण्डकाव्यको वस्तुविधान

चौथो परिच्छेद : 'मङ्गलमान' खण्डकाव्यको रूपविधान

पाँचौ परिच्छेद : शोधनिष्कर्ष

## परिच्छेद दुई

# 'मङ्गलमान'का रचनाकारको परिचय र खण्डकाव्यात्मक प्रवृत्ति

## २.१ 'मङ्गलमान' खण्डकाव्यका रचनाकार सिद्धिचरण श्रेष्ठको परिचय

### २.१.१ जीवनीगत परिचय

नेपाली साहित्य क्षेत्रका एक सशक्त स्रष्टा तथा साहित्यकार सिद्धिचरण श्रेष्ठको जन्म वि.स. १९६९ जेठ ९ गते मङ्गलबार शुक्ल पञ्चमीका दिन बिहान ९:४५ मा सगरमाथा अञ्चलको ओखलढुङ्गा जिल्लाको ओखलढुङ्गा बजार (हाल सिद्धिचरण नगरपालिका) मा भएको थियो । उनका बाबुको नाम विष्णुचरण श्रेष्ठ र आमाको नाम नीर कुमारी श्रेष्ठ हो । उनी आफ्ना बाबुआमाका तेस्रो सन्तान तथा एक्लो पुत्र हुन् । उनका बाबु विष्णुचरण श्रेष्ठ 'सुमती' उपन्यासका लेखक थिए । विष्णुचरण श्रेष्ठ वि.स.१९९८ सालमा ओखलढुङ्गा जिल्लाको खरिदार पनि भएका थिए । मध्यम वर्गीय परिवार भएकाले उनको बाल्यकाल माताको न्यानो काख र पिताको मीठो प्यार अनि दिदीहरुको रमाइलो संसारमा जन्मस्थल ओखलढुङ्गामै बितेको थियो । आफ्नी आमाको धार्मिक आस्थाका कारण सिद्धिचरण श्रेष्ठमा पनि त्यसको प्रभाव परेको देखिन्छ ।

स्वाध्ययनले बौद्धिकताको उचाइ प्राप्त गरे पनि सिद्धिचरण श्रेष्ठले ८ कक्षासम्मको मात्रै औपचारिक शिक्षा हासिल गरेको पाइन्छ । आफ्नो बाल्यकालमा उनलेउपयुक्त समयमा उचित शिक्षा भने पाउन सकेनन् । तत्कालीन समयमा ब्राह्मणका शिशुहरुलाई मात्र घरघरमा सामान्य रुपमा वेद, रुद्री चण्डी पढाइन्थ्यो । अन्य जातजातिलाई पठनपाठनको उपयुक्त अवसर मिल्दैनथ्यो । उनले ७ वर्षको उमेरमा बाह्रखरी मात्र चिनेका थिए । वि.स.१९७६ सालमा उनका बाबु विष्णुचरण श्रेष्ठ खरदार पदबाट खोसिएपछि उनको परिवार काठमाडौँमा बसोबास गर्न थालेको देखिन्छ । त्यतिबेला राजधानीमा पनि त्यति विद्यालयहरु खुलेका थिएनन् । दरबार स्कुल भाषा पाठशाला मात्र थियो । त्यस भाषा पाठशालामा विशेषगरीब्राह्मण कुलका बालकहरु मात्र वेद, रुद्री पढ्न पाउँथे । त्यसैले श्रेष्ठ काठमाडौँ प्रवेश गरेको ३ वर्षसम्म आमाको पूजापाठमा पछि लाग्नुको कुनै विकल्प भएन । वि.स.१९७८ सालमा ९ वर्षको उमेरमा दरबार स्कुलमा ३ कक्षामा भर्ना भए पछि भने औपचारिक शिक्षा उनको आरम्भ भयो । उनलाई पढ्न त कुनै

कठिनाइ भएन तर बालस्वतन्त्रताको मनोविज्ञानका कारण उनले अध्ययनमा हुनुपर्ने लगनशीलता, परिश्रमशीलता हठात् आर्जन गर्न भने सकेनन् । कक्षा पाँचमा बालकृष्ण सम नेपाली शिक्षक थिए, उनलाई लेखनाथ, भानुभक्तका कवितामा रस बस्दै गयो । नेपालीमा आकर्षण बढेकोमा यसमा राम्रो अङ्क ल्याएपनि हिसाबमा भने उनको कमजोरी थियो । यसरी सफलता र असफलताको चक्करमा उनले वि.स.१९८६ मा कक्षा ८ मा पुगेपछि स्कुल छोडे । औपचारिक शिक्षा समापन भए पनि श्रेष्ठले घरमा स्वतन्त्र अध्ययन गर्ने बानी बसालिसकेका थिए । अन्ततः उनको अनौपचारिक अध्ययनक्रमशः बौद्धिक-विकास, उत्तरोत्तर उन्नति र प्रगतिको शृङ्खलातर्फ लम्कदै जान थाल्यो । बिस्तारै बिस्तारै उनमा कवितातिरको अनुराग पनि बढ्दै गयो ।

सिद्धिचरण श्रेष्ठले आफ्नो जीवनकालमा विभिन्न सामाजिक तथा साहित्यिक क्षेत्रमा कार्य गरेको देखिन्छ । वि.स.१९९० सालको विनाशकारी भूकम्पमा लगभग ७७६३ जना नेपालीले ज्यान गुमाउनु परेको थियो । उद्धारको निमित्त भूकम्पपीडितोद्धार समिति गठन भएको थियो । यस समितिमा श्रेष्ठ कारिन्दा पदमा भर्ना भएका थिए । यसमा युवाहरु सक्रियतापूर्वक खटिएर चार लाखको बजेट तयार गरेका थिए । विभिन्न उत्साही युवाहरुले दिलो ज्यान दिए तर त्यहाँका शासक वर्ग भने सो रकम हिनामिना पार्न क्रियाशील थिए । श्रेष्ठले भने इमानदारी र निस्वार्थ भावनाले आफ्नो भूमिका निभाए तसर्थ उनलाई ‘भुकम्पतक्मा’ प्रदान गरियो । भूकम्पपीडितोद्धार समितिमा ४/५ महिना काम गरेपछि सिद्धिचरण श्रेष्ठले वि.स. १९९१ देखि १९९७ सम्म ‘शारदा’साहित्यिक मासिक पत्रिकाको सम्पादन गरेको पाइन्छ । १९९७ कार्तिक महिनामा श्रेष्ठ विद्रोही कविता लेखेबापत २००२ सालसम्म करिब पाँच बर्ष जेल परे । २००५ सालदेखि २००७ सालसम्म उनले गोरखापत्रको सम्पादकको जिम्मेवारी पाएको देखिन्छ । २००७मा गोरखापत्रको सम्पादकबाट राजिनामा दिएपछि उनले दैनिक आवाज पत्रिकाको प्रधान सम्पादक भै काम गर्न थाले । यसै अवधिमा श्रेष्ठले ‘गैह्र कानुनी शान्ति समिति’, ‘नेपाल लेखक संघ’, ‘शहिद स्मारक समिति’, ‘जनककेन्द्र’ आदिजस्ता संस्थाहरुमा सभापतिको भूमिकामा कार्य गरेको पाइन्छ । वि.सं.२०१२ सालमा श्रेष्ठले निजी रुपमा ‘कविता’ पत्रिकाको सम्पादन गर्न थाले । वि.स.२०१८ सालपछितत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले उक्त पत्रिका निकाल्न थालेपछि श्रेष्ठ प्रधान सम्पादक र प्रकाशनको रुपमा रहिरहे । वि.स.२०२२ साल शरदको वर्ष १ अंक ४ देखि श्रेष्ठले

उक्त पत्रिकामा काम गर्न छाडे र स्थापना कालदेखि २०२१ सम्म सदस्यको रुपमा कार्यरत उनी तद्पश्चात् नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य भए । २०२२ सालमा श्रेष्ठ पुनः शारदा पत्रिकाका सम्पादक भए । यस्तै कविता योजनाका संस्थापक श्रेष्ठले केही वर्षसम्म नेपाली पहिलो दैनिक खबर कागजका प्रधान सम्पादक भए ।

सिद्धिचरण श्रेष्ठले विभिन्न देश, विदेशमा भएका सङ्गठन र सम्मेलनमा नेतृत्व गरी जिम्मेवारी वहन गरेका छन् । उनले वि.स.२०१३ मा श्रीलङ्कामा भएको 'विश्व शान्ति सम्मेलन'मा नेपालको प्रतिनिधित्व गरेका थिए भने २०१४ सालमा नेपालबाट चिन गएको प्रतिनिधि मण्डलको नेतृत्व गरेका थिए । उनी २०२१ सालमा मास्को र फिनल्याण्डमा आयोजित 'युवक सम्मेलन'मा नेपाली टोलीको नेताका रुपमा गएका थिए भने २०२३ सालमा पेकिङ्गमा भएको 'अफ्रो एसियाली विश्व शान्ति समिति'मा पनि नेतृत्व प्रदान गरी श्रेष्ठले नेपाललाई विदेशी मञ्चमा चिनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

सिद्धिचरण श्रेष्ठले आफ्नो जीवनकालमा राजनीतिका क्षेत्रमा पनि सक्रिय उपस्थिति जनाइरहेको पाइन्छ । उनको राजनैतिक जीवनको प्रवेश सामाजिक कार्यबाट र विद्रोही कविताबाटै भएको हो । १९९० सालको भूकम्पमा भूकम्पपीडितोद्धार समितिमा कार्य गर्दा शासक वर्गले रकम हिनामिना गरेको थाहा पाएपछि उनमा शासकवर्गप्रति आक्रोश भाव जागृत हुन थाल्यो । उनले समाजमा रहेको छुवाछुत प्रथालाई समाजको रोग मान्न थाले । क्रमशः उनी समाजवादी विचार भएका परिवर्तनकारी व्यक्तित्व बन्दै गए । त्यसै समयमा उनको गङ्गालालश्रेष्ठ, दशरथ चन्द, टङ्कप्रसाद आचार्यजस्ता राजनीतिकर्मीसँग सम्पर्क भयो । तत्कालिक समयमा नेपाली जनतालाई राणाहरुले सताएकोमा आक्रोशित कर्मठ युवाहरुले प्रजापरिषद्को गठन गरे । यस संस्थामा श्रेष्ठको पनि सक्दो समर्थन थियो । उनको र अन्य युवाहरुमा फरक यति नै थियो कि अरुले क्रान्तिकारी भाषण र नाराहरु लगाएर जनविद्रोह गर्थे भने श्रेष्ठले कविताका माध्यमबाट विद्रोह गर्थे । राणाशासनका विरुद्धमा विद्रोहको भावना पनि जनसमाजमा विभिन्न तवरले बढ्दै गएको थियो । राणाशासन विरुद्ध घोर निन्दा गरी कविता लेख्न थालेका श्रेष्ठको प्रथम विद्रोही कविता 'वर्षा'मा "क्रान्ति विना हुँदैन सुख स्वच्छ शान्ति" भन्दै युवाहरुलाई क्रान्ति र सङ्घर्षको लागि आह्वान गरेको पाइन्छ ।राणा शासनका विरुद्धमा कविता रचना गरेको पाइएपछि शासकवर्गको उनी माथि कुदृष्टि परेको र वि.स.१९९७ साल कार्तिक २ गते उनलाई हतकडी

सहित १२ वर्ष जेल सजायको लागि घोषणा हुन्छ । मातृभूमिप्रतिको अगाध प्रेमले पिरोलिएका श्रेष्ठ जेलभित्र पनि चुप लागेर बसेनन् । उनले तत्कालिक शासनव्यवस्थाका विरुद्ध क्रान्तिको शङ्खघोष गरी कविताहरु लेखिरहे । १२ वर्षका लागि थुनिएका श्रेष्ठ २००२ सालमा ५ बर्षपछि जेलमुक्त भए ।

देश र जनताको निमित्त सधैँ सङ्घर्षशील श्रेष्ठले २००७ सालको जनक्रान्तिमा पनि आफ्नो बलबुताले भ्याएसम्म सहयोग गरे । २००७ सालमा राणशासनको अन्त्य र प्रजातन्त्र प्राप्तिमा उनको उल्लेखनीय भूमिका थियो । तद्पश्चात् भने श्रेष्ठविभिन्न संघ संस्थामा सामाजिक, राजनैतिक रुपमा कार्यरत भइरहे । यसका अतिरिक्त उनको साहित्य सिर्जना पनि फस्टाउदै गएको छ । उनले आफ्ना रचना मार्फत सामाजिक तथा राजनैतिक रुपमा भएका विकृतिको चिरफार गर्दै व्यङ्ग्यको झटारो पनि हानिरहे । यसरी श्रेष्ठले आफ्नो जीवन अवधिमा विभिन्न माध्यमबाट विद्रोह गरी सामाजिक तथा राजनीतिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । अन्तत; नेपाली साहित्यको क्षेत्रमा बहुप्रतिभाशाली व्यक्तित्वको पहिचान दिन सफल युगकवि सिद्धिचरण श्रेष्ठको देहावसान वि.स. २०४९ जेठ २२ गते शुक्ल पञ्चमी तिथिकै दिन भएको थियो ।

### २.१.२ साहित्यिक परिचय

युगकवि सिद्धिचरण श्रेष्ठ सानै उमेरदेखि नै साहित्य प्रति चासो राख्ने गर्थे । कक्षाकोठामा पढ्दा भानुभक्त र लेखनाथको कवितालाई गुरु बालकृष्ण समले लय हालेर वाचन गरेपछि नै उनलाई त्यस्तै कविता लेख्ने प्रेरणा मिलेको पाइन्छ । त्यसैले उनले पाँच कक्षादेखिनै कविता लेख्ने गरेको र सोही कविताहरु कोपिलामा प्रकाशित भएका थिए । वि.स. १९९० सालको नरसंहारकारी भूकम्पका कारण प्राकृतिक बीभत्स स्वरुपलाई श्रेष्ठले देखेका र भोगेका थिए । त्यसैलाई संवोधन गर्दै उनको त्यसैवर्ष 'भुइँचालो' शीर्षकको कविता गोरखापत्रमा प्रकाशन भएको थियो । यसै कविताबाट नेपाली साहित्यमा उनको साहित्यिक जीवन प्रारम्भ भएको मानिन्छ । नेपाली साहित्यको क्षेत्रमा फुटकर कविता, खण्डकाव्य, निबन्ध, नाटक, जस्ता विधामा कलम चलाएका श्रेष्ठको मुख्य सिर्जन विधा भने कविता नै रहेको पाइन्छ । उनका एक दर्जन **भन्दा बढी फुटकर कविता,** सात ओटा कविता सङ्ग्रह, नौ ओटा खण्डकाव्य, एउटा निबन्ध सङ्ग्रह र दुई ओटा

नाटक नेपाली भाषामा प्रकाशित रहेका छन् । यसका अतिरिक्त श्रेष्ठका तीन ओटा कविता नेपाल भाषामा प्रकाशित भएको पाइन्छ ।

साहित्यको क्षेत्रमा एक दर्जनभन्दा बढी फुटकर कविता श्रेष्ठका प्रकाशित भएका छन्, तिनीहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित रहेका छन् । 'जुनेली रातमा निर्झर', 'प्रात:कालीन किरण' वि.स.१९९१, शारदा पत्रिकामा प्रकाशित कविता हुन् । 'एक्लै हिँड्न मन लाग्छ' २०१० प्रगतिमा 'एक्लै तास खेल्दा' र 'या निशा सर्वभूतानाम्' २०१२ मा नवनिर्माण पत्रिकामा प्रकाशित भएका थिए । त्यस्तै 'जीवन र मृत्यु' २०२२ रत्नश्री, 'बाँचिरहेको आवाज' २०२३ रमझम, 'बिहेपछि' २०२५, रत्नश्री, 'करवीर मसान' २०४१, मधुपर्क, 'कुहिरो र घाम' २०४२, मधुपर्क, 'मृत्युको सुरिलो स्वर' २०४४, मधुपर्क, गणेश-बन्दना २०४५, मधुपर्क, 'मेरो कविता पढ्नेहरु' २०४८, मधुपर्क र 'नयाँ युगको आगमन' २०४९, बगर, जस्ता पत्रिकामा उक्त कविताहरु प्रकाशित भएका थिए । त्यस्तै उनका कविता सङ्ग्रहहरु 'कोपिला' वि.स. २०२१ मा, 'मेरो प्रतिबिम्ब' वि.स. २०२१मा, 'कुहिरो र घाम' वि.स. २०४५ मा, 'सिद्धिचरणका प्रतिनिधि कविता' वि.स. २०४५, 'बाँचिरहेको आवाज' २०४६, 'तिरमिर तारा' वि.सं. २०४६ र 'झिलिमिलि जूनकीरी' वि.सं. २०५९ प्रकाशित छन् ।

श्रेष्ठको अर्को सिर्जनशील क्षेत्र भनेको खण्डकाव्य हो । उनका नेपाली साहित्यमा धेरै खण्डकाव्यहरु रचना भएपनि प्रकाशनका दृष्टिमा केही पछाडि परेको पाइन्छ । उनले रचना गरेका र प्रकाशित खण्डकाव्यहरु करिब डेढ दर्जन रहेको पाइन्छ । तिनमा 'जुवा' (र.१९८७ प्र.२०२१), 'जूनकीरी' (र.१९९५ प्र.२०५९), 'विश्वव्यथा' (र.१९९६ प्र.२०३१), 'उर्वशी' ( र.१९९७प्र.२०१७), 'ज्यानमारा शैल' (र.२००० प्र.२०२३), 'कान्तिमती' (र.२००४ प्र.२०७२), 'शवरी' (र.प्र.२००४), 'आँशु' (र.२००४ प्र.२०५०), 'युद्ध र शान्ति' (र.२००९ प्र.२०७४), 'मङ्गलमान' (र.२०१८ प्र.२०४९), 'मूल बाटो' (र.२०२० प्र.२०४५), 'भीमसेन थापा' ( र.२०२२-२०४२ प्र.२०६०), 'मेरो नेपाल' (र.प्र.२०३९), 'आत्मबिलौना' (र.२०४० प्र.२०६३), 'देवघाट' (र.२०४१ प्र.२०४५), आदि खण्डकाव्यहरु हुन् । यी मध्ये पाँच ओटा खण्डकाव्य उनको जीवनकालमै प्रकाशित र बाँकी खण्डकाव्य उनको मृत्यु पश्चात् प्रकाशित भएको पाइन्छ ।

कवि सिद्धिचरण श्रेष्ठको विधागत रुपमा हेर्दा काव्य विधामा विशेष जोड दिएको पाइन्छ ।काव्य विधामा पूर्ण सफलता ग्रहण गरेका श्रेष्ठले नाटक र निबन्ध विधामा पनि कलम चलाएको पाइन्छ । उनको 'नमस्कार' शीर्षकको निबन्ध बर्ष ३५, अङ्क ३, साउन २०५९, मधुपर्क, पृ. ११-१२ मा प्रकाशित भएको छ । त्यस्तै नाटक विधामा उनको कृति 'चोर' वर्ष ६, अङ्क ११, कार्तिक २०४५, गरिमा पृ. ७१ मा प्रकाशित थियो भने 'बालिबध' पद्य नाटक २०६७ मा प्रकाशित भएको पाइन्छ ।

नेपाली साहित्यको क्षैत्रमा विविध विधामा कलम चलाएका श्रेष्ठले नेपाली भाषाका अतिरिक्त नेवारी भाषामा पनि कविता लेखेर साहित्यको भकारी भर्न मद्दत गरेका छन् । उनका नेवारी भाषामा 'सीस्वाँ' (वि.स. २००७), 'फूस्वाँ' (वि.स. २०१७) र 'ग्वय्स्वाँ' (वि.स. २०४७) शीर्षकको तीन ओटा कविता प्रकाशित भएका छन् ।

नेपाली साहित्यको क्षेत्रमा एक बहुमुखी स्रष्टाका रुपमा उदाएका श्रेष्ठ विशिष्ट साहित्यकारको रुपमा चिर परिचित छन् । उनले पद्य तथा कविता क्षेत्रलाई बढी प्राथमिकता दिएर आफ्नो काव्य साधना गरेपनि उनमा प्रकाशित धेरै जसो कृति चर्चित तथा उच्च कोटिमा परेका छन् । नेपाली साहित्यमा स्वच्छन्दतावादलाई आत्मसात गरी कविता रचना गर्ने कवि श्रेष्ठ प्रकृतिप्रमी पनि हुन् । उनले प्रकृतिलाई आफ्ना रचनामा स्थान दिइएको पाइन्छ ।

## २.२ सिद्धिचरण श्रेष्ठको खण्डकाव्य यात्रा र प्रवृत्ति

नेपाली साहित्यको क्षेत्रमा करिब छ दशक लामो काव्य साधनामा गर्ने युगकवि सिद्धिचरण श्रेष्ठ एक अग्रणी स्रष्टाको रुपमा परिचित रहन सफल छन् । उनले नेपाली पद्य क्षेत्रमा बिशेषतः राम्रो ख्याति कमाएको पाइन्छ । स्वच्छन्दवादी-प्रगतिवादी धारामा कलम चलाएर आफ्नो नामलाई साहित्याकाशमा सदा अमर तुल्याउन सफल कवि श्रेष्ठले उनी परलोक भए पनि उनका कृति मार्फत पाठकलाई उनको उपस्थितिको महसुस गराएका छन् । उनको काव्य लेखनको क्षेत्रमा खण्डकाव्य क्षेत्र फस्टाएको पाइन्छ । उनको खण्डकाव्यलाई चरणगत रुपमा हेर्दा मूलतः तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ :

**१) प्रथम चरण (१९८७-२००७)**

यो चरण उनको काव्य लेखनको सुरुवातको चरण हो । यस चरणमा उनले स्वच्छन्दतावादी प्रगतिवादी भावधारा तथा विद्रोहात्मक रुपमा आफ्नो लेखनशैली तीव्र बनाएका छन् । तात्कालिक राणाशासनको जर्जर अवस्थामा उनले आफ्ना काव्य मार्फत विरोध गरेका थिए । 'जुवा' (१९८७) उनको लेखनको हिसाबमा प्रथम खण्डकाव्य रहेको छ । त्यसपश्चात् 'जुनकीरी' (१९९५) चर्चित खण्डकाव्य हो । यसमा जुरे र जुनकीरीको अन्तरजातीय प्रेमकथा सफल रहनु तथा जुनकीरी जस्ता साहसी नारीलाई खण्डकाव्यको केन्द्रीय पात्रको चयन गर्नु तात्कालिक समयमा श्रेष्ठको नवीन प्रस्तुति रहेको पाइन्छ । त्यस्तै 'विश्वव्यथा' (१९९६), 'उर्वशी' (१९९७), 'ज्यानमारा शैल' (२०००), 'कान्तिमती' (२००४), 'शवरी' (२००४), 'आँशु' (२००४) खण्डकाव्य यस चरणमा पर्दछन् ।

मुख्यतः स्वच्छन्दतावादी धारामा काव्य सिर्जना गर्ने खण्डकाव्यकार श्रेष्ठका पहिलो चरणका खण्डकाव्यमा सामाजिक, पौराणिक, ऐतिहासिकजस्ता विषयवस्तुको चयन गरिएको पाइन्छ । सामाजिक जनजीवनलाई प्रस्तुत गर्नुका साथै समाजमा भएका जातीय तथा वर्गगत भेदभावलाई उनले खण्डकाव्यमा स्थान दिएका छन् । नारीवादी लेखन (जुनकीरी, उर्वशी) तथा नारी पात्रलाई प्रमुख भूमिकामा उभ्याएर समाजमा रहेका कुसंस्कारको अन्त्य गर्न अग्रसर तुल्याउँदै तिनीहरुलाई नै त्यसका लागि प्रोत्साहन गर्नुजस्ता प्रवृत्ति यस चरणमा खण्डकाव्यमा पाइन्छन् । सामाजिक शोषणप्रतिको विद्रोह र समानताको निम्ति मानवीय आकाङ्क्षा सशक्त रुपमा प्रक्षेपण गरिएको क्रान्तिकारी प्रवृत्ति भएको 'आँसु' खण्डकाव्य पनि यस चरणमा रचना भएको छ । त्यस्तै श्रेष्ठले यस चरणमा शोककाव्यात्मक ढाँचाको 'विश्वव्यथा' खण्डकाव्य पनि रचना गरेका छन् । उनले आफ्नो पुत्र विश्वचरणश्रेष्ठको अकल्पनीय मृत्युपश्चात् यो खण्डकाव्य रचना गरेका हुन् । त्यस्तै अध्यात्मवाद र भौतिकवादको द्वन्द्वरहनुको साथैप्रेम प्रसङ्गलाई खण्डकाव्यमा प्रस्तुत गर्नु, स्वच्छन्दलेखन, प्रकृतिचित्रण, जीवनबोधी अभिव्यक्तिले खण्डकाव्यमा सौन्दर्यमूल्यको खोजी गर्नु जस्ता प्रवृत्तिहरु श्रेष्ठको खण्डकाव्य लेखनको प्रथम चरणमा पाइन्छ।

**२) दोस्रो चरण (२००८-२०२३)**

२००२ सालमा कारागार बाहिर निस्केपछि साहित्य लेखनमा  पनि उनी क्रमशः स्वच्छन्दतावादी वाग्धारालाई परित्याग गर्दै सामाजिक यथार्थवादतिर ढल्केपनि २००८ पछि भने उनी पूर्ण रुपमा कृतिमार्फत सामाजिक यथार्थलाई चित्रण गरेका छन् । यस चरणमा श्रेष्ठले 'युद्ध र शान्ति' ( २००९), 'मङ्गलमान' (२०१८), 'मूल बाटो' (२०२०), 'भीमसेन थापा' (२०२२) आदि खण्डकाव्य रचना गरेका छन् ।

देश र जनताको लागि परिवर्तनगामी विचारका साथ अघि बढेका श्रेष्ठका रचनामा २००७ सालको राजनैतिक परिवर्तन तथा प्रजातन्त्रको आगमनपश्चात् केही पृथक रहेको पाइन्छ । श्रेष्ठको दोस्रो चरणका खण्डकाव्यगत प्रवृत्तिलाई हेर्दा बिशेषतः सामाजिक यथार्थवादी एवम् ऐतिहासिक राजनैतिक घटनालाई खण्डकाव्यमार्फत प्रस्तुत गरेको पाइन्छ । यस चरणका खण्डकाव्यमा समसामयिक विषयवस्तुको उठान गरी काव्यमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।विश्वको युद्धजन्य परिवेशलाई मुखरित गर्ने मानवतावादी एवम् शान्तिको सन्देशमा आधारित सामाजिक खण्डकाव्यको रचना यस चरणमा गरिएको छ । त्यस्तै ऐतिहासिक पात्रलाई खण्डकाव्यमा उपस्थित गराई तत्कालिक समयमा रहेको राजनैतिक अस्थिरता र सामाजिक विकृतिका कारण भोग्नुपरेको घटनाक्रमलाई काव्यमार्फत प्रस्तुत गर्नु जस्ता प्रवृत्ति यस खण्डकाव्यमा पाइन्छ ।

**३) तेस्रो चरण (२०२४-२०४६)**

यो चरण श्रेष्ठको काव्यलेखनको उत्तरार्ध चरण पनि भन्न सकिन्छ । यस चरणसम्म आइपुग्दा उनको काव्य लेखनमा केही सुस्तता पाइन्छ । 'मेरो नेपाल' (२०३९), 'आत्मविलौना' (२०४०), 'देवघाट' (२०४१), 'कान्तिमती' (२०३४) आदि खण्डकाव्य यस चरण अन्तर्गत पर्दछन् ।

सिद्धिचरण श्रेष्ठका तेस्रो चरणका खण्डकाव्यले उनलाई राष्ट्रप्रतिको मोह तथा देशप्रेमी कविका रुपमा चिनाएको पाइन्छ । यस चरणमा उनले आत्मपरक खण्डकाव्य पनि रचना गरेका छन् । यस्ता खण्डकाव्यहरुमा उनले आफ्नो जीवनमा गर्न नसकेका कुराहरु अभिव्यक्त गर्न पुगेका छन् । शारीरिक अवस्था पनि कमजोर हुँदै गएको यस अवस्थामा आइपुग्दा पनि देशलाई केही दिन नसकेको भन्दै कविले यस चरणका खण्डकाव्यमा आफ्ना मनोभाव व्यक्त गरेका छन् । यस चरणका खण्डकाव्यमा वैराग्य भावको अभिव्यक्ति समेत प्रशस्त झल्किएको छ । स्वच्छन्दतावादी

खण्डकाव्यकार भएर पनि श्रेष्ठले शिखरिणी छन्दको सफल प्रयोग गरी परिष्कारयुक्त 'आत्म-बिलौना' काव्य रचना गर्नु यसको अर्को वैशिष्ट्य मानिन्छ ।

खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको खण्डकाव्यमा मूलतः पौराणिक, सामाजिक, ऐतिहासिक तथा राजनैतिक घटनालाई विषयवस्तुगत रुपमा रहेको देख्न सकिन्छ । खण्डकाव्य लेखनको पूर्वार्द्धदेखि उत्तरार्ध समयसम्म नै उनले सबै विषयवस्तुलाई उत्तिकै महत्व दिएको पाइन्छ । उनको 'उर्वशी' खण्डकाव्यमा पौराणिक विषयवस्तु पाइन्छ । यसको कथावस्तु महाभारतको वनपर्वबाट लिइएको छ । त्यस्तै उनको खण्डकाव्यमा सामाजिक यथार्थवादलाई विषयवस्तुगत रुपमा चित्रण गर्नु पनि अर्को वैशिष्ट्य मानिन्छ । समाजमा हुने वर्गगत, जातिगत भेदभाव र त्यसले समाजमा निम्त्याएको असमानता तथा विकृतिलाई उनले आफ्ना कृतिमार्फत व्यक्त गरेका छन् । उनका 'जुनकीरी', 'युद्ध र शान्ति', 'मङ्गलमान' आदिजस्ता खण्डकाव्य यसका उदाहरण हुन् । त्यस्तै उनको खण्डकाव्यमा ऐतिहासिक तथा राजनैतिक घटनालाई पनि विषयवस्तुको रुपमा चयन गरिएको पाइन्छ । 'भीमसेन थापा', 'कान्तिमती' खण्डकाव्य यसअन्तर्गत पर्दछन् ।

श्रेष्ठको खण्डकाव्यमा पात्रचयनगत दृष्टिमा थोरै पात्रको संयोजन गरिएको पाइन्छ । उनका खण्डकाव्य प्रायः चरित्रप्रधान देखिन्छन् । ऐतिहासिक घटना र पात्रलाई आफ्ना काव्यमा स्थान दिनु र उनीहरुकै परिप्रेक्ष्यमा कथावस्तु घुम्नु उनको अर्को वैशिष्ट्य मानिन्छ । त्यस्तै खण्डकाव्यमा प्रयुक्त पात्रहरुको स्वभाव प्राय : गतिशील रहेको हुन्छ, जसमा पात्रकै कमजोरीको कारण खण्डकाव्य दुखान्तमा परिणत हुने गर्दछ । त्यस्तै श्रेष्ठले नारी पात्रलाई आफ्नो खण्डकाव्यमा प्रमुख स्थान दिनु र तथा नारी प्रधान खण्डकाव्य रचना गर्नु पनि उनको अर्को महत्वपूर्ण विशेषता रहेको पाइन्छ । त्यस्तै तत्कालिक समय सापेक्ष शोषक वर्गको विरोधमा क्रान्तिकारी चरित्र खण्डकाव्यमा उतारी पाठकलाई शासक वर्गप्रति आक्रोशित बनाउनु आदि जस्ता पात्रगत विशेषता श्रेष्ठको खण्डकाव्यमा पाइन्छ ।

त्यस्तै श्रेष्ठका खण्डकाव्यमा परिवेशगत विधानका दृष्टिले हेर्दा काव्य अनुकूलको स्थान, समय, र वातावरण तय गरिएको पाइन्छ । विशेषतः प्राकृतिक सुन्दरतालाई कलात्मक ढङ्गद्वारा आफ्ना काव्यमा समायोजन गर्ने श्रेष्ठका खण्डकाव्यमा प्रकृतिको मनोहर दृश्यहरु बिम्ब तथा प्रतीकको रुपमा पाठकको मानसपटलमा झल्किने गर्दछ । त्यस्तै उनका खण्डकाव्यमा आन्तरिक तथा

बाह्य द्वन्द्वको सबल प्रयोग पाइन्छ । प्रेमी प्रेमिका बीचको वासनात्मक प्रेमलाई उठान गरी त्यसमा वर्ग विभेदका कारण त्यसबाट उत्पन्न द्वन्द्वलाई आन्तरिक रुपमा र राष्ट्रवादी भावनाले ओतप्रोत युवा र शोषक वर्ग बीच भएको बाह्य रुपमा देखाउनु उनको खण्डकाव्यगत वैशिष्ट्य मानिन्छ ।

खण्डकाव्यकार श्रेष्ठको रसाभिव्यक्तिगत रुपमा प्राय श्रृङ्गार, वीर, रौद्र र करुण रसको प्रयोग पाइन्छ । उनको जुनकीरी, उर्वशी आदिजस्ता काव्यमा श्रृङ्गार रसको प्रयोग पाइन्छ । भीमसेन थापा, युद्ध र शान्ति आदि जस्ता खण्डकाव्यमा वीर रसको प्रयोग पाइन्छ भने क्रान्तिचेतको उपज 'मङ्गलमान' खण्डकाव्यमा रौद्र रसको प्रयोग पाइन्छ । आफ्नो छोरा विश्वचरणको निधन पश्चात् उनले विश्वव्यथा शोककाव्य रचना गरेका थिए जसमा करुण रसको बाहुल्यता पाइन्छ । यसरी खण्डकाव्य लेखनको क्रममा श्रेष्ठका खण्डकाव्यमा लयगत विविधता रहेको पाइन्छ ।

श्रेष्ठ नेपाली साहित्यको क्षेत्रमा 'क्रान्ति' शब्दको प्रयोग गरी कविता रचना गर्ने प्रथम कविका रुपमा परिचित स्रष्टा हुन् । तत्कालिक शासक वर्गप्रति खेद प्रकट गर्दै समतामूलक समाजको सिर्जना गर्नु उनको अभीष्ट रहेको पाइन्छ । जसमा निम्न वर्ग र उच्च वर्गबीचको विभेदको कारण निम्न वर्गले भोग्नुपरेको पीडादायक घटनालाई काव्यमा संमायोजन गरी शासक वर्गको विरुद्धमा प्रतिकार गर्नु जस्ता कुरा उनका खण्डकाव्यमा पाइन्छ । त्यस्तै नारी सशक्तता पनि उनको खण्डकाव्यमा प्रवल भेटिन्छ ।

कवि सिद्धिचरण श्रेष्ठका काव्य विधामा खण्डकाव्य लेखन पनि एउटा सफल विधा रहेको पाइन्छ । बाह्य संरचनागत दृष्टिमा हेर्दा उनका खण्डकाव्यहरु मुलतः डिभाइन साइजका पाइन्छ । आन्तरिक संरचनात्मक दृष्टिमा हेर्दा उनका काव्यमा सूक्ष्म आख्यानात्मक अभिव्यक्ति भने सशक्त रहेको हुन्छ । उनले काव्यमा आत्मपरक प्रकृति चित्रणको व्यापक प्रयोग गरेको पाइन्छ । उनका खण्डकाव्यले मात्रिक छन्दमा विशेष सिद्धि प्राप्त गरेको देखिन्छ । शिल्प शैली वा छन्द प्रयोगका दृष्टिले वर्णमात्रिक, लोकलयात्मक, मुक्त गद्यलय र संस्कृत वार्णिक छन्दको प्रयोग समेत उनका काव्यमा देखिन्छ ।

खण्डकाव्यकार श्रेष्ठ स्वच्छन्दतावादी कवि भएकाले उनको काव्यमा भाषाशैलीगत रुपमा स्वत;स्फूर्तता पाइन्छ । यो विशेषता स्वच्छन्दतावादी कविहरुमा पाइने विशेषता नै हो । सरल,

सहज र काव्य अनुकूलको भाषा तथा वर्णनात्मक शैलीको प्रयोग उनका काव्यमा पाइन्छ । प्रकृतिलाई मानववीकृत रुपमा चित्रण गरी लयात्मक अभिव्यक्तिका साथ उनले काव्यमार्फत पाठक सामू आनन्दानुभूति तथा मर्मस्पर्शीमूलक ढङ्गले काव्य मार्फत पस्किएका छन् ।

## २.३ निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा युगकविको उपाधि पाउन सफल कवि सिद्धिचरण श्रेष्ठ (वि.स. १९६९-२०४९) नेपाली साहित्यका स्वच्छन्दतावादी धाराका एक प्रतिष्ठित स्रष्टा हुन् । नेपाली साहित्यमा करिब ६ दशक लामो काव्यसाधनामा व्यतीत गरेका उनको काव्य लेखनको क्रममा खण्डकाव्य लेखन पनि एक सशक्त विधा रहेको पाइन्छ । जसलाई चरणगत रुपमा हेर्दा प्रथम चरण वि.स. १९८७-२००७, दोस्रो चरण वि.स. २००८-२०२३, र तेस्रो चरण २०२४-२०४६ सम्म गरी विभाजन गरिएको पाइन्छ । प्रकाशनका दृष्टिले भने उनका कृति हालसम्म पनि जारी रहेको देखिन्छ । वस्तुगत रुपमा खण्डकाव्य लेखनका दृष्टिमा उनका पूवार्द्धचरणका खण्डकाव्यमा तात्कालिक शासन सत्ताप्रति विद्रोही तथा क्रान्तिकारी प्रगतिवादी प्रवृत्तिका खण्डकाव्य रहेको छ । उत्तरार्ध तिरका खण्डकाव्यमा पौराणिक, सामाजिक तथा ऐतिहासिक प्रवृत्ति भएकाले केही पृथकता भने पाइन्छ । उनका खण्डकाव्यमा सरल, सहज भाषाको प्रयोग गरिएको र बोधगम्यता र आत्मपरक अभिव्यक्ति रहेको पाइन्छ ।

## परिच्छेद तीन

# ‘मङ्गलमान’ खण्डकाव्यको वस्तुविधान

कवि सिद्धिचरण श्रेष्ठद्वारा रचित ‘मङ्गलमान’ खण्डकाव्य क्रान्तिकारी विचारधारायुक्त खण्डकाव्य हो । यस खण्डकाव्यमा एक क्रान्तिकारी पात्रको जीवनसङ्घर्षलाई यथार्थवादी ढङ्गले देखाइएको छ । यसको रचनाकाल वि.स. २०१८-२० तिर भएको मानिए पनि यसको प्रकाशन भने वि.स. २०४९ मा भएको हो । नेपाल आमाको रक्षा गर्दै देश र जनताको निमित्त सदा सदा क्रान्तिको विगुल फुक्ने सङ्घर्षशील, समाज रुपान्तरणको परिकल्पना गर्ने मङगलमानको दर्दनाक मृत्युका कारण भाव विह्वल बनेका कविले त्यसै विषयमा आधारित भई यो खण्डकाव्य रचना गर्न पुगेको पाइन्छ । ‘मङ्गलमान’ खण्डकाव्यमा नायक मङ्गलमानको जीवन अवधिभरको बलिदानीपूर्ण त्याग, सङ्घर्षलाई कविता कलाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

### ३.१ कथावस्तु

मङ्गलमान खण्डकाव्यको कथावस्तु ऐतिहासिक यथार्थसँग निकट देखिन्छ । यो खण्डकाव्य अछुत नेता मङ्गलमान नेपालीको जीवनकर्मसँग सम्बन्धित रहेको छ । यस खण्डकाव्यमा मङ्गलमानको जन्मदेखि मृत्युसम्मका घटनावलीलाई समेटिएको छ । कृष्णचन्द्रसिंह प्रधानले मङ्गलमान नेपालीको परिचय दिँदै मङ्गलमान खण्डकाव्यको भूमिका ‘चेतनाको नयाँ स्रोत : मङ्गलमान खण्डकाव्य’मा लेख्छन् :

> हेर्दा ग्वाँजे-ग्वाँजे लाग्ने, पुड्को-पुड्को, कमिज सुरुवालमा सधैँभरि हतारहतार हिँडिरहने सर्वहारा अनुहारको मान्छे हो मङ्गलमान नेपाली । उनलाई नेपाली होवैन को भन्छ र ? तर थर नै नेपाली लाग्ने उपनाम राखेर समानता र राष्ट्रियताबोध गर्थे । डरभर र पीर चिन्ता क्यै नराख्ने, लड्ने-भिड्ने समाजको ज्युँदो यथार्थ र घुम्ती सूचना थिए । घर उनको असन, त्यौडटोल, नाउँ मङ्गलमान नेपाली, अछूतहरूका प्रिय नेता । भूगोल पार्क ममता, नेपाली दैनिक पत्रपत्रिकाहरूको सम्पादक, हरिजन स्कूलको संस्थापक,

> नेपाली समाजसुधार सङ्घका संस्थापक अध्यक्ष तथा नेपाल पाकिस्तान मैत्री सङ्घका सभापति थिए । घर-जेल, जेल-घर गर्दै इहलीला समाप्त गर्ने गरिबहरूका साथी मङ्गलमान मेरा पनि मित्र थिए । कविका निम्ति चाहिँ उनी थिए धरतीको ज्युँदो छोरो, सिर्जनाको मोती । उनै मङ्गलमानलाई चरित्र नायक बनाएर कवि सिद्धिचरणले यो खण्डकाव्य लेखेका हुन् । (श्रेष्ठ, २०६७ : ३)

ऐतिहासिक विषयवस्तुलाई लिएर खण्डकाव्यको रचना गरिएको भए पनि कतिपय स्थानमा आफ्नो कल्पनाका माध्यमबाट विषयवस्तुलाई काव्योपयोगी बनाउने प्रयास गरेको देखिने मङ्गलमान खण्डकाव्यको कथावस्तुको स्रोत ऐतिहासिकतासहितको उत्पाद्य अथवा मिश्रित बन्न पुगेको छ । एक्काइस भाग वा सर्गमा संरचित यस खण्डकाव्यको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत छ ।

'मङ्गलमान' खण्डकाव्यको आरम्भ इतिहासको कुनै एक क्रान्तिकारी व्यक्तिको निर्ममतापूर्वक भएको मृत्यु पश्चात् त्यसले कवि हृदयमा परेको काल्पनिक कुरालाई स्वप्निल बनाई गरिएको छ ।

मस्त निद तोडी मेरो भित्र कोही पस्छ

करुण शब्द "हेर" भन्दै चीसो याद पोख्छ । (१/१: १०)

खण्डकाव्यमा प्रमुख पात्र मङ्गलमानको जन्मदेखि मृत्युसम्मको घटनालाई समावेश गरिएको छ । मङ्गलमान एक क्रान्तिकारी विचारधारा भएको व्यक्ति हो । उसको जन्म वि.स. १९८२ साल साउन महिनामा भएको हो र उनका वाबुको नाम गणेशमान र आमाको नाम गणेशकुमारी हो । (श्रेष्ठ, २०६७; १४)

आमा गणेशकुमारी हुन् वाबु गणेशमान

बयासी साल साउन मैन्हा जन्म्यो मङ्गलमान (२/१५ : १४)

यसरी जन्म भएको मङ्गलमान वाबु आमाकै निगरानीमा आफ्नो बाल्यकाल व्यतीत गर्दछ । उसको आमावाबु आस्थिक भएका कारण ऊ पनि मन्दिर जाने, पूजा गर्ने जस्ता कार्यकलापमा रुची गर्दछ । तर पढ्ने कुरामा भने त्यति मन नगर्ने, हिँड्न, डुल्न मन पराउने गर्दथ्यो । १९९०

सालको विनाशकारी भूकम्पमा तहस नहस अवस्थामा सानै भएपनि मङ्गलमान सहयोगी भावनाका साथ उद्धारको निम्ति सहयोग कार्यमा जुट्न थाल्यो । त्यस अवस्थामा घर, मन्दिर सबै भत्किएको नेपाली जनजीवन निकै कहालीलाग्दो  अवस्था देखि मङ्गलमालाई सबैतिर हेर्दा नरकजस्तो लाग्दछ ।

कलिलो त्यो छातिभित्र नरक झैं लाग्छ ।

राजधानी काठमाण्डौ नरक झैं लाग्छ । (२/३० : १५)

तात्कालिक समयमा वर्ग विभेद, जाति विभेद जस्ता कुराले समाजमा उपल्लो वर्गले तल्लो वर्गलाई गर्ने व्यवहार निकै आडम्बरी थियो । त्यहाँ धनीमानी मानिने सुब्बाले आफ्नो छोराद्वारा सुन चाँदी चोरी हुँदा छोराको  साथीलाई आरोप लगाई कुटपिट गर्छ । यो कुरा मङ्गलमानलाई सह्य हुँदैन तसर्थ त्यस सुब्बाको घरमा इँटा हानेर भएपनि मङ्गलमानले आफूले प्रतिकार गर्ने साहस बटुल्छ ।

एकदिन त्यही सुब्बाको घरमा इँटा हानी

ऐना टुक्रा-टुक्रा पार्ने उसको छ कहानी । (३/१६:६)

यसरी जसले समाजमा अन्याय र शोषण गर्छ उही धनीमानी व्यक्ति बनेको तर दिनरात नभनी दुःख गर्नेले भने विहान बेलुका हातमुख जोर्न कठिन भएको स्थिति देख्दा मङ्गलमानमा देउता पुज्ने बानी बिस्तारै घट्दै जान्छ ।

वि.स. १९९७ सालमा राणाशासनले देश जर्जर भएको र त्यसको विरुद्धमा उत्रिदाँ चार जना महान योद्धाले ज्यान गुमाउन पर्‍यो । आफ्नो विरुद्धमा आन्दोलनमा उत्रिएको देखि राणाहरुले तीमध्ये कसैलाई गोली हानी हत्या गर्‍यो त कसैलाई फाँसी दियो ।

धर्मभक्त, शुक्रराज रुखमाथि फल्छन्

गङगा, दशरथ पनि तातो गोली खान्छन् । (४/१९:८)

यस्तो दृश्य मङ्गलमानले प्रत्यक्ष देख्छ । तिनीहरु हाम्रै निम्ति मरेका हुन् भन्ने उसलाई लाग्दछ तब या उसलाई छट्पट्टी हुन्छ । अनि राणाशासनको विरोध गर्दै क्रान्तिका होमिन्छ । यस्तो बेइलमी छोरो देखी उसको वाबु धैरै चिन्तित हुन्छन् र मङ्गलमानलाई जर्साबको चाकरीमा

जान भन्छन् । वाबुको वचन मानेर मङ्गलमान चाकरीमा जान थाल्छ । केही दिनपछि जर्साबले उसको साथीको नाम सोधी बताए लगत्तै जेल हाल्छन् । चाकरीकै क्रममा एकजना बुढो मानिसले जाँचमा राणाहरुको विषयमा उत्तर पुस्तिकामा लेख्यो भनी जेल हालेको कुरा सुनाए लगत्तै यी कुराले उसले अब चाकरी गरेर नवस्ने विचार गरी तत्काल चाकरी छोडी राणाशासनको विरुद्धमा खुलेआम लाग्न थाल्छ । उसकै नेतृत्वमा राणाहरुको विरुद्धमा आन्दोलनहरु हुन थाले । युवाहरुको पनि सशक्त सक्रियता रह्यो ।

चेतनाको विगुल फुक्दै युवाहरु झरे

राणाशाही विरुद्धमा बोल्ने आँट गरे । (५/२२:२८)

यसरी राणाविरोधी नाराहरु घन्किन थालेपछि मङ्गलमान लगायत धेरै जेल परे । जेलभित्रै पनि विभिन्न क्रियाकलापद्वारा आन्दोलन जारी राखे ।

कोही बस्थे अनशन मर्ने सुर बाधीँ

कोही गर्थे हडताल जेलभित्र आधीँ । (५/२२:३२)

यस्तो गर्दा उनीहरुले धेरै यातना भोग्नपर्‍यो झन् मङ्गलमानलाई त झन् नाइके भनी निर्मम यातना दिए । यसै बखतमा मङ्गलमानको घरमा विपत्ति आइपर्छ । पाँचसाले हैजाले गणेशमानको छोरो, छोरी र श्रीमतीको मृत्यु हुन्छ । गणेशमानको बिन्तिका साथ किरियाको निमित्त मङ्गलमानलाई रिहाई गरिन्छ । आफ्नो आमाको मृत्युमा मङ्गलमान धेरै भावविह्वल भई चिन्तित हुन्छ । आमाको सम्झनामा धेरै विलौना गर्छ । काजक्रिया सकिएपछि वाबुले माफी मागेर घरमै बस्न आग्रह गर्छ, तर मङ्गलमान देशमा ऊ जस्तै युवा र परिवर्तनको खाँचो रहेको र आफूले कुनै गल्ति नगरेको कारण एकदिन अवश्य क्रान्ति सफल हुने कुरा व्यक्त गर्दै पुनः जेलमा जान्छ । कष्टदायी, यातनापूर्ण व्यतित गर्दै जादाँ देशभरी क्रान्ति झन् उग्र हुँदै जान्छ । राजा, प्रजा सबैले साथ दिएपछि वि.स. २००७ सालमा राणाशासन ढल्यो र प्रजातन्त्र आयो । सबैजना खुसी भए मङ्गलमान पनि देशमा केही हुन्छ, भन्ने आशावादी बनेको हुन्छ । तर त्यो क्षण केही समय मात्र सीमित रहन्छ । सत्ताधारीहरुले सोझा सीधा जनतालाई घात गरे समान हुन्छ । टाठाबाठाहरुले सत्ता कब्जा गरे आफ्नो स्वार्थमा लाग्न सुरु गरे जनताका समस्यालाई व्यवास्था गरे ।

परिवर्तन भयो तर सुख भेटिएन

तिर्खाएको पथिकको तिर्खा मेटिएन । (८/२९:८)

यस्तो अवस्थाले मङ्गलमानमा झन् पीडा हुन्छ, र पुन; क्रान्ति गर्नुपर्ने ठान्छ । उसले साथीसँग सोही कुरा गर्छ तर सत्तामा पुगेको साथीले त्यति चासो नदेखाएको देखि मङ्गलमान आक्रोशित हुन्छ । एकदिन शहिदको सप्ताहको अवसर पारेर नयाँ जोस जाँगर थपियोस् भन्ने मनसायले सभा गरियो । त्यहाँ मङ्गलमान लगायत अन्य साथीले पनि समाजमा भएको वर्ग विभेदको कुरा उठाएर त्यसको उन्मुलनमा लाग्नुपर्ने कुरा प्रकाश पारे । तल्लो वर्गले चाँहि धेरै दुःख गर्ने तर सोही अनुरुपको बेतन नपाएको देखि मङ्गलमानले च्यामे, पोडे, कुचीकार सबै जम्मा गरी विरोध जुलुस गर्छन् । त्यसै बखत उनीहरु समातिन्छन् । सबैको समर्थनका कारण केही काम नगरे पश्चात् सरकार झुक्न बाध्य हुन्छ र तलब बढाउँछ । यस्तै क्रम जारी रहदा पुन; अर्को खुर्सानीको काण्ड मच्चिन्छ । स्वदेशी खुर्सानी विदेशिने गरेको तर स्वदेशको मानिसको परिपूर्ति नभई विदेशिने गरेकोले मङ्गलमान लगायत सबैले भन्सारमा गई खुर्सानी खोस्छन् । सबैको एउटै आवाज भएपछि स्थानीयको खाचो पछि मात्र बाहिरिने नियम बन्छ ।

यस्तै अन्याय शोषणको जगजगी रहेको समाजमा दुष्ट, पापी, जाली रहेको र जातिगत भेदभाव (बाहुन, क्षेत्री, वैश्य, शुद्र) छुट्याउने प्रवृत्ति मङ्गलमानलाई मन पर्दैनथ्यो । यस्तो समाज परिमार्जनको ध्येयले समाजमा अछुत भनी हेप्ने र शिक्षाबाट पनि बञ्चित बनाएको अछुतको बालबच्चा पढ्ने स्कुल खोलिदिन्छ ।

"हरिजन विद्याश्रम ज्योत्स्ना" नाम राखी

पोडेटोल, घुमीकन सबैलाई राखी (११/३५:९)

यसरी पसिनाको तेल हाली शिक्षाको दीप बाल्ने मङ्गलमानले यस्तो गरेको पाच्य हुदैन र सोही स्थानमा पुर्खा तार्ने धर्म भनी श्राद्ध गर्न लागेको देखी मङ्गलमानलाई रिस उठ्छ र पण्डितलाई गाली गर्दै मुखभरी थुकिदिन्छ । समाजमा अछुत कोही नहुन सबै मानिसलाई समान व्यवहार गर्नुपर्ने धारणा व्यक्त गर्दछ । ऊ छुवाछुत प्रथा हटाउन तथा अन्त्य गर्नको निमित्त पोडेटोलमै खाने बस्ने गर्दछ । समाजले उसलाई घृणाको दृष्टिले हेरेपनि उसले आफ्नो अडानबाट कत्तिपनि

पछि हट्दैन । तसर्थ उसले विवाह पनि एउटी च्यामिनीसँग गर्ने निर्णय गर्छ र विवाहको प्रस्ताव गर्दा च्यामिनीले समाजको डरले सो प्रस्ताव अस्वीकार गर्छे । ऊ निराश हुन्छ ।

यस्तै समाजमा अन्याय र शोषण झन् भीषण रुप लिदै गएको हुन्छ, एक दिन रानीपोखरीमा एउटा लाश भेटिन्छ । त्यो कसैले मारेर फालेको थियो, तर सो कर्तुत बाहिर नखुलोस् भनी डाक्टरले कालगतिले फदालेर मरेको भनी लेखिदिन्छ । जानाजानी यस्तो अन्याय गरेको देखी मङ्गलमानलाई यो कुरा सह्य हुदैँन र अस्पताल बाहिर गई गर्जिन थाल्छ ।

अस्पताल बाहिरबाट गर्ज्यो मङ्गलमान

डाक्टरको बिग्र्यो मति कालगतिले ह्वैन । (१४ ⁄ ४१:९)

यसरी मङ्गलमान लगायत अरुले पनि धर्ना बसेपछि डाक्टरको कुरा झुटा सावित गरी भयो र दोषी जेलमा पर्छ । मङ्गलमानले यस्तै गर्दै जाँदा ऊ समाजमा भएको अन्याय अत्याचारको घोर विद्रोह र आन्दोलन गर्नमा अग्रसर भएकोमा ऊ विनाको नारा जुलुस फिक्का हुन थाल्छ । नेताहरुले पनि आफ्नो स्वार्थ पूर्तिको लागि उसलाई हात लिन्थे र त्यसपछि बिर्सिदिन्थे । आफूलाई लौरौ बनाई खोला नाला तर्ने त्यसपछि लौरो फाल्ने प्रवृत्तिदेखि आक्रोशित मङ्गलमानको एक दिन भू.पू. मन्त्रीलाई न्यूरोडमा भेट हुन्छ, उसलाई झाको झार्छ ।

बनाउछु देश भनी ढोङ खुबै गर्थिस्

मन्त्री भएपछि तँ ता पशु जस्तै बनिस् । (१५ ⁄ ४४:१४)

थुक्क पशु ! घाँस खा जा ! छैन तँलाई लाज

तँ जस्ताले बनाएर बन्दैन समाज । (१५ ⁄ ४४:१५)

एकदिन मङ्गलमान विरामी अवस्थामा घरमा एक्लै भएको बेलामा एउटा चोर फूत्त पसेको देख्यो त्यो आफ्नै जेल बस्दाको साथी थियो । चोरले आफू चोर्न आएको तर यो तिम्रो घर भनी ज्ञात नभएको बताउँछ मङ्गलमानले आफू विरामी भएको बताएपछि उसले औषधी उपचारको लागि सहयोग गर्छ र रोग निको नहुन्जेल त्यही बस्छ । समय यस्तै क्रममा व्यतीत भइरहदा देशमा राजनीति तथा सामाजिक क्षेत्रमा भएको विकृति र त्यसलाई निर्मूल पार्नको निमित्त

मङ्गलमानले गरेको सङ्घर्ष महान भएपनि समाजमा शोषक, जाली, फटाहाहरुको शासनको कारण त्यसको कदर कहिल्यै हुन सकेन । टाठाबाठाहरुले सत्ता हात पारे तर आफ्नै स्वार्थ परिपूर्तिको निमित्त मात्र । जति विद्रोह आन्दोलन गरेपनि आखिरीमा देशमा केही परिवर्तनकामी विचार नआएको उस्तै अवस्थामा रहेको छ । जनताको आन्दोलनले शासन परिवर्तन भएपनि सत्ताधारीहरुको व्यवहार उस्तै रहेको पाइन्छ ।

उही सिसी उही भाँडो रङ्ग मात्र भिन्न

दोहोरिन्छ साविक नै नौलो केही हुन्न । (१७/४६:३)

यस्तो समाजमा वर्ग विभेदका कारणले निरन्तर क्रान्ति भइरहने, शासनसत्ता हात पार्न अनेक षडयन्त्र गर्ने प्रक्रिया जारी रह्यो । सर्वहारा जनताको अपेक्षा अनुसारको पविर्तन नभएको राणाशासन ढलेपछि राजतन्त्र बलशाली बनेको प्रजातन्त्र प्राप्तिपछि पनि कुनै समानता नभएको मन्त्रीमण्डल फेरिदै गएपनि देशले मुहार फेर्न नसकेको स्थिति छ । पन्ध्र सालको आमचुनावमा काङ्ग्रेसको जीत भयो । देश र जनता अस्तव्यस्त बनेको अवस्था थियो । जनताहरु झनै सङ्कीर्ण अवस्थामा जिउन बाध्य देख्दा मङ्गलमान खिन्न देखिन्थ्यो ।

एकदिन मङ्गलमान घरमा एक्लै बसिरहेको बेला उसलाई थुनुवाको पुर्जी आउँछ । उसलाई जेलमा थुनिन्छ । अक्क न वक्क मङ्गलमान जेलभित्र रन्थनिन्छ । देशको अवस्था देखि मङ्गलमान धेरै चिन्तित हुन्छ । उसको क्रान्तिकारी विचार त गल्दैन तर धेरै जेलजीवन र यातना भोगेको उसको झन् कडा निगरानीका कारण ऊ शारीरिक रुपमा धेरै कमजोर भइसकेको हुन्छ । त्यसकारण जेलमै मर्ने डरले उसलाई जेलबाट रिहाइ गरिन्छ । अशक्त अवस्थामा पुगेको मङ्गलमानलाई आफूले गरेको सङघर्ष र त्यसबाट देश र नेपाल आमाले उन्मुक्ति नपाएकोमा चिन्ताग्रस्त भई आफ्नो भाइसित दुखेसो पोख्छ ।

जति हिडेपनि भाइ ! लक्ष्य अझै टाढा

जिन्दगीमा परिरहे सधैं बाधै बाधा । (२०/५१:८)

जति अगाडि बढ्न खोजेपनि गन्तव्यमा पुग्न नसकेको सधैं षड्यन्त्रमूलक ढङ्गले जेलजीवन भोग्नपरेको अवस्था, जुन शासन व्यवस्था आएपनि उस्तै रहेको स्थितिको वर्णन भाइ हिरण्यसँग

गर्दछ । भाइले मङ्गलमानलाई हतोत्साहित अवस्थालाई सान्त्वना दिई उसलाई अस्पताल पुऱ्याउँछ । तर मङ्गलमानको मृत्यु हुन्छ ।

केको निको हुन्थ्यो बरै स्वर्ग भयो ज्योति

धरतीको ज्युँदो छोरो सिर्जनाको मोती । (२०/५२:१५)

जीवित रहुञ्जेल शोषण, अन्याय अत्याचारको निमित्त लडिरहने मङ्गलमानको दर्दानक मृत्युपछि उसको आफ्नो भन्ने कोही भएन । अछुतसँग बस्ने, खाने गरेको भनी समाजको डरले उसको शव उठाउन समेत कोही आएन । उसको निमित्त रुने न कोही भयो न त उसले गरेको योगदानको कदर गर्दै फूलमाला चढाउने नै कोही भए । भाइ हिरण्यले हारगुहार गर्दा पनि उसको लास उठाउन समेत कोही भएनन् । बल्ल तल्ल चार जना जम्मा भई उसको शव घाटसम्म पुऱ्याउँछन् । उसको वाबु गणेशमानले शोक विह्वल भई दाहसंस्कार गर्छन् ।

यसरी हेर्दा 'मङ्गलमान' खण्डकाव्यमा मङ्गलमानको जीवनवृत्त नै खण्डकाव्यको कथावस्तु बनेर आएको छ र त्यो कथावस्तु सर्ग एकबाट आरम्भ भई सर्ग एक्काइससम्म विस्तारित छ । खण्डकाव्यमा रहेको कथावस्तुको सर्गगत विवरणलाई यसरी देखाउन सकिन्छ :

**सर्ग एक** :समाजका खातिर मृत्युवरण गर्न पुगेको मङ्गलमानले कविहृदयलाई केही लेख्नका लागि झकझकाउनु, कविले मङ्गलमानको चरित्र सम्झनु र उसको जीवनकथालाई काव्यात्मक स्वरुपमा लेख्ने घोषणा गर्नु

**सर्ग दुई** : काठमाडौँ उपत्यकाको परिवेशचित्रण, मङ्गलमानको जन्म, बाल्यकाल, शिक्षा, नब्बे सालको भूकम्प र त्यसबाट सिर्जित परिस्थितिमा मङ्गलमानको मनोविज्ञान र सहयोग

**सर्ग तीन** :गरिब वर्गका पक्षमा उभिँदै मङ्गलमानले गरेको समाज हितका कार्यहरुको वर्णन

**सर्ग चार** : काम गर्नेले माम खान नपाउने तर काम नगर्नेले मोज गर्ने समाजव्यवस्थाका विरुद्ध निरङ्कुश शासनव्यवस्थाको कालरात्रीमा मङ्गलमान चेतनाको बीजारोपण गर्दै हिँड्नु

**सर्ग पाँच** :मङ्गलमान बेइलमी भएकोमा बाबुले जर्साबको चाकरीमा जाने सल्लाह दिनु, मङ्गलमान चाकरीमा जानु र समाजको बेथितिको बोध गर्नु, निडर बनेर विद्रोहको बाटोमा लाग्नु, मङ्गलमानले कुटाइ खानु, जेल पर्नु

**सर्ग छ :**पाँच सालको हैजाले मङ्गलमानकी आमा, भाइ र बहिनी मर्नु, बाबु गणेशमानले किरियाका निम्ति जेल परेका छोरालाई छोडिदिन बिन्तीभाउ गर्नु, मङ्गलमान शोकविह्वल बन्नु र अन्यायको विरोध गर्नु नै आमाको सेवा हो भन्ने विचार राख्नु, बाबुले श्री ३ को विरोध नगरी सेवा गर्न सुझाए पनि मङ्गलमान आँटी क्रान्तिकारी विचार व्यक्त गर्नु

**सर्ग सात :**मङ्गलमानले जेललाई पाठशालाका रुपमा लिई अध्ययन थाल्नु, जेलभित्र सुविधा माग गर्दै हडताल गर्नु, कुटाइमा मङ्गलमानको टाउको फुट्नु, प्रगतिका लागि रगतको खोलो आवश्यक हुने विचार मङ्गलमानले राख्नु

**सर्ग आठ :**सात सालको प्रजातन्त्र सम्झौतामा टुङ्गिएकाले मङ्गलमानमा देखिने नैराश्य

**सर्ग नौ :**आठ सालको सहिद सप्ताहमा कर्फ्यु लगाइएका बेलामा मङ्गलमानले मञ्चमा उक्लेर भाषण गर्नु, न्यून वैतनिक कर्मचारी सङ्घ गठन गरिनु तर आन्दोलनमा आलटाल भएकाले मङ्गलमानले च्यामे, पोडे, कुचीकार बटुली जुलुस निकाल्नु, हरिजन भड्काएको अभियोगमा मङ्गलमानलाई पक्रिनु, कुचीकारको आन्दोलनबाट तलब बढ्नु

**सर्ग दश :**मङ्गलमानले खुर्सानी काण्डलाई मच्चाएर त्यसको विरोध गर्नु

**सर्ग एघार :**मङ्गलमानले समाजमा रहेको जातव्यवस्थाको विरोध गर्नु, अछूतका बालबच्चा पढाउनका लागि 'हरिजन विद्याश्रम ज्योत्स्ना' खोल्नु र तल्ला जातजातिलाई चेतनशील बनाउन थाल्नु

**सर्ग बाह्र :**दलित मुक्ति आन्दोलनमा हिँडेको मङ्गलमानलाई समाजले पानी काढ्ने र घरभित्र पस्न नदिने कुरा गर्नु तर मङ्गलमान अछूतको साहसिलो मित्र बन्नु

**सर्ग तेह्र :** मङ्गलमानको च्यामिनीसँग बिहेको प्रस्ताव राख्नु तर च्यामिनीले मङ्गलमानको जात खस्ने भन्दै बिहेको कुरो अस्वीकार गर्नु

**सर्ग चौध :** रानीपोखरीमा यौटा लास देखिनु, कुनै धनी मान्छेले कुटी मारेर फालेको लास भन्ने बुझेपछि मङ्गलमानले हाम फालेर मरेको भन्ने डाक्टरी प्रतिवेदनको विरोध गर्दै अस्पताल बाहिर नाराजुलुस गरी दोषीलाई सजाय दिलाउनु ।

**सर्ग पन्ध्र :** अन्यायको विरोध गर्ने साहसी मङ्गलमान 'ब्याक टु मङ्गलमान' भन्ने उखान बन्नु, मङ्गलमानलाई साधन बनाएर लोभीपापी नेताहरु माथि पुग्नु, एक दिन न्यूरोडमा भेटिएको नेतालाई मङ्गलमानले झपार्नु ।

**सर्ग सोह्र :** बिरामी परेर एक दिन घरमा एक्लै बसेको बेलामा मङ्गलमानले आफ्नो घरमा चोर्न आएको जेलमा सँगै परेको साथीलाई भेट्नु, उससँग कुराकानी गरेपछि त्यस साथीले बजारबाट औषधि ल्याई सेवा गर्नु ।

**सर्ग सत्र :** बिग्रेको समाज सुधार्न मङ्गलमान सत्रपटक भन्दा बढी जेल पर्नु, प्रजातन्त्र आएपछि पनि वा मन्त्रीमण्डल फेरिएर पनि समाजको अवस्था उस्तै बनेकोमा मङ्गलमान खिन्न हुनु,

**सर्ग अठार :** राजाले संसद् भङ्ग गरेपछि धेरै नेता जेल पर्नु, मङ्गलमानलाई पनि थुनुवा पुर्जी आउनु,

**सर्ग उन्नाइस :** मङ्गलमान जेलभित्र चिन्ताले गल्नु, गुप्तबास बसेका साथी खोइ भन्दै मङ्गलमान बेसरी कुटिनु,

**सर्ग बिस :** जेलमा रोगले र पिटाइले कमजोर बनेको मङ्गलमान निराश बन्नु, भाइ हिरण्यले सम्झाउनु, मङ्गलमान मर्नु, मृत्युमा शोकाकुल बनेको परिवारलाई सान्त्वना दिन कोही नआउनु, चार जना मिलेर लासलाई घाटमा लगिनु, बाबु गणेशमानले छोराको कर्म सम्झिँदै आलाप गर्दै चितामा आगो लगाउनु

**सर्ग एक्काइस :** मङ्गलमान निस्वार्थ समाजसेवा सम्झँदै कविले क्रान्तिचेतनासहित आशावादी जीवनदृष्टि प्रस्तुत गर्नु

यसरी हेर्दा सर्वहारा जनताको निमित्त सधैँ तत्पर रही लडिरहने मङ्गलमानको दुःखद मृत्युले कवि हृदयमा परेको प्रभाव तथा उनको भावनालाई उथलपुथल बनाएको कारण खण्डकाव्यकारले प्रस्तुत 'मङ्गलमान' खण्डकाव्य रचना गरेको पाइन्छ । यस खण्डकाव्यको कथावस्तु रैखिक ढाँचामा रहेको छ । सर्ग एकमा रहेको भूमिकारुपी कथन र सर्ग एक्काइसमा रहेको कविको क्रान्तिचेतनासहितको जीवनदृष्टिलाई खण्डकाव्यको मङ्गलाचरण र समापनमा रुपमा हेर्न सकिन्छ । खासमा खण्डकाव्यमा सर्ग दुईदेखि सर्ग बिससम्म कथावस्तु फैलिएको

देखिन्छ । यो कथावस्तुमा आएका घटनाहरुलाई आदि, मध्य र अन्त्यको श्रृङ्खलालाई पनि विभाजन गरेर हेर्न सकिन्छ । मङ्गलमानको जन्मदेखि शोषक वर्ग विरुद्ध उत्रिएको ऊ लगायत अन्य यूवा जमात संलग्न भएको घटना अर्थात् वि.स. १९८२ देखि १९९६ सम्मको घटनालाई आदि भागमा विभाजन गरेर हेर्न सकिन्छ । ९७ सालको सहिदकाण्ड लगायत राणाविरोधी आन्दोलन, अभियोग, कारावासको सजाय, अछुतहरुको उद्धारको निमित्त गरेका कार्यहरु, राणाशासनको अन्त्य, प्रजातन्त्र प्राप्ति त्यसपछिका घटनाहरु, अर्थात् वि.स. १९९७ देखि २०१५ सम्मको घटनालाई मध्य भागमा विभाजन गरी हेर्न सकिन्छ । त्यसपछि १५ सालको आमनिर्वाचन पछिको जेलजीवन र मृत्युपर्यन्त सम्मको घटनालाई तथा वि.स. २०१५ देखि २०१८ सम्मको घटनालाई अन्त्य भागमा विभाजन गरेर हेर्न सकिन्छ । खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठद्वारा रचित ‘मङ्गलमान’ खण्डकाव्य कुतुहलतायुक्त रहेको छ । खण्डकाव्य पठन गर्दा पाठकको मनमा जिज्ञासा र उत्सुकता भइरहने हुन्छ । खण्डकाव्यकारले मङ्गलमानको यथार्थ जीवन चित्रलाई आफ्नो काल्पनिकतामा ढालेर एकोहोरो प्रस्तुत गरेको हुदाँ यसलाई एकान्वितिपूर्ण मानिन्छ ।

## ३.२ पात्र

नेपाली साहित्यको क्षेत्रमा पहिलो पटक क्रान्ति शब्दको प्रयोग गरी कविता रचना गर्ने खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठद्वारा रचित मङ्गलमान खण्डकाव्यमा थोरै पात्रको संयोजन गरिएको छ । यस खण्डकाव्यमा प्रयुक्त पात्र व्यक्तिगत नभई वर्गगत प्रवृत्तिका पाइन्छन् । तात्कालिक समयको सामाजिक, राजनीतिक अवस्था र त्यसबाट पैदा भएको विकराल स्थिति, जसलाई क्रान्तिद्वारा चिर्न खोजिएको छ । जसमा सत् तथा अनुकूल असत् तथा प्रतिकूल पात्रहरुको द्वन्द्वात्मक स्थितिलाई देखाउनको निमित्त विभिन्न पात्रहरुको संयोजन गरिएको छ । यसर्थ यस मङ्गलमान खण्डकाव्यमा पात्रविधानलाई हेर्दा प्रमुख पात्र मङ्गलमान हो भने सहायक पात्रको रुपमा  सुब्बा आएको छ । त्यस्तै गौण पात्रको रुपमा गणेशमान, गणेशकुमारी, हिरण्य, च्यामिनी, चोर, हरिजनजस्ता पात्र आएका छन् भने, सूच्य पात्रहरुमा शहिदहरु ( धर्मभक्त, शुक्रराज, गङ्गा, दशरथ), राणाहरु, जर्साब, भू.पू. मन्त्री आदि रहेका छन् । यस खण्डकाव्य बिशेषगरी मङ्गलमानकै केन्द्रीयतामा रहेकोले मङ्गलमान र अन्य पात्रहरुको चरित्र चित्रणलाई यसरी हेर्न सकिन्छ ।

### क) मङ्गलमान

मङ्गलमान यस खण्डकाव्यको प्रमुख पात्र तथा नायक हो । यस खण्डकाव्यमा कविले ऐतिहासिक पात्र मङ्गलमानको यथार्थ घटनालाई आफ्नो मनोभावमा समेटेर लेखिएको यसमा मङ्गलमानको जन्मदेखि मृत्यु पर्यन्तसम्म चर्चा भएको छ । आफ्नो जीवन अवधीभर नै सधैँ सङ्घर्षरत मङ्गलमानको चरित्रलाई हिरण्यमान प्रधान चन्द्रमान प्रधान 'मङ्गलमान' खण्डकाव्यको भुमिका प्रकाशकको तर्फबाट : यसरी व्यक्त गर्दछन् :

मङ्गलमान नेपाली सामाजिक चेतनाको सशक्त धार हो । त्यो धार जीवनमा धेरै ठक्करियो । ज्यादै निदाएकाहरुलाई ब्यूँझाउन नसकेर ऊ मर्माहित भएका उठिसकेको हो सामाजिक साँगुरोपन पनि उसलाई मन पर्दैनथ्यो । नाङ्ला जत्रो छाती भएको मान्छे हो । ऊ आगाको फिलुङ्गो हो, मङ्गलमान काव्यमा त्यही फिलुङ्गो भरभराएको छ । लाग्छ काव्यमा राष्ट्रिय चेत प्रवाहित छ, त्यो चेत मङ्गलमान पनि हो र सिद्धिचरण पनि हो । (श्रेष्ठ, २०६७)

राजधानी काठमाण्डौमा वाबु गणेशमान र आमा गणेशकुमारीको कोखबाट वि.स. १९८२ साल साउन महिनामा जन्मिएको मङगलमान वाबु आमाकै निगरानीमा हुर्किन्छ । उमेरले सानो बालक भएपनि सहयोगी भावना भएको मङ्गलमान वि.स. १९९० सालको विनाशकारी भूकम्पले काठमाण्डौ बासीको तहसनहस अवस्थामा उद्धारको लागि जाने गर्दछ । आपत्तिमा परेकोलाई सहयोग गर्न तम्सिन्छ ।

डरभर रत्ती नली मङ्गलमान घुम्छ

बालकैथ्यो तर पनि मद्दत गर्न पुग्छ । (२/१५:३२)

मङ्गलमान बिस्तारै समय व्यतित हुँदै जाने क्रममा समाजमा भएको र हुने गरेको वर्गविभेदमा उपल्लो वर्गले तल्लो वर्गलाई गर्ने  शोषण, अन्याय, अत्याचारहरु थाहा हुँदै जान्छ तब त्यसलाई चिर्नको निमित्त उसमा क्रान्तिकारी-प्रगतिवादी विचारको पनि पैदा हुँदै जान थाल्छ । सुब्बाले चोरीको आरोपमा छोराको निर्दोष साथीलाइ कुटपिट गर्ने जस्ता कार्य गरेपश्चात् मङ्गलमानलाई असह्य भएर सुब्बाको घरमा इँटा प्रहार गर्नुले उसमा प्रतिशोधको भावना पाइन्छ । बलियाको खोसेर निर्धालाई दिनु, सर्वहारा वर्गको पक्षधर हुनु उसको विशेषता थियो । समाजमा जालझेल गर्ने व्यक्ति धनीमानी हुने तर दिनरात परिश्रम गरी पसिना बगाउनेको दुई

छाक टार्न पनि गारो हुने समाजको यस्तो कुराले मङ्गलमानमा धेरै प्रभाव पर्छ र देउता पुज्ने बानी घट्दै जान्छ ।

यस्तै तात्कालिक राणाशासनको विरुद्धमा उत्रिएर आन्दोलन गरेकोमा वि.स. १९९७ सालको शहिदकाण्डमा धर्मभक्त, शुक्रराजलाई फाँसी दिई गङ्गा, दशरथलाई गोली हानी हत्या गरेको दृश्य मङ्गलमानले देखेको थियो । देश र जनताको हितको निमित्त लड्दा ज्यान गुमाउनु परेको अवस्था देख्दा उसको मनमा चोट पर्‍यो र तिनीहरु हाम्रै लागि मरेका हुन् भन्ने उसको मनमा लाग्छ । र निरङ्कुस शासनलाई ढाल्नै पर्ने ठानी उसलाई क्रान्तिमा थप प्रेरित बनाउँछ । बेइलमी छोरो हुदाँ वाबुले जर्सावको चाकरीमा जानको लागि आग्रह गर्छ, र मङ्गलमानले त्यहाँ जर्सावको कर्तुतहरु थाहा पाएपछि उसलाई असह्य हुन्छ । ऊ चाकरी छोडी अब झन् खुलेर विद्रोहमा लाग्न थाल्छ । साथीहरु बटुलेर अग्रसर भई राणा विरोधी आन्दोलन खुलेर हुन थाल्यो । त्यसै बखत अन्य लगायत मङ्गलमान जेल पर्छ ।

नाराहरु लाउँदा लाउँदै लिई धेरै भित्र

पुग्यो हेर आँटी छोरो सिधै जेलभित्र । (५/२२:३०)

कष्टदायी जेलजीवन र यातनाबाट कत्तिपनि विचलित नभई आफ्नो क्रान्तिलाई सक्षम तुल्याउन अग्रसर हुने एउटा कर्मशील, देशभक्त मङ्गलमानको जेलमा छँदै पाँच सालमा हैजाका कारण उसले भाइ, बहिनी र आमा समेत गुमाउन पर्‍यो । आमाको मृत्युले मङ्गलमानलाई शोकविह्वल बनाउँछ । ऊ धेरै पीडित हुन्छ । वाबु गणेशमानले माफी माग्ने सल्लाह दिँदा आफूले माफी माग्नुपर्ने कुनै गल्ती नगरेकोमा माफी नमाग्ने र निरङ्कुश शासनबाट मुक्ति नमिलेसम्म यसरी नै विद्रोह गर्ने, नेपाल आमाका रक्षा गरिरहने कुरा उसले वाबुलाई बताउँछ । र छिट्टै जित हुने विश्वास पनि  दिलाउँछ ।

अन्यायको सकेजति विरोध म गर्छु

नेपाल हुन आमा मेरी यिनकै सेवा गर्छु । (६/२५:२१)

देश र जनताको लागि आफ्नो सर्वस्व त्याग्ने मङ्गलमान एक स्वाभिमानी, राष्ट्रप्रेमी नागरिकको रुपमा चित्रित छ । जेलमा पनि उत्तिकै मात्रामा यातना दिने मङ्गलमानलाई त झन् नाइके ठानी बढी यातना खेप्नुपरे पनि देशभक्ति मङ्गलमानले हार खाएन उनीहरुले झन् जेलमै अनेक

प्रकारले विद्रोह गरिनै रहे । बाहिर पनि आन्दोलन चर्कियो र राजाको पनि साथ मिल्यो तसर्थ वि.स. २००७ सालमा राणाशासनको अन्त्य भई प्रजातन्त्र आयो । मङ्गलमानमा पनि केही अपेक्षा जाग्छ, देशमा केही परिवर्तन होला भन्ने तर सत्ताको निमित्त खिचातानी हुन्छ र सत्ताधारीहरुले आफ्नो मात्र स्वार्थ पूर्तिको निमित्त लागिपरेको जनताको समस्यालाई केही वास्ता गर्दैनन् । तर सधैं सर्वहारा वर्गको पक्षधर मङ्गलमानलाई सत्ताको भन्दा जनताको विषयमा बढी चिन्ता थियो । त्यसैले जनतामाथि भएको यस्तो अन्यायको विरोधमा ऊ लागिरह्यो ।

मङ्गलमान समानतावादी र परिवर्तनशील समाजको परिकल्पना गर्ने व्यक्ति भएकाले उसलाई समाजमा हुने जातीय भेदभावका कारण माथिल्लो जातले तल्लो जातलाई गर्ने दुर्व्यवहार देख्दा, उसलाई मानिस सबै समान रहेको कसैले कसैलाई पनि छुवाछुत गर्न नहुने विचार प्रकट गर्छ । अछुत भनी हेला गर्नु नहुने मानिस कोही अछुत नहुने भनी उसले पोडेटोलमा बस्ने, खाने, र एउटी च्यामिनीसँग विवाहको प्रस्ताव समेत राख्नुले उसलाई एक प्रगतिशील मानिन्छ ।

अछुतको यस्तो कथा अन्त्य गर्नुपर्छ

मान्छे-मान्छे बराबर ज्यूँन सिक्नुपर्छ ।(१२/३७:८)

यसरी समाजमा भएको अन्यायको पर्दाफास गर्दै, त्यसको उन्मूलनको निमित्त आफूपनि विद्रोहमा लागिरहने र अरुलाई पनि लाग्न प्रेरित गर्ने मङ्गलमान शोषक, सामन्तीहरुको आँखाको तारो बनेको छ भने सर्वहारा जनताको आँखाको नानी बनेको छ । नेताहरुले आफ्नो स्वार्थको निमित्त उसलाई प्रयोग गर्ने तर स्वार्थ पूर्ति भएपछि खोला तरेपछि लौरो फ्याके झैँ उसको वास्ता नगर्ने प्रवृत्तिले बारम्बार दुःखी बनाइरहन्थ्यो । यस्तै नियतको उसको एक जना साथी भू.पू. मन्त्री थियो उसले एकदिन न्यूरोडमा भेटेर नराम्रोसँग झपारेर भएपनि आफूलाई सन्तोष दिने प्रयत्न गर्छ ।

यस्तै तवरले समय व्यतीत हुने क्रममा राजनैतिक परिवर्तनसँगै वि.स. २०१५ सालमा आम चुनाव आयो । काङ्ग्रेसको जीत हुन्छ । तर देशले मुहार फेर्न नसकेको देखी मङ्गलमान चिन्तित देखिन्छ । त्यत्तिकैमा उसलाई थुनुवाको पूर्जी आउँछ । देश र जनताको निमित्त मरिमेटेर लागिरहने मङ्गलमान जेल पर्दछ । देशको राजनैतिक हालत र त्यसबाट उजस्तै नेपाली जनताले भोग्नुपरेको सधैं जेलजीवन र पीडा देख्दा ऊ धेरै दुखीत हुन्छ । जेलमा उसलाई धेरै

शारीरिक र मानसिक यातना हुन्छ । यसकारण मरणासन्न अवस्थामा पुगेको मङ्गलमानलाई जेलमै मर्नै होकी भनी जेलमुक्त गरिन्छ । विरामी मङ्गलमान र वाबुको स्याहार उसको भाइ हिरण्यले गरेको हुन्छ । आफूले देश र जनताको निमित्त, परिवर्तनको निमित्त जति विद्रोह गरेपनि केही परिवर्तन हुन नसकेको भन्दै मङ्गलमान भाइसँग गुनासो गर्छ ।

जति हिँडे पनि भाइ ! लक्ष्य अझै टाढा

जिन्दगीमा परिरहे सधैं बाधैबाधा । (२०/५१:८)

यसरी आफ्नो बाल्यकालदेखि क्रान्तिकारी विचार लिई अगाडि बढेको मङ्गलमान मृत्युपर्यन्त सम्म पनि देहकै चिन्ता गरिराख्ने परिवर्तनगामी विचार भएको उसको उपचारको क्रममा अस्पतालमै मृत्यु हुन्छ । उसको मृत्युपश्चात् हिरण्यले हारगुहार गर्दा पनि उसको लाश उठाउन समेत कोही आएन । बल्ल तल्ल चार जना भई लास घाटसम्म पुऱ्याएर अन्तिम संस्कार गरे । यसरी आफ्नो सारा जीवन देशको लागि विद्रोहमा लागेको मङ्गलमानको क्रान्तिमै समर्पित भएको छ ।  "गरिबीको रेखामुनी बाँचेको मङ्गलमान असङ्ख्य नेपाली जनताको प्रतिकारात्मक नाम हो, जो उत्पीडनका विपक्षमा छ र स्वाभिमानी भै बाँच्न चाहन्छ । त्यसैले मङ्गलमान व्यक्ति विशेष नभएर प्रवृत्ति विशेष पनि हो ।" (भण्डारी,२०६७;५८) उसले न बाँचुन्जेल नै सुख पायो न मरेपछि नै यस्तो मङ्गमानको मृत्युले कवि हृदय विचलित बनाएको छ ।

समग्रमा भन्नुपर्दा यस खण्डकाव्यको मङ्गलमानको चरित्रलाई हेर्दा यस 'मङ्गलमान' खण्डकाव्यमा प्रयोग भएको पात्र मङ्गलमान खण्डकाव्यभरि उसको चर्चा भएको उसकै परिप्रेक्ष्यमा कथावस्तु घुमेकोले कार्यको आधारमा प्रमुख पात्र हो । सहयोगी भावना भएको मङ्गलमान अरुको भलाई सोच्ने सच्चा निस्वार्थी, परिवर्तनकारी, विचार भएको, सधैं अन्यायको विरोधमा लागिरहने  प्रवृत्तिको आधारमा सत् तथा अनुकूल पात्र हो । यस्तै तात्कालिक शासन विरुद्ध विद्रोह मच्चाउने, छुवाछुत प्रथाको अन्त्य गरी समतामूलक समाजको निर्माण चाहने, शोषित वर्गको हितमा लडिरहने सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने जीवनचेतनाको आधारमा वर्गीय पात्र हो । वि.स. १९९७ देखि २०१८ सम्म भएको राजनैतिक परिवर्तनसँगै आफ्नो सोचलाई पनि परिवर्तन गरी सोही अनुकूल चल्ने भएकोले स्वभावका आधारमा गतिशील पात्र हो । देश जनतामाथि भएको अन्यायप्रति खुलेर विरोध गर्ने मङ्गलमान अन्तर्मूखी नभइ

बहिर्मूखी पात्र हो । उसकै केन्द्रीयतामा कथावस्तु घुमेकोमा मञ्चनीयताको दृष्टिमा मञ्चीय पात्र हो भने यस खण्डकाव्य मङ्गलमानको उपस्थिति बिना औचित्य नहुने र पूर्ण भएकोले आबद्धताको आधारमा बद्ध पात्र हो । अन्तत; मङगलमान प्रस्तुत खण्डकाव्यको एक कर्मशील, देशभक्त, युवावर्गको नेतृत्वकर्ता, शोषित वर्गको लागि साथ र शोषक वर्गको लागि अभिषाप बनेको एक अमर, क्रान्तिकारी वीर पुरुष हो भन्न सकिन्छ ।

**ख) सुब्बा**

सुब्बा 'मङ्गलमान' खण्डकाव्यमा प्रयोग भएको शोषक सामन्त वर्गको प्रतिनिधित्व गर्ने प्रतिकूल पात्र हो । समाजमा हुने गरिबमाथि शोषण थिचोमिचो गरी जीवन निर्वाह गर्ने सुब्बाले आफ्नो छोराले सुन चोरी गर्दा छोराको निर्दोष साथीलाई चोरीको आरोपमा कुटपिट गर्छ ।

पिटाईमा पऱ्यो तर त्यै छोराको साथी

अन्यायले कोपर्दछ गरिब दुःखीमाथि । (३/१६:३)

तात्कालिक समाजमा धनी वर्गले निम्न वर्गमाथि गर्ने अन्याय अत्याचार र थिचोमिचोलाई देखाउन सुब्बामार्फत खोजिएको छ । थोरै प्रसङ्गमा आएपनि उच्च वर्गको प्रतिधित्व गरी प्रतिद्वन्द्वीको रुपमा आएर खण्डकाव्यमा गति प्रदान गरेकोमा शोषक तथा उच्च वर्गको प्रतिनिधि तथा यस खण्डकाव्यको सहायक पात्रको रुपमा लिन सकिन्छ । मानवीयताको भावना नभएको अभिमानी सुब्बा गरिबको रगत र पसिना चुस्ने असत् प्रवृत्तिको पात्र हो । सोझा साझा जनतालाई दुःख दिएर आफू रमाउने सुब्बा वर्गीय पात्र हो । मङ्गलमान जस्ता युवाहरुलाई क्रान्तिकारी विचार पैदा गराउने कारक तत्वको रुपमा उसलाई लिइन्छ । यसका अतिरिक्त खण्डकाव्यमा थोरै भुमिका रहेपनि एउटा युग र वर्गकै प्रतिनिधित्व गरेकोमा सुब्बा यस खण्डकाव्यको मञ्चीय तथा बद्ध पात्र हो भन्न सकिन्छ ।

मङ्गलमान खण्डकाव्यमा अन्य केहीपात्रहरु पनि छन् जो सक्रियताका हिसाबले गौण पात्रका रुपमा रहेका छन् ।

**ग) गणेशमान**

गणेशमान मङ्गलमानको पिता तथा यस खण्डकाव्यका गौण पात्र हुन् । खण्डकाव्यको आरम्भमा धर्मप्रति आस्था रहेका गणेशमान आफ्नो परिवारको अनुकूलतामा खुसी र सुखी देखिन्छन् । उनी मङ्गलमानको जन्म हुँदा अत्यन्त खुसी भएका गणेशमान उसको मृत्युले आकुल व्याकुल भै भावविभोर बनेका छन् । मङ्गलमानलाई राणाहरुसँग माफी माग्न आग्रह गर्ने तर तात्कालिक राणाशासनद्वारा पिल्सिएपनि कुनै प्रतिवाद भने नगर्ने धैर्यशील चरित्रका व्यक्ति थिए । छोराले केही पनि नगरी बस्दा केही असन्तुष्ट देखिएको उसले जर्साबको चाकरीमा जान अनुरोध गर्दछ, तसर्थ ऊ कर्तव्यनिष्ठ वावुको रुपमा पनि उपस्थित भएको छ । श्रीमती र छोरा छोरीको मृत्युमा अनि बाँकी दुई छोरा पनि जेल जाँदा पनि धैर्य गर्न सक्ने सहनशील मानिन्छ । आमाको मृत्युपश्चात् मातृशोकमा परेको मङ्गलमानलाई सम्झाउन सक्ने साहस भएको गणेशमान खण्डकाव्यको अन्त्यमा मङ्गलमानको दाहसंस्कारमा चाहिँ भावविभोर भएको छन् । कसैलाई पनि नराम्रो नगर्ने सत् प्रवृत्ति भएको गणेशमानलाई यस खण्डकाव्यमा गौण पात्रको रुपमा लिइन्छ ।

### घ) गणेशकुमारी

गणेशकुमारी यस खण्डकाव्यको प्रमुख पात्र मङ्गलमानकी आमा हुन् । भगवान्प्रतिको आस्था देखाउने उनलाई मठ मन्दिर धाउने र देवी देवताको पूजा गर्न खुबै रुचाउँथिन । उनको आस्थाप्रति मङ्गलमान पनि प्रभावित भएको थियो । मङ्गलमानको जन्ममा धेरै खुसी उनी ऊ जेल परेपछि भने निकै चिन्तित देखिन्छिन् । पछिल्लो समयमा भने क्रान्तिमा लागेको छोरो जेलमा भएको अवस्थामा वि.स. २००५ सालको हैजाको कारण ज्यान गुमाएकी उनी यस खण्डकाव्यको गौण पात्र हुन् ।

### ङ) हिरण्यमान

हिरण्यमान यस खण्डकाव्यको प्रमुख पात्र मङ्गलमानको भाइ तथा गणेशमानको कान्छो छोरा हो । यसको चर्चा खण्डकाव्यको सुरुमा त्यति नभएपछि अन्त्यमा गरिएको छ । जेल भोगाइबाट छुटेको दाजु र विरामी वाबुको स्याहार सुसारमा व्यस्त रहेको हिरण्यमान एक कर्तव्यनिष्ठ भाइ एवम् छोराको रुपमा यस खण्डकाव्यमा उपस्थित छ । देश र जनताको लागि केही गर्न नसकेको भनी गुनासो गर्दा उसले दाजुको पीडालाई सान्त्वना दिई स्वास्थ्यको ख्याल गर्न आग्रह

गर्दछ । दाजुलाई बचाउन अनेक प्रयत्न गर्छ तर असमर्थ हुन्छ । दाजुको लास उठाउन समेत कोही नआएको अवस्थामा हार गुहार गरी अन्त्येष्टी गरेको हिरण्य यस खण्डकाव्यको सत् प्रवृत्ति भएको गौण पात्र हो ।

**च) च्यामिनी**

च्यामिनी एउटी अछुत भनिने वर्गमा पर्ने मङ्गलमानले विवाह गर्न चाहेकी नारी तथा मङ्गलमानकी अव्यक्त प्रेमिका हो । ऊ रुपमा ज्यादै सुन्दरी छे । मङ्गलमानले उसलाई विवाहको प्रस्ताव गर्छ, तर समाजको डरले आफूले पनि मङ्गलमानलाई चाहेपनि मङ्गलमानको विवाहको प्रस्ताव अस्वीकार गर्छे । भेदभावयुक्त समाजको शिकार बन्न पुगेकी समाजद्वारा बन्धनमा परेकी पीडित महिला हो । जस्तोसुकै अवस्थामा पनि साहस बटुल्न नसक्ने निरीह पात्रको रुपमा स्थापित छे । यस खण्डकाव्यको मध्यतिर उपस्थित च्यामिनी गौण पात्र हो ।

**छ) पण्डित**

पण्डित शोषण र सामन्त वर्गमा पर्ने आफूलाई ठूलो जात ठानी सानो जात भनिनेलाई थिचोमिचो तथा भेदभाव गरी समाजमा आफूलाई ठूलो हुँ भन्ने घमण्ड देखाउने व्यक्तिको रुपमा यस खण्डकाव्यमा उपस्थित छ । पूरातनवादी विचारद्वारा ग्रसित उसलाई समाजमा तल्लो वर्ग तथा अछुत जातले पढेर राम्रो शिक्षा हाँसिल गरेर केही गर्छन् की भन्ने डरले अछुत बालबालिकालाई सधैँ शिक्षाबाट बञ्चित बनाउन अनेक प्रयास गर्ने कुविचार भएको शोषक चरित्र हो । मङ्गलमानले अछुत पढ्ने स्कुल खोल्दा अछुतले पढ्न नहुने भन्दै श्राद्ध गर्ने ऊ यस खण्डकाव्यको प्रतिकूल तथा गौण पात्र हो ।

**ज) जर्साब**

जर्साब तात्कालिक राणाशासनमा शासन गर्ने काम गराउने मालिक हो । मङ्गलमान नोकरी गर्न जाँदा उसलाई काम दिने मालिक थियो । आफ्नो छोरा मङ्गलमानको कुनै इलाम नहुदाँ गणेशमानको आग्रहमा मङ्गलमान नोकरीमा जाँदाको प्रसङ्गमा जर्साबको यस खण्डकाव्यमा उपस्थिति देखिन्छ । राणाशासनको पक्षधरमा लाग्ने उसले सर्वहारा वर्गलाई दुःख र सास्ती दिने

जस्ता कार्य गरेको छ । नोकरीमा जाँदा मङ्गलमानलाई उसको साथीहरुको विषयमा सोधी जेल हाल्ने कार्य गर्ने असत् प्रवृत्तिको उसको यस खण्डकाव्यमा गौण भुमिका रहेको छ ।

**झ) चोर**

चोर यस खण्डकाव्यमा मङ्गलमानसँगै जेलजीवन भोगेको मङ्गलमानको साथी हो । तात्कालिक शासनसत्ताको विरुद्धमा जनताको हितको निमित्त लडेको तर शासनसत्ता फेरिएपनि उसको कुनै मूल्याङ्कन र व्यवस्था हुँदैन र केही विकल्प नभेटेपछि ऊ चोर्न थाल्छ । मङ्गलमानको घरमा चोर्ने मनसायले पसेको तर मङ्गलमानलाई चिनेपछि आफूले उसको घर थाहा नपाई पसेको जनाउँछ । देशमा बेरोजगारीको कारण युवाहरुको स्थितिलाई जनाउनको निमित्त उपस्थित उसले विरामी मङ्गलमानको ठीक नहुञ्जेल सेवा गर्छ । ऊ यस खण्डकाव्यको गौण पात्र हो ।

**ञ) कवि**

प्रस्तुत 'मङ्गलमान' खण्डकाव्यका रचनाकार कवि सिद्धिचरण श्रेष्ठ हुन् । उनलाई मङ्गलमानको कथा आफ्नो रचनामार्फत प्रस्तुत गर्ने एक द्रष्टाको रुपमा पनि लिइन्छ । ऐतिहासिक यथार्थवादी घटनालाई प्रस्तुत गर्दै सामाजिक र राजनैतिक पक्षलाई अझ उजागार गर्ने कार्य कविले यस खण्डकाव्यमा गरेका छन् । उनी यस खण्डकाव्यको प्रमुख पात्र मङ्गलमानको जीवनकर्मबाट प्रभावित भएर बनेर यो कृति रचना गरेका छन् । मङ्गलमान समाजमा भएका विकृति विसङ्गतीको सधैँ खुलेर विरोध गर्ने निस्वार्थ भावनाको एक देशको सच्चा नागरिक थियो । खण्डकाव्यको आरम्भमा मङ्गलमानको मृत्युले आफूलाई ज्यादै पीडाबोध भएको उसको शरीर मरेपनि उसको आत्मा कहिले नमर्ने र उसले गरेको सङ्घर्षशील कार्यहरुलाई कदर गरिनुपर्ने भनाई व्यक्त गर्ने कविले पनि यस खण्डकाव्यको रचना गरेर यसलाई जीवन्त तुल्याउने काम गरेका छन् ।

यसका अतिरिक्त राणाहरु, हरिजन, मङ्गलमानका साथीहरु, शहिदहरु (धर्मभक्त, शुक्रराज, गङ्गा, दशरथ), आदि पात्र यस खण्डकाव्यमा सूच्य पात्रका रुपमा आएका छन् । थोरै पात्रको संयोजन गरिएपनि प्रस्तुत खण्डकाव्यमा सबैको भूमिका सशक्त रहेको छ ।

## ३.३ परिवेश

परिवेश भन्नाले स्थान, समय र वातावरण भन्ने बुझिन्छ । प्रस्तुत 'मङ्गलमान' खण्डकाव्यमा स्थानगत रुपमा बिशेषगरी राजधानी काठमाण्डौको त्यौडटोल, सुब्बाको घर, मङगलमानको घर, रानीपोखरी, चोभार, बालाजु, रत्नपार्क, स्वयम्भू, कारागार, विष्णुमती किनार, अस्पताल, जस्ता स्थान मुख्य स्थानीय परिवेशको रुपमा आएका छन् । समयगत रुपमा हेर्दा मुख्यत; वि.स. १९९० देखि २०१८ सम्मको नेपालको राजनैतिक तथा  सामाजिक ऐतिहासिक परिवेशलाई मुख्य रुपमा लिइएको छ । वि.स. १९८२ सालमा काठममाण्डौको त्यौडटोलमा जन्मिएको मङ्गलमानको जीवन अवधिभर उसले देखेका र भोगेका घटनालाई आधार बनाई त्यस समयमा रहेको सत्ताको बागडोरलाई भत्काउन उसले गरेको विद्रोह र सङ्घर्षजस्ता कुराहरु र त्यसबाट उत्पन्न द्वन्द्वलाई पनि यस खण्डकाव्यमा समेटिएको छ ।

नेपालको राजधानी काठमाण्डौको त्यौडटोलमा मङ्गलमानको जन्म हुन्छ । त्यसपछि उसले गरेको देशप्रति त्याग र तपस्या अनि बलिदानी जस्ता घटनाहरु घटित स्थानहरु यस खण्डकाव्यको स्थानगत परिवेश बनेर आएका छन् । भूकम्पले तहसनहस पारेको राजधानी, त्यसमा मङ्गलमानका सहयोगी मन र हातहरु, सुब्बाको घरमा मङ्गलमानले गरेको प्रतिकार शहिदकाण्डमा घटना घटित स्थलहरु जहाँ धर्मभक्त र शुक्रराजलाई फाँसी दिई गङ्गा, दशरथलाई गोली हानी हत्या गरिन्छ ।  यो दृश्य मङ्गलमानले देख्छ र उसलाई पीडा भएर रन्थनिन्छ । ऊ चोभार, बाइसधारा, स्वयम्भूजस्ता स्थानमा रन्थनिएर घुमिरहन्छ ।

चोभारमा गई कैले यताउती घुम्छ

कैलेकाहीं बाइसधारा नुहाउन पुग्छ । (४/१९:११)

त्यस्तै उसले चाकरी गरेको जर्साबको घर, रानीपोखरीको घटना, समाजमा अछुत भनी मान्छे मान्छेबीचको भेदभावलाई अन्त्य गर्नको निमित्त मङ्गलमान बस्ने खाने गरेको पोडेटोल, विष्णुमती किनार, जस्ता स्थानहरु पनि यस खण्डकाव्यमा परिवेश बनेर आएका छन् । समाजको अन्याय अत्याचारको विरुद्धमा उत्रिएको मङ्गलमान लगायत अन्य युवाहरुले भोग्नपरेको कारावास जीवन, देशको आवश्यक हुँदाहुँदै विदेशिएको खुर्सानी जुलुस सहित खोस्न भनी गएको

भारतको नाका भन्सार, जस्ता स्थानहरुको अतिरिक्त मङ्गलमानको घर र अस्पताल पनि स्थानगत परिवेशमा आएका छन् ।

यस्तै गरी समयगत र राजनैतिक परिवेशलाई हेर्दा वि.स. १९८२ मा जन्मिएको मङ्गलमानको जन्मदेखि उसको जीवन भोगाइ र उसको मृत्यु २०१८ सम्मको घटनालाई हेर्न सकिन्छ । मुख्यत; १९९० मा विनाशकारी भूकम्पले बनाएको तहसनहस अवस्था, त्यसमा मङ्गलमानको सहयोगी धारणा र उसले गरेको मद्दतलाई उतारिएको छ । १९९७ सालमा शहिदकाण्ड भयो त्यसमा राणाको विरोध गरेको भनी चारजनालाई हत्या गरिन्छ ।

धर्मभक्त, शुक्रराज रुखमाथि फल्छन्

गङगा, दशरथ पनि तातो गोली खान्छन् । (४/१९:८)

शहिदकाण्डको कारण मङ्गलमानमा उत्पन्न क्रान्तिचेत, सबै युवाहरुको राणाशासन विरुद्धको निमित्त भएको जनआन्दोलनका कारण २००७ सालमा राणाशासन ढली प्रजातन्त्रको स्थापना हुन्छ । जनताको मुहारमा धेरै आशा पलाउँछ । मङ्गलमानले पनि प्रजातन्त्र प्राप्तिपछि केही अपेक्षा राखेको हुन्छ । तर शासन सत्तामा पुगेकाहरुले आफ्नो स्वार्थको निमित्त जनविश्वास गुमाउन पुगेको देखी मङ्गलमानले पुन; आन्दोलन गर्नु पर्ने देख्छ । र आन्दोलन पुन; जारी रहन्छ । यस्तैमा युवाहरुको जेलजीवन र कष्टदायी यातना त्यसबाट झन् आन्दोलित युवाहरुको अवस्था रहेको छ । त्यसपश्चात् २०१५ सालको आमचुनाव, नेताहरुमा देखिएको अविवेकीपनका कारण देशमा झन् सङ्कट आइपर्छ । नेताहरु झन् अवसरवादी बन्दै जान्छन् । यस्तैमा २०१७ सालको राजनैतिक परिवर्तन र पञ्चायती व्यवस्थाका कारण मङ्गलमानजस्ता क्रान्तिकारी परिवर्तनशील युवाहरुलाई कडा निगरानीका साथ जेल चलान गरिन्छ । तसर्थ २०१८ सालमा अकालमै मङ्गलमानले ज्यान गुमाउनु परेको अवस्थालाई यस खण्डकाव्यमा दर्शाइएको छ ।

त्यस्तै यस खण्डकाव्यमा वातावरणगत रुपमा हेर्दा यसरी क्रान्तिकारी युवा मङ्गलमानको जीवन अवधिभर उसले गरेको सङ्घर्ष उसले समाजप्रति गरेको योगदानको चर्चा गरिएको छ । तसर्थ तात्कालिक नेपाली समाज र त्यसको विरुद्धमा क्रन्तिचेतका साथ उत्रिएको मङ्गलमान र उसका साथीले गरेको विद्रोहका कारण त्रासद वातावरण रहेको पाइन्छ । शासन परिवर्तनको

कारण कति बेला के हुने हो कुनै निश्चित नहुने भएकोले यता शासन  सत्ता र क्रान्तिकारीहरु बीच तालमेल नमिल्दा यस खण्डकाव्य अवधिभर भयभीत वातावरण रहेको पाइन्छ ।

यस 'मङगलमान' खण्डकाव्यमा द्वन्द्वात्मक रुपमा हेर्दा राजनैतिक र सामाजिक द्वन्द्व, वर्गीय र जातीय द्वन्द्व, तथा समानता र असमानताको द्वन्द्वलाई आन्तरिक तथा वाह्य दुबै दृष्टिमा सबल रहेको देखिन्छ । उच्च वर्गले गरेको थिचोमिचोलाई सहन नसकी मङ्गलमानजस्ता क्रान्तिकारी युवाहरुले प्रतिकार गर्दा द्वन्द्वको सिर्जना हुन्छ । राजनैतिक खिचातानीको कारण देशमा स्थिरता नभएको र यसरी भएको राजनैतिक स्वार्थ र परिवर्तनको कारण जनताले भोग्नुपरेको पीडा र सास्तीलाई युवाले गरेको विद्रोह यसरी सिर्जना भएको द्वन्द्व नै यस खण्डकाव्यको मुख्य कारक बनेर आएको छ । सामाजिक द्वन्द्वलाई हेर्दा चोरीको आरोपमा सुब्बाले छोराको साथीलाई पिट्दा मङ्गलमानले सुब्बाको घरमा इटाले हानी प्रतिकार गरेको छ । समाजमा हुने उच्च तथा धनी वर्गले गरिव तथा निम्न वर्गलाई गरेको थिचोमिचोलाई सहन नसकी प्रतिकार गर्दा द्वन्द्व सिर्जना भएको छ । समाजमा अछुतको दर्जामा राखेर शोषण गर्ने उसको बालबच्चालाई समेत पढ्नबाट बञ्चित गरिएको तर मङ्गलमानले अछुतको बालबच्चाको निमित्त भनी स्कुल खोलेको छ । त्यसो गर्न नहुने भनी पण्डितले गरेको व्यवहारले द्वन्द्व भएको छ । यसर्थ यस खण्डकाव्यमा विशेषगरी राजनैतिक र सामाजिक घटनाको चित्रण गरिएकोले परिवेशगत द्वन्द्व सशक्त मात्रामा देखिन्छ ।

त्यस्तैगरी यस 'मङ्गलमान' खण्डकाव्यमा केही मात्रामा सांस्कृतिकता पनि झल्किएको पाइन्छ । काठमाण्डौको त्यौडटोलमा जन्मिएको मङ्गलमानको वाबु आमा आस्थिक भएको कारण ऊ पनि बाल्यकालमा आस्थिक भएको पाइन्छ । हिन्दु धर्म अनुसरण गरिएको पाइन्छ । पछिल्लो समयमा उसले धेरै कुरा बुझ्न थाल्छ, समाजमा जसले शोषण गर्छ ऊ नै धनीमानी भएको देखी उसको देउता पुज्ने बानी घट्दै जान थाल्छ । समाजमा हुने जातीय रुपमा तल्लो जात अथवा अछुत भनी गरिने भेदभावलाई पनि यस खण्डकाव्यमा पुरातनवादी विचारले नेपाली समाजमा पारेको प्रभाव र सांस्कृतिकतालाई झल्काएको छ । त्यस्तै आमाको मृत्युपश्चात् र मङगलमानको मृत्युपश्चात् हिन्दु धर्म तथा नियम अनुसार काजक्रिया गर्नुले पनि यस खण्डकाव्यमा केही मात्रामा सांस्कृतिक छनक पाइन्छ । त्यस्तै प्राकृतिक रुपमा हेर्दा पनि यस खण्डकाव्यमा वि.स. १९९० को महाभूकम्पले राजधानी काठमाण्डौको स्थिति तहसनहस पारेको

तथा प्रतिकात्मक रुपमा नरक झैँ पारेको कुरा प्रस्तुत भएको छ । त्यस्तो प्राकृतिक दृश्य देखी मङ्गलमानको मनमा पनि विषाद पर्छ ।

कलिलो त्यो छातीभित्र नरक झैँ लाग्छ ।

राजधानी काठमाण्डौ नरक झैँ लाग्छ ।(२/१५:३०)

त्यस्तै सात सालको युवाहरुको संलग्नमा भएको जनआन्दोलन, मङ्गलमान लगायत उसका अन्य साथीहरुको जेलजीवन र त्यहाँ उनीहरुले पाएको कष्टदायी यातनाहरु आदि जस्ता घटनाहरु यस खण्डकाव्यमा बिम्व तथा प्रतीकको रुपमा आएका छन् । समग्रमा भन्नुपर्दा श्रेष्ठद्वारा रचित यस मङ्गलमान खण्डकाव्यमा काठमाण्डौ उपत्यकाका विभिन्न स्थान, र १९९० देखि २०१८ सम्मको नेपालको राजनीति र सामाजिक घटना, त्यसकारण जनताले भोग्नुपरेको स्थिति र मङ्गलमानले त्यसबिरुद्ध गरेको क्रान्तिलाई यस खण्डकाव्यमा परिवेशगत रुपमा हेर्न सकिन्छ । तसर्थ विषयवस्तु अनुकूल परिवेश समावेश गरेकोले यस खण्डकाव्य परिवेशगत रुपमा सफल मानिन्छ ।

## ३.४ भाव वा विचार

खण्डकाव्यभित्र कविले कथन गर्न चाहेको विषय नै भाव वा विचार हो । जुन उद्देश्य र सन्देशको रुपमा देखिने गर्दछ । खण्डकाव्यकारले आफ्नो काव्य कृति रचना गर्नुको कारण के हो, र यसको उद्देश्य के हो भनी पुष्टी गर्ने कार्य भाव तथा विचारले गर्दछ । त्यसैले यो खण्डकाव्यको अपरिहार्य तत्वको रुपमा लिने गरिन्छ । खण्डकाव्यकार श्रेष्ठद्वारा रचित प्रस्तुत 'मङ्गलमान' खण्डकाव्यमा वीर रस तथा उत्साह स्थायी भावको प्रस्तुति रहेपनि खण्डकाव्यको अन्त्यतिर करुण रस तथा शोक स्थायी भावको प्रयोग पाइन्छ । त्यस्तै तात्कालिक शासनले जनतामाथि गरेको अमानवीय कठोर व्यवहारका कारण सोझासिधा जनताले भोग्नुपरेको पीडा जसद्वारा पाठक तथा भावकलाई क्रोध स्थायी भाव तथा रौद्र रसको प्रयोग पनि प्रशस्त पाइन्छ । समग्रमा हेर्दा यस खण्डकाव्यमा नेपाली साहित्यमा प्रयुक्त नवरस नै प्रयोग भएपनि प्रमुख रुपमा वीर, करुण र रौद्र रसको प्रयोगका साथै उत्साह, शोक र क्रोध स्थायी भावको प्रयोग पाइन्छ । रसलाई मानवीय मनमा निहीत नैसर्गिक संवेगका रुपमा लिइन्छ । मान्छेको मनमा रहने नौ किसिमका संवेग तथा स्थायी भाव र तिनकै सापेक्षतामा नवरसको वर्गीकरण गरिएको

पाइन्छ । श्रेष्ठद्वारा रचित प्रस्तुत 'मङ्गलमान' खण्डकाव्यलाई समग्र रुपमा हेर्दा वीर, करुण र रौद्र रसको मुख्य प्रवलता रहेपनि नेपाली साहित्यमा प्रयोग हुने नव रसकै प्रयोग यस काव्यमा पाइन्छ । तसर्थ नौ किसिमको संवेग तथा स्थायी भाव र तिनकै सापेक्षतामा नवरसको प्रयोग यस खण्डकाव्यमा गरिएको छ ।

**क) श्रृङ्गार रस**

श्रृङ्गार रसलाई रस राजा मानिन्छ । सहृदयीका अन्तर मनमा रहेको रति स्थायी भाव जागृत भएर उत्पन्न हुने रसलाई श्रृङ्गार रस भनिन्छ । मङ्गलमान खण्डकाव्यमा यस रसको प्रयोग कम भएपनि कलात्मक रहेको पाइन्छ । मङ्गलमानले च्यामिनीसँग आफ्नो वैवाहिक सम्बन्ध राख्न चाहेको च्यामिनीको सौन्दर्यलाई यसरी वर्णन गरिएको पाइन्छ :

लामा-लामा केश थिए पुष्ट गोरो छाला

गरिबीको बादलमा जूनकीरी ज्वाला (१३/१४:३९)

**ख) वीर रस**

सहृदयीका अन्तर मनमा सूक्ष्म रुपमा रहेको उत्साह स्थायी भाव जागृत गराउने रसलाई वीर रस हो । प्रस्तुत मङ्गलमान खण्डकाव्यमा मुख्यत; वीर रसको प्रयोग पाइन्छ । तात्कालिक राणाशासन विरुद्धमा मङ्गलमान लगायत धेरै युवाहरुको सक्रियताका साथ आन्दोलनमा उत्रिएका कुरा यसमा प्रस्तुत गरिएको छ :

चेतनाको राँको बाली युवाहरु झरे ।

राणाशाही विरुद्धमा बोल्ने आँट गरे । (५/२८:२२)

**ग) हास्य रस**

सहृदयीका अन्तरमनमा हाँसो स्थायी भाव जागृत भई उत्पन्न हुने रसलाई हास्य रस भनिन्छ । यस खण्डकाव्यमा मङ्गलमानले गरेको देशप्रतिको योगदानको कुनै कदर नभएको माछो-माछो भ्यागुतो भएको भनी हास्यात्मक ढङ्गले कवि यसरी प्रस्तुत गर्दछन् :

"माछो-माछो भ्यागुतो" भो यत्न भयो व्यर्थ

देश मात्र ठगिँदै गो लाखौँ-लाखौँ पल्ट । (१/१८:११)

**घ) करुण रस**

सहृदयीका अन्तरमनमा शोक स्थायी भाव जागृत भई उत्पन्न हुने रसलाई करुण रस भनिन्छ । यस खण्डकाव्यमा करुण रसको व्यापक प्रयोग पाइन्छ । देश र जनताको हितको लागि विस्वार्थ ढङ्गले अहोरात्र क्रान्तिको विगुल फुकेर हिड्ने मङ्गलमानको दर्दनाक मृत्युलाई यस काव्यमा यसरी प्रस्तुत गरिएको छ :

पृथिवीको यौटा घाउ सैनी धेरै दिनको

बोकी कठै ! आज हाम्रो मङ्गलमान मऱ्यो । (१/८:११)

**ङ) रौद्र रस**

सहृदयीको अन्तरमनमा सुषुप्त रहेको क्रोध स्थायी भाव जागृत भई उत्पन्न हुने रसलाई रौद्र रस भनिन्छ । प्रस्तुत खण्डकाव्य क्रान्तिकारी खण्डकाव्य भएकोले यसमा रौद्र रस पर्याप्त पाइन्छ । रानीपोखरीमा मारेर फालेको लाशलाई आफूखुसी हाम्फालेर मरेको भनी डाक्टरले घोषणा गरेपछि दोषीलाई ढाकछोप गर्न खाजेको देखि मङ्गलमानलाई असह्य हुन्छ र विरोध जनाउँदछः

अस्पताल बाहिरबाट गर्ज्यो मङ्गलमान

डाक्टरको बिग्र्यो मति कालगति ह्वैन । (१४/९:४२)

**च) वीभत्स रस**

सहृदयीका अन्तरमनमा जुगुप्सा स्थायी भाव जागृत भई उत्पन्न हुने रसलाई वीभत्स रस भनिन्छ । यस खण्डकाव्यमा समाजमा भएको जातीय असमानतालाई समतामूलक बनाउने मङ्गलमानको उद्देश्य र आफूभन्दा सानो जात मानिने च्यामिनीसँग विवाहको प्रस्ताव राख्दा च्यामिनीले आफू तल्लो जात भएकोले मङ्गलमानको समेत इज्जत गिर्ने कुरा यसरी प्रस्तुत गरेको पाइन्छ :

सबैलाई छिःछिः भई खस्नुहुन्छ तल

कुचिकार बन्न सक्ने छैन फेरि बल । (१३/१८:३९)

**छ) शान्त रस**

सहृदयीका अन्तरमनमा शान्ति स्थायी भाव जागृत भई उत्पन्न हुने रसलाई शान्त रस भनिन्छ । यस काव्यमा नेपालको राजधानी भनिने काठमाण्डौ शहरको चित्रण यसरी गरिएको छ :

देवता र देवतीका मन्दिरहरु वेश

त्यसैले नै भन्छन यसलाई मन्दिरको देश । (२/२: १३)

**ज) भयानक रस**

सहृदयीका अन्तरमनमा भय स्थायी भाव जागृत भई उत्पन्न हुने रसलाई भयानक रस भनिन्छ । यस खण्डकाव्यमा भयानक रसलाई प्रस्तुत श्लोकमा यसरी चर्चा गरिएको छ :

भय, त्रास, अन्यायको मुर्दा शान्ति ओडी

अमनचैन भन्ने गर्छन् न्याय तर्क छोडी । (२/८:१३)

**झ) अद्भूत रस**

सहृदयीका अन्तरमनमा रहेको आश्चर्य स्थायी भाव जागृत भई उत्पन्न हुने रसलाई अद्भूत रस भनिन्छ । प्रस्तुत खण्डकाव्यमा तात्कालिक राणाशासनले जर्जर स्थितिमा विद्यार्थीले जाँचमा गल्ति लेखेको भनी उसलाई जेल सजाय दिएको र उसको बाबुले जाँचमा लेख्न पनि नपाउनु यो कस्तो अन्याय भनी आश्चर्य जनक कुरा यसरी व्यक्त गरेको छ :

बाघको यो छालामाथि स्यालको यो दाइँ

जाँचमहाँ लेख्नु पनि कसूर हो काहीँ ! (५/११:२१)

यसरी प्रस्तुत खण्डकाव्यमा कवि श्रेष्ठले विभिन्न स्थायी भाव सञ्चारित हुने गरी नव रसको प्रयोग गरेको पाइन्छ ।

नेपाली साहित्यमा पहिलो पटक क्रान्ति शब्दको प्रयोग गरी कविता लेख्ने श्रेष्ठको 'मङगलमान' खण्डकाव्यमा पनि विशुद्ध क्रान्तिकारी विचारधारा अभिव्यक्त भएको पाइन्छ । जसद्वारा पाठक तथा श्रोतालाई भावन गर्दा उत्साह भाव पैदा हुन्छ । खण्डकाव्यकार श्रेष्ठले

तात्कालिक राणाशासनबाट जर्जर अवस्था र त्यसपछिको नेपालमा भएको राजनीतिक तथा सामाजिक घटनालाई आधार बनाई त्यसप्रति आफूमा भएको क्रान्तिचेतलाई मङ्गलमानको माध्यमद्वारा व्यक्त गरेका छन् । समाजमा हुने वर्ग विभेद जाति विभेदजस्ता कुराको विरुद्धमा उत्रिएको मङ्गलमानले क्रान्तिकारी प्रगतिवादी विचारधाराको अवलम्बन गरी समाजमा समानता ल्याउनको लागि धेरै चेष्टा गरेको छ । समाजमा धनी सुब्बाको व्यवहारप्रति आक्रोशित भएर त्यसको प्रतिकार गर्नु देखि मङ्गलमालमा उब्जेको क्रान्तिकारी सोच १९९७ सालको शहिदकाण्डले झन् विकशित बनाएको र २००७ सालको प्रजातन्त्र प्राप्तिबाट उत्साहित जनतामा पुनः निराशाभाव झल्किनुले क्रान्ति निरन्तरता रहनु, २०१५ सालको आमचुनाव र २०१७ सालको पञ्चायती व्यवस्थाबाट झन् प्रताडित मङ्गलमानमा जीवन अवधिभर क्रान्तिकारी भएरै इहलीला समाप्त गरेको पाइन्छ ।

नेपालको राजनीति तथा सामाजिक विकृति र असमानताबाट विद्रोहमा उत्रेको मङ्गलमान लगायत क्रान्तिकारी युवाहरु तात्कालिक राणाशासन ढाल्ने परिवर्तनकारी सोचले एकजुट भई आन्दोलनमा उत्रिन्छन् ।

चेतनाको राँको वाली युवाहरु झरे

राणाशाही विरुद्धमा बोल्ने आँट गरे । (५/२२:२८)

आन्दोलनले पूर्णता पाउँछ, प्रजातन्त्र आउँछ, तर जनताले सोचेजस्तो हुन्न निश्वार्थ भावनाले लाग्नेहरु पछि पर्छन् तर सत्तामा पुग्नेहरु स्वार्थी र देशद्रोही बन्छन् । मङ्गलमानजस्ता सच्चा देशभक्त, राष्ट्रप्रेमीलाई त्यो कुरा पाच्य हुँदैन र पुनः क्रान्तिको बाटो अगाल्न बाध्य हुन्छन् । यसपश्चात् पनि जनताको हितको निमित्त शासन सत्ताको विरुद्धमा क्रान्ति जारी रहन्छ । यस्तै देशमा जुन शासनसत्ता आएपनि जनताले पाउने सेवा सुविधामा कुनै फरकपन नआएको भन्दै जति क्रान्ति गरेपनि जनताले शान्ति नपाएको र केही परिवर्तन नभएको भन्दै कवि यसो भन्छन् ।

उही सिसी उही भाँडो रङ्ग मात्र भिन्न

दोहोरिन्छ साविक नै नौलो केही हुन्न । (१७/४६:३)

यसरी श्रेष्ठद्वारा रचित यस खण्डकाव्यमा समाजमा भएको ऐतिहासिक राजनैतिक घटनालाई र सामाजिक वर्गविभेद र जातिविभेद गरी असमानता भएको छ । अछुतको संज्ञा दिई मानिस मानिसबीच गरिने भेदभावका कारण मङ्गलमानले चर्को आवाज उठाएको छ । जनताको हक हितको निमित्त क्रान्तिको आन्दोलनमा उत्रिदा मङ्गलमान लगायत अन्य युवाहरुले भोग्नुपरेको जेल जीवन र जेलभित्रैपनि विभिन्न क्रियाकलापद्वारा गरेको विद्रोहजस्ता घटनाहरु विद्रोह र क्रान्तिको उपज आएको पाइन्छ । मङ्गलमानको जन्मदेखि मृत्युसम्मको घटनालाई हेर्दा उसको जीवन अवधिभर क्रान्ति नै क्रान्तिमा बितेको हुनाले पनि प्रस्तुत खण्डकाव्यमा क्रान्तिकारी विचारधारा प्रवल रुपमा देखिन्छ । साथै तात्कालिक शासन सत्ताबाट पीडित जनताको मुक्तिको निमित्त मङ्गलमानले गरेको विद्रोह छ, जसलाई प्रगतिवादी विचारको रुपमा पनि लिन सकिन्छ ।

यस्तैगरी यस मङ्गलमान खण्डकाव्यमा मानवतावादी विचार पनि पूर्ण रुपमा प्रस्तुत रहेको छ । यस खण्डकाव्यको प्रमुख पात्र मङ्गलमान नै मानवतावादी विचारद्वारा ओतप्रोत भएको र उसकै परिप्रेक्ष्यमा खण्डकाव्य रचना भएकोमा यसमा मानवतावादी विचार छरपस्ट पाइन्छ । उसले वि.स. १९९० को विनाशकारी भूकम्पद्वारा नेपालमा भएको क्षति र पीडितहरुको उद्धारको निमित्त सानै उमेरको भएपछि सकेको सहयोग गर्दछ ।

डरभर रत्ती नली मङ्गलमान घुम्छ

बालकैथ्यो तर पनि मद्दत गर्न पुग्छ । (२/१५:३२)

त्यस्तै देशको राजनीतिक रुपमा हेर्दा शासनसत्ताद्वारा जनताले भोग्नुपरेको पीडालाई आत्मसाथ गर्दै वर्ग विभेदको अन्त्य गर्ने ध्येयले जनताको मुक्तिको निमित्त लड्ने मङ्गलमानमा देश र जनताप्रतिको भावना प्रशस्त देखिन्छ । समाजमा गरिने जातीय असमानताका कारण देखिएको विकृतिलाई अन्त्य गर्नको निमित्त उसले विभिन्न प्रयास गर्छ । त्यसैले अछुत प्रथा उन्मूलन गरी समतामूलक समाज बनाउनु पर्ने धारणा व्यक्त गर्दछ । यो उसले अछुतहरुप्रति देखाएको मानवतावादी विचार हो ।

अछुतको यस्तो कथा अन्त्य गर्नुपर्छ

मान्छे - मान्छे बराबर हो ज्यूँन सिक्नुपर्छ। (१२/३७:८)

यसरी राजनीतिक खिचातानी र सामाजिक पुरातनवादी विचार तथा कुसंस्कार, समाजमा देखिएको जातिगत र वर्गगत विभेदका कारण मान्छेमा मानवता गुम्दै गएको कुरा मङ्गलमानको मृत्यु पश्चात् उसको लास उठाउन समेत कोही नभएको प्रसङ्गबाट प्रष्ट देखिन्छ । देश र जनताको हितको निमित्त उसले गरेको त्याग र बलिदानलाई कसैले बुझ्न नसकेको तथा मान्छेमा मानवीयताको भावना नभएको तर मानवेतर प्राणी कुकुरले बुझेजस्तै गरी उसको लाश बोकेर गएको देखि बाटो छोडेको छ । कुकुरले बरु मानवता देखाएको तर मान्छेमा त्यति विवेक पनि नरहेको भनी कवि नेपाली समाजप्रति व्यङ्ग्य भाव व्यक्त गर्दछन् । यसर्थ खण्डकाव्यभर सामाजिक तथा राजनीतिक क्षेत्रमा मङ्गलमानले गरेको योगदान मानवीयताका दृष्टिमा उच्च मूल्याङ्कनमा राखेर हेर्न सकिन्छ ।

यस्तै 'मङ्गलमान' खण्डकाव्यमा समनतामूलक विचार पनि प्रशस्त पाइन्छ । खण्डकाव्यमा मङ्गलमानले वर्गगत र जातिगत असमानता, अन्याय, अत्याचारको विरुद्धमा धेरै विद्रोह गरेको छ । समानताको कार्यान्वयन गर्नको निमित्त पाठशाला खोली अछुतका बालबच्चा पढ्ने वातावरण सिर्जना गरेको छ ।

"हरिजन विद्याश्रम ज्योत्स्ना" नाम राखी

पोडेटोल घुमीकन सबैलाई डाकी । (११/३५:९)

यसरी समाजमा अछुत मानिनेहरुसँग खाने बस्ने लगायत समानता र समाज परिवर्तनको निमित्त आफूले वैवाहिक सम्बन्ध पनि च्यामिनीसँग गर्ने निर्णय गर्दछ । तसर्थ समाजमा भएको जातीय र वर्गीय समानताको लागि मङ्गलमानले गरेको योगदान उल्लेखनीय रहेकोले यस खण्डकाव्यमा समानतावादी विचार पाइन्छ ।

त्यस्तै मङ्गलमान खण्डकाव्य बलिदानी विचार प्रधान खण्डकाव्य पनि मानिन्छ । तात्कालिक शासन, शोषण, अन्याय, अत्याचारको विरुद्धमा उत्रिएका युवाहरुले भोग्नुपरेको जेलजीवन र यातनाबाट कोही केही विचलित नभएको र देश र जनताको हितको निमित्त आफूहरु बलिदान दिन पछि नपर्ने कुरा खण्डकाव्यमा प्रस्तुत छ । यसरी आफूहरुले भोग्नुपरेको कष्टदायी जेल जीवनबाट आक्रोशित मङ्गलमान झन् आतङ्कित भई यस्तो कुरा व्यक्त गर्दछ ।

"सभ्ये मात्र यो त खालि भोज अझै बाँकी

रगतको खोलो नै हो प्रगतीको फाँकी ।" (७/२७:१२)

१९९७ सालको शहिदकाण्डको घटनालाई हेर्दा पनि राणाशासनको विरुद्धमा प्रजातन्त्र ल्याउनको लागि आन्दोलनमा होमिएका चार जनाले देशको निमित्त बलिदान दिएका छन् ।

धर्मभक्त, शुक्रराज रुखमाथि फल्छन्

गङ्गा, दशरथ पनि तातो गोली खान्छन् । (४/१९:८)

यसरी आफ्नो देश र जनताको निमित्त मरिमेटेर लागिपर्ने, आफ्नो जीवनको आहुती दिन तत्पर मङ्गलमान लगायत अन्य वीर सपूतहरुले गरेको योगदान, र बलिदानी विचारले यस खण्डकाव्य झन् प्रभावशाली बनेको छ ।

समग्रमा भन्नुपर्दा श्रेष्ठद्वारा रचित 'मङ्गलमान' खण्डकाव्य वैचारिक तथा विचार प्रधान खण्डकाव्य हो । ऐतिहासिक घटनालाई लिएर कविले आफ्नो काल्पनिकतालाई पनि सम्मिश्रण गरी रचना गरिएको हुनाले केही हदसम्म बौद्धिक बनेको छ । मूलत; क्रान्तिकारी-प्रगतिवादी, मानवताबादी, विचार प्रवल रुपमा रहेको र यसको अतिरिक्त समानतामूलक, बलिदानी विचार पनि देखिन्छ । सामान्यतया खण्डकाव्यको आदि र मध्य भागमा पाठकलाई उत्साह भाव रहन्छ भने खण्डकाव्यको अन्त्यमा मङ्गलमानको मृत्युले करुण भाव उत्पन्न हुने देखिन्छ ।

## ३.५ जीवनदृष्टि र लेखकीय पक्षधरता

साहित्यलाई जीवनको अभिव्यक्ति मानिन्छ । खण्डकाव्यमा पनि जीवनका कुनै एक पक्षको समुद्घाटन हुन्छ । खण्डकाव्यमा कथा, पात्र र परिवेशको माध्यमद्वारा रचनाकारले जीवन जगतलाई हेरेका हुन्छन् । त्यस हेराइकै धरातलमा खण्डकाव्यको संरचना हुने हुँदा खण्डकाव्यमा जीवनदृष्टि र लेखकीय पक्षधरता अप्रत्यक्ष रुपमा प्रस्तुत गर्नु आवश्यक छ । त्यसकारण खण्डकाव्यमा कुनै न कुनै रुपमा जीवनदृष्टि रहन्छ, जसलाई तत्वकै रुपमा स्वीकार गरिएको छ । खण्डकाव्यकार श्रेष्ठद्वारा रचित प्रस्तुत 'मङ्गलमान' खण्डकाव्य ऐतिहासिक यथार्थवादी खण्डकाव्य हो । जसमा प्रयुक्त विषयवस्तु र घटनालाई कवि स्वयम्ले देखेका र भोगेका छन् ।

त्यसैले कतिपय समालोचकहरुले त्यसमा प्रयुक्त प्रमुख पात्र मङ्गलमानलाई सिद्धिचरणकै उपनाम हो, भनी व्याख्या विश्लेषण गरेको पाइन्छ ।

“नेपाली वाङ्मयमा क्रान्तिको पहिलो बिन्दु छर्ने युगकवि सिद्धिचरण श्रेष्ठको क्रान्तिकारी जनमुखी खण्डकाव्यको नाम हो - मङ्गलमान । मङ्गलमान ज्वालामुखी हो - अन्याय, अत्याचारको सातो काढ्ने । शोषण, दमन, उत्पीडनको झ्याको झार्ने मङ्गलमान नेपालमान हो र सिद्धिमान (सिद्धिचरण) पनि ।” (विश्वनाथ भण्डारी)

खण्डकाव्यकार श्रेष्ठका खण्डकाव्य मध्ये ‘मङ्गलमान’ खण्डकाव्य पनि एक वैचारिक तथा उत्कृष्ट खण्डकाव्य हो । नेपाली साहित्यमा प्रथम पटक ‘क्रान्ति’ शब्दको प्रयोग गर्ने श्रेष्ठको यो काव्य पनि विशुद्ध क्रान्तिकारी खण्डकाव्य हो, भन्दा फरक नपर्ला । उनले आफ्नो काव्यको सार्थकताको निमित्त मङ्गलमान जस्तो देशभक्त, निडर, क्रान्तिकारी र विद्रोही स्वभावको पात्र चयन गरेर आफ्नो मनोभावहरु उसमार्फत व्यक्त गरेका छन् । १९९० सालको भूकम्प, १९९७ सालको सहिदकाण्ड, त्यसको कारण कारावासको भोगाई, जेलमुक्त पश्चात् प्रजातन्त्र प्राप्ति भएपनि जनताले कुनै राहत महसूस नपाएको स्थिति, २०१५ सालको आमचुनाव, २०१७ सालपश्चात्को पञ्चायती व्यवस्था, सामाजिक असमानता जस्ता घटनालाई श्रेष्ठले काव्यमा पस्किएका छन् । जुन कुराहरु कवि आफै स्वयम् भएको अनुमान लगाउन सकिन्छ । किनकि यस काव्यका घटनाक्रमसँग कवि व्यक्तित्वमा मेल खान पुगेको छ ।

यस खण्डकाव्यमा कवि श्रेष्ठले राजनैतिक घटनालाई एक पक्षमा हेरेका छन् भने सामाजिक घटनालाई अर्को पक्षमा हेरेको पाइन्छ । तात्कालिक राणाशासनबाट सामान्य जनताले भोग्नुपरेको दुःख, पीडा, यातना जस्ता कुरा राजनैतिक रुपमा छन् भने सामाजिक रुपमा समाजमा भएका असमानता, वर्गगत विभेदजस्ता कुराले पिल्सिएका गरिब, पीडित जनताको दर्दनाक रुपलाई चित्रण गरेका छन् । तिनै निम्न वर्गको पक्षमा उभिएका उनले काव्यमार्फत सधैँ विद्रोही स्वर निकालिरहे । देशको खातिर रगत बगाउन समेत पछि नपर्ने उनी काराबासको समयमा देश र नेपालआमा प्रति केही गर्न नसकेको र नेपालआमाको ऋणको अभिभारा मात्र बोकेको सम्झी ज्यादै चिन्तित थिए । जनताको हितको निमित्त आवाज उठाउँदा जेल चलान गरिएको उनलाई एक्लो छोरो भएर बाबुको काजक्रिया गर्न पनि नपाएकोमा उनले यस

खण्डकाव्यमा मङ्गलमानले आमाको काजक्रिया गर्न नपाएको कुरा व्यक्त गरी राणाशासन प्रति खेद प्रकट गरेका छन् ।

प्रगतिवादी जीवनदर्शनको प्रस्तुति रहेको यस खण्डकाव्यमा श्रेष्ठले समाजमा भएका शोषित वर्गको प्रतिनिधित्व गरी विकृतिलाई चिरफार गर्नको लागि उनले मङ्गलमान पात्रलाई उभ्याएका छन् । शहिदकाण्डको दृश्य मङ्गलमानले देख्नु, सोही दृश्यले उसलाई असह्य भै क्रान्तिमा होमिनु, जेल जीवन पश्चात् पनि हिम्मत नहार्नु र देशमा भएका पछिल्ला राजनैतिक घटनाप्रति आफू असन्तुष्ट भै सधैं विरोधमा उत्रिनुजस्ता राजनैतिक घटनाहरु रहेको छ । त्यसमा असन्तुष्ट सधैं विरोध गर्न तत्पर क्रान्तिकारी स्वभावको मङ्गलमान नै कवि सिद्धिचरण थिए । 'क्रान्तिबिना हुँदैनशान्ति' भन्ने भनाइ उनको थियो । त्यस्तै समाजमा जातीय, वर्गीय असमानताप्रति पनि असन्तुष्ट रहेका श्रेष्ठले समतावादी समाजको परिकल्पना गरेका छन् । यस खण्डकाव्यमा मङ्गलमानले समाजमा तल्लो जात मानिने पोडे बस्तीमा खाने बस्ने गर्नु, अछुतका बालबच्चा पढ्ने हरिजन विद्याश्रम ज्योत्स्ना स्कुल खोल्नु, च्यामिनीसँग विवाहको प्रस्ताव गर्नु जस्ता सामाजिक समानताको लागि पनि निम्न वर्ग आफै सक्रिय भै थालनी गर्नुपर्ने विचार श्रेष्ठ प्रस्तुत गर्दछन् ।अन्त्यमा मङ्गलमानले देश र जनताको लागि निस्वार्थ भावनाका साथ मरिमेटे पनि उसको भावनाको कहिल्यै कदर नभएको दर्दनाक मृत्यु वरण गर्नुपरेपनि खण्डकाव्यको अन्त्यमा श्रेष्ठले यस्तो विचार प्रकट गरेका छन् :

लाख-लाख "मङ्गलमान" जन्मदैं छन् यहाँ

सग्राम यो जिन्दगानी बदल्दै छन् यहाँ । (२१/१४:५६)

माथिको श्लोकमा कविले खण्डकाव्यमा मङ्गलमानको मृत्युपश्चात् समाजमा शोषक र सामन्ती वर्गको प्रतिपक्षमा तथा विद्रोहमा लागिरहेने मङ्गलमान निम्न तथा शोषित वर्गको पक्षमा लाग्ने अझै लाखौं मङ्गलमानको जन्म हुने र समतावादी समाजको निर्माण गर्ने प्रतिबद्धता यस खण्डकाव्यको अन्त्यमा गरेका छन् ।

## ३.६ निष्कर्ष :

नेपाली साहित्यको क्षेत्रमा एक प्रतिभाशाली कवि सिद्धिचरण श्रेष्ठको 'मङ्गलमान' खण्डकाव्यमा ऐतिहासिक यथार्थवादलाई कथावस्तु बनाइएको छ । जसमा सामाजिक र राजनैतिक कुरालाई पनि झल्काइएको छ । यसमा प्रमुख पात्र मङ्गलमानको जन्मदेखि मृत्युसम्मको घटनालाई समावेश गरिएको छ । मङ्गलमान यस खण्डकाव्यको नायक एवम् प्रमुख चरित्र हो । सामाजिक तथा राजनैतिक विकृति र विसङ्गतिको सधैँ विरोधमा उत्रिने र समानताको पक्षमा आवाज उठाउने मङ्गलमानको चरित्र रहेको छ । त्यस्तै सहायक पात्रको रुपमा सुब्बा रहेको छ । भने केही पात्रहरु गौण पात्रको भुमिकामा आएका छन् भने केही पात्रहरु सुच्य पात्रको रुपमा मात्र यस खण्डकाव्यमा उपस्थित देखिन्छ । परिवेशगत रुपमा राजधानी काठमाण्डौको विभिन्न स्थानहरु छन् । वीर रस प्रधान रहेको यस काव्यमा प्रगतिवादी परिवर्तनकारी विचार बोकेको क्रान्तिकारी खण्डकाव्य मानिन्छ । जसमा श्रेष्ठले मङ्गलमानमार्फत आफ्नो अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

**परिच्छेद चार**

# 'मङ्गलमान' खण्डकाव्यको रूपविधान

नेपाली साहित्यका विशेषगरी स्वच्छन्दतावादी धारामा साहित्य सिर्जना गर्ने कवि सिद्धिचरण श्रेष्ठको 'मङ्गलमान' खण्डकाव्यमा तात्कालिक सामाजिक तथा राजनैतिक विषयवस्तुलाई उठान गरिएको छ । विषयवस्तुलाई उपयुक्त ढङ्गले प्रस्तुत गर्नका लागि खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठले खण्डकाव्यको रुप पक्षलाई पनि प्रभावकारी बनाउने प्रयास गरेको देखिन्छ । यस परिच्छेदमा 'मङ्गलमान' खण्डकाव्यको रुपविधानसम्बन्धी विवेचना गरिएको छ ।

## ४.१ शीर्षक

कवि सिद्धिचरण श्रेष्ठद्वारा रचित प्रस्तुत 'मङ्गलमान' खण्डकाव्यको प्रमुख पात्र तथा नायकको नामबाट चयन गरिएको छ । उक्त शीर्षकलाई पद कोटिका आधारमा हेर्दा सो पद व्यक्तिवाचक नाम पदका रुपमा रहेको छ । श्रेष्ठले ऐतिहासिक पात्र मङ्गलमान खण्डकाव्यमा उपस्थित गराएर उसले जीवनमा देखेका र भोगेका घटनालाई कवि कल्पना सहित प्रस्तुत गरेका छन् । करिब तीन दशक लामो इतिहास बोकेको यस खण्डकाव्यमा तात्कालिक अवस्थाको राजनीतिक र सामाजिक घटना र त्यसमा मङ्गलमानले निभाएको भूमिकालाई यसमा प्रस्तुत गरिएको छ । राजनीतिक रुपमा हेर्दा राणाशासन, प्रजातन्त्र, आमचुनाव, पञ्चायती व्यवस्था जस्ता शासनहरु र त्यसबाट जनताले पाएको प्रतिफल भोगेर आएका श्रेष्ठले आफ्नो मनोभावलाई समेटेर मङ्गलमानजस्तो क्रान्तिकारी पात्र खडा गरी उसैको नामले शीर्षक तय गरेका छन् ।

यस खण्डकाव्यको कथावस्तु मङ्गलमानसँगै सम्बन्धित भएर आएको छ । खण्डकाव्यको आरम्भदेखि अन्त्यसम्म उसकै केन्द्रीयतामा रहेकोले पनि यस खण्डकाव्यमा विषयवस्तु र शीर्षकबीच तालमेल रहेको पाइन्छ । यसको विषयवस्तु अनुरुप विद्रोह गर्नको निमित्त मङगलमान जस्तो निडर, विद्रोही, स्वभाव र क्रान्तिकारी, प्रगतिवादी तथा समतावादी विचार भएको वीर पुरुष मात्र सक्षम रहने देखिन्छ । तात्कालिक समाज र शासनको बाघडोरलाई भत्काउनको निमित्त उसले गरेको व्यक्तिगत र सामूहिक योगदान तथा त्यसको लागि जुनसुकै

तवरले पनि पछि नहटी देश र नेपाल आमाको रक्षाको लागि नै आफ्नो इहलीला समाप्त गर्ने मङगलमान सर्वसाधारण नेपाली जनताको प्रतीकात्मक नामको रुपमा स्थापित रहेको छ ।

यस्तै मङगलमानले खण्डकाव्य अवधिभर नै गरिब तथा सर्वहारा वर्ग तथा समाजमा अछुत मानिने वर्गको पक्ष लिई अन्याय विरुद्ध  जस्तोसुकै कदम पनि चाल्न सक्षम रहेको छ । त्यसैले निस्वार्थ ढङ्गले देश र जनताको निमित्त आफ्नो ज्यानको समेत आहुति दिन पछि नहट्ने यस खण्डकाव्यको नायक मङ्गलमानको नामबाट शीर्षक चयन गर्नु उचित ठानिन्छ । पात्रको नामद्धारा शीर्षक चयन गरिएकोले पात्रप्रवृत्तिगत शीर्षक मानिने यस काव्यको शीर्षक अभिधात्मक रहेको छ । यसर्थ प्रचलित परम्परा अनुरुप खण्डकाव्यको शीर्षक नायक वा नायिकाका नामबाट राख्न सकिने भएकाले पनि पात्र अनुकूलको शीर्षक सार्थक तथा उपयुक्त नै देखिन्छ ।

## ४.२ संरचना

### (क) बाह्य संरचना

सिद्धिचरण श्रेष्ठद्वारा रचित प्रस्तुत ‘मङ्गलमान’ खण्डकाव्य एक सशक्त ऐतिहासिक, सामाजिक विषयवस्तु समेटिएको करिब तीन दशकको राजनीतिक घटनालाई आधार बनाई लेखिएको क्रान्तिकारी विचार प्रधान खण्डकाव्य हो । आकारको रुपमा डिभाइन साइजको यस खण्डकाव्यलाई २१ सर्गमा विभाजन गरिएको छ । श्लोक सङ्ख्या वितरणको आधारमा समान नभई प्रत्येक खण्डमा पृथक-पृथक श्लोकले विभक्त गरी रचना  गरिएको छ । यसरी खण्ड अनुरुप असमान श्लोक रहनुले पनि श्रेष्ठ स्वच्छन्दतावादी कवि हुन् भन्ने पुष्टि हुन्छ । खण्डकाव्य लेखनको क्रममा स्फुरण बढी हुँदा वा विषयले कविचेतनालाई प्रभावित तुल्याइरहँदा सिर्जना लामो बन्ने र स्फुरण कम हुँदा वा कविचेतना उदासीन बन्दाका बखतमा सिर्जना खुम्चिने स्वच्छन्दतावादी कवि वैशिष्ट्य सिद्धिचरणको ‘मङ्गलमान’ खण्डकाव्यमा पनि देखिन्छ । यस खण्डकाव्यमा खण्ड, श्लोक र पङ्क्तिहरुको विभाजनलाई तालिकीकरण गरी यसरी देखाउन सकिन्छ :

| सर्ग | श्लोक | पङ्क्ति |
| --- | --- | --- |

| | | |
|---|---|---|
| १ | २४ | ४८ |
| २ | ३३ | ६६ |
| ३ | १७ | ३४ |
| ४ | १६ | ३२ |
| ५ | ३४ | ६८ |
| ६ | २९ | ५८ |
| ७ | १२ | २४ |
| ८ | १२ | २४ |
| ९ | २४ | ४८ |
| १० | ८ | १६ |
| ११ | १८ | ३६ |
| १२ | १४ | २८ |
| १३ | २५ | ५० |
| १४ | १३ | २६ |
| १५ | १५ | ३० |
| १६ | ९ | १८ |
| १७ | १९ | ३८ |

| | | |
|---|---|---|
| १८ | १६ | ३२ |
| १९ | १० | २० |
| २० | ४४ | ८८ |
| २१ | १४ | २८ |

'मङ्गलमान' खण्डकाव्यको मुख्य पाठ पृष्ठ १० बाट सुरु हुन्छ र पृष्ठ ५६ मा सकिन्छ । यस हिसाबले हेर्दा यो खण्डकाव्यको आयाम जम्मा ४७ पृष्ठमा संरचित छ । यस काव्यको संरचनामा देखिएको स्थितिलाई हेर्दा खण्डकाव्यमा दुई पङ्क्तिको एक श्लोक रहेका छन् । जम्मा २१ सर्ग, ४०६ द्विपदी श्लोक र ८१२ पङ्क्तिमा संरचित प्रस्तुत खण्डकाव्य मझौला आयाममा संरचित छ । यस खण्डकाव्य अन्तर्गत सबै भन्दा कम श्लोक रहेको खण्ड १० मा ८ श्लोक र १६ पङ्क्ति रहेको छ, भने सबैभन्दा बढी श्लोक रहेको २० खण्डमा ४४ श्लोक र ८८ पङ्क्ति रहेको छ । यसरी प्रत्येक खण्डमा पृथक पृथक श्लोक र पङ्क्तिहरु रहेको यस काव्यमा शब्दगत रुपमा पनि भिन्नता पाइन्छ । शब्द प्रयोगको दृष्टिमा श्लोकगत रुपमा हेर्दा ७ देखि १६ शब्दको सम्म प्रयोग देखिन्छ । सरसरती पुरै कृति र श्लोकलाई नियाल्दा प्राय; श्लोकमा ११/१२/१३ शब्द रहेका श्लोकहरु अधिक रुपमा पाइन्छ, भने ८/९/१०/१४/१५ शब्द भएका श्लोकहरु न्यूनतम नै देखिन्छ । यसर्थ सबैभन्दा कम शब्द भएको श्लोक अर्थात् ७ शब्द मात्र भएको श्लोक र सबैभन्दा धेरै शब्द अर्थात् १६ शब्द भएको श्लोक १/१ ओटा मात्र रहेको छ ।

सबैभन्दा थोरै शब्द भएको श्लोक :

झुक्नुपर्यो आखिरमा न्यायीहरुसित

जनताले गरिछाडे जनताको हित ।(१४/१२ :४२)

प्रस्तुत श्लोक यस खण्डकाव्यमध्यकै थोरै शब्दको प्रयोग भएको श्लोक हो, जसको पहिलो पङ्क्तिमा ३ शब्द र दोस्रो पङ्क्तिमा चार शब्द रहेका छन् । थोरै शब्दको प्रयोग भएपनि यसमा अन्य श्लोकजस्तै पूर्णता भने अवश्य रहेको छ ।

सबैभन्दा धेरै शब्द भएको श्लोक :

"आज के भो ! आज के भो ! निष्ठुरी हो बोल !

शून्य धर्ती, शून्य नभ, शून्य भयो गोल ।" (२०/४०:५०)

पहिलो पङ्क्तिमा रहेका नौ शब्द र दोस्रो पङ्क्तिमा रहेका सात शब्दद्वारा संरचित यो श्लोक 'मङ्गलमान' खण्डकाव्यकै बढी शब्दको प्रयोग भएको श्लोक हो । मङ्गलमानको मृत्यु पश्चात् खण्डकाव्यकारले सम्पूर्ण कुरा शून्यताको भएको भनी उक्त श्लोकमा उद्धृत गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा दुबै श्लोकहरुमा अक्षर संरचनाको दृष्टिले उस्तै रहेपनि शब्दगत रुपमा भने फरक पाइन्छ । जसलाई स्वच्छन्दतावादी कवि श्रेष्ठको संरचनात्मक दृष्टिमा कलात्मक भेटिन्छ । सम्पूर्ण सर्गमा समान श्लोक र सम्पूर्ण श्लोकमा समान शब्द अनि अक्षर संरचना नभएपनि प्रस्तुत खण्डकाव्य बाह्य संरचनाको दृष्टिमा सबल र उत्कृष्ट रहेको छ ।

### (ख) आन्तरिक संरचना

खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठद्वारा रचित प्रस्तुत 'मङ्गलमान' खण्डकाव्य एक प्रगतिवादी क्रान्तिकारी युवा मङ्गलमानको सचित्र जीवन जन्मदेखि उसको इहलीला समाप्त सम्मको घटनालाई विषयवस्तु बनाइएको एक ऐतिहासिक खण्डकाव्य हो । २१ सर्गमा विभक्त यस खण्डकाव्यको केन्द्रीय कथ्यको उठान पक्षलाई हेर्दा १ र २ सर्ग रहेको छ । जसमा कविले मङ्गलमानको सामान्य परिचय र पारिवारिक स्थिति तथा सम्बन्धको वर्णन गरिएको छ ।

आमा गणेशकुमारी हुन् बावु गणेशमान

बयासी साल साउन मैन्हा जन्म्यो मङ्गलमान (२/१५:१४)

यसमा मङ्गलमानको बालकपनको पनि चर्चा गरिएको छ । १९९० सालको भुकम्पमा ८ वर्षको उमेरमा पनि भूकम्प पीडितलाई उसले गरेको मद्दत, जस्ता कुराले उठान पक्षमा नै मङ्गलमानको अनुमानित जीवन चित्र उतारिएको छ ।

त्यस्तै सर्ग ३ देखि १८ सर्ग सम्म यस खण्डकाव्यको केन्द्रीय कथ्यको विकास पक्ष मानिन्छ । जसमा मङ्गलमानले समाजलाई बुभ्न थालेको र क्रान्तिकारी विचारधाराको साथ देश र जनताको हितको निमित्त उसले गरेको सङ्घर्ष, जसको कारण तात्कालिक शासन सत्ताले दिएको कारावासको यातना, भोगाइ जस्ता कुराहरु यस अन्तर्गत पर्दछन् । खण्डकाव्यमा प्रयुक्त समयावधिको हिसाबले १९९७ देखि २०१५ सम्मको घटनाक्रम यसमा पर्दछन् । १९९७ सालको सहिदकाण्ड, त्यसपश्चात् मङ्गलमानले गरेको शासन वर्गप्रतिको विरोध, उसले भोग्नुपरेको कारावास जीवन, २००७ सालको प्रजातन्त्र प्राप्ति, तत्पश्चात् पनि जनताले भोग्नुपरेको सास्ती, २०१५ सालको आमचुनावजस्ता घटनाहरु उठान पक्ष हुन् । यस सन्दर्भलाई हेर्दा मङ्गलमान कुनै कुरामा नचुक्ने उसको प्रगतिवादी क्रान्तिकारी विचार पनि यथावत् नै रहेको छ ।

मौका केही भेट्नासाथ दिई खुब ध्यान

सङ्घर्षको बाटो हिड्थ्यो सधैँ मङ्गलमान (१५/१:४३)

यसरी सामाजिक असमानता र राजनैतिक विषमतालाई चिर्दै सधैँ शोषित जनताको पक्षधरमा मात्र लागिरहने मङ्गलमानको जीवनयात्रा सधैँ सङ्घर्षशील नै व्यतीत भएको छ । खण्डकाव्यको १९ देखि २१ सर्ग सम्म केन्द्रीय कथ्यको समापन भाग हो । जसमा मङ्गलमानले गरेको निस्वार्थ योगदानको खातीर उसले समाज र राज्यबाट पाएको दण्डको उपज थियो । कारावास जीवन र त्यसबाट प्रताडित उसले खण्डकाव्यको अन्त्यमा मृत्यु वरण गर्नु परेको थियो । जसलाई कविले मङ्गलमानको मृत्युलाई भर्त्सना गर्दै उसले गरेको योगदानको कदर गर्दै अन्याय अत्याचारको खण्डन र विरोध गर्ने लाख-लाख मङ्गलमानको खाँचो रहेको र जन्मनेछन् भनी यस खण्डकाव्यको समापन गरेका छन् ।

लाख-लाख “मङ्गलमान” जन्मँदै छन् यहाँ

सङ्ग्राम यो जिन्दगानी बदल्दै छन् यहाँ । (२१/१४:५६)

प्रस्तुत ‘मङ्गलमान’ खण्डकाव्य २१ खण्डमा विभाजित रैखिक ढाँचामा संरचित छ । खण्डकाव्यको प्रारम्भमा लेखकले पहिलो खण्डमा (सर्ग १) मा ‘मङ्गलमान’ खण्डकाव्य लेख्नुको कारण खुलाई दोस्रो खण्ड (सर्ग २) देखि  मङ्गलमानको जन्म देखि उसले गरेको जीवनभर सङ्घर्षशील कुरालाई र उसको मृत्यु सम्मको घटना यस खण्डकाव्यमा रेखीय शैली भएकाले

यसलाई रैखिक ढाँचामा रचना गरिएको छ । त्यस्तै यस खण्डकाव्यमा पुनरावृत्तिको प्रशस्त प्रयोग पाइन्छ । देशमा युवाहरुले जतिसुकै क्रान्ति गरेर राजनैतिक परिवर्तन भएपनि देशले मुहार फेर्न नपाउनु तथा सोझा सिधा जनताले उस्तै सास्ती पाएको तर शोषक वर्गकै राज भएको कुरा पुष्टि गर्दै कवि भन्छन् :

उही सिसी उडी भाँडो रङ्ग मात्र भिन्न

दोहोरिन्छ साविक नै नौलो केही हुन्न । (१७/३:४६)

देशमा जुनसुकै शासन सत्ता आएपनि युवाहरुले जतिसुकै परिवर्तनगामी विचारका साथ जनताको निमित्त पसिना र रगत बगाएर क्रान्ति गरेर राणाशासन ढलेपनि आखिरमा सत्तामा पुग्न सफल त्यही सामन्तवादीहरु नै रहेछन् । यसले जनतालाई कुनै राहतको महसुस दिनुको सट्टा उल्टै पीडाबोध भएको भनी यस खण्डकाव्यमा यस्तो निदर्शन पाइन्छ :

परिवर्तन भयो तर सुख भेटिएन

तिर्खाएको पथिकको तिर्खा मेटिएन । (८/८:२९)

समग्रमा खण्डकाव्यकार श्रेष्ठको यस 'मङ्गलमान' खण्डकाव्यको आन्तरिक संरचनाको दृष्टिमा सफल कृति मानिन्छ ।

## ४.३ लय

काव्यमा उही स्वभावको स्वर व्यञ्जनवर्णको नियमित आवृत्तिले लयको निर्माण गर्ने गर्दछ । अर्थात् काव्यमा आवश्यक गति, यति र मात्राको सफल प्रयोगले लयको सिर्जना गर्दछ र काव्य गेयात्मक बन्दछ । नेपाली साहित्यमा वर्णमात्रिक, मात्रिक, लोक, मुक्त गरी चार थरि लयढाँचाको उपयोग गर्ने गरिएको छ । खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठ स्वच्छन्दतावादी कवि भएकोले पनि प्रस्तुत 'मङ्गलमान' खण्डकाव्यमा लोक लयको प्रयोग भएको छ । यसमा वर्णहरुको नियमितता पाइन्छ ।

खाँचै-खाँचो सबैतिर अब खाँचै टार्ने साँचो ।

खाँचोले नै पत्ता लाग्छ खाँचो टार्ने साँचो । (२/२७:१५)

माथिको श्लोकमा व्यञ्जनवर्ण 'च'र 'ख' वर्णको पटक पटकको आवृत्तिका कारण श्लोक सुमधुर बन्नुको अतिरिक्त 'खाँचो-खाँचो खाँचै, र 'साँचो साँचो' शब्दले यस श्लोक निकै लयात्मक र श्रुतिमधुरता प्रदान गरेको पाइन्छ । श्लोकको पहिलो पङ्क्तिमा सोह्र अक्षर रहेको र दशौँ अक्षरमा विश्राम रहने र दोस्रो पङ्क्तिमा चौध अक्षर रहेको र आठौँ अक्षरमा विश्राम रहेने यस श्लोकमा अनुप्रास मिलेको छ। यसमा लयात्मक नियमितता रहेको छ।

त्यस्तै गरी प्रस्तुत श्लोकमा व्यञ्जनवर्णको अतिरिक्त कतिपय श्लोकमा स्वर वर्णको आवृत्तिले पनि खण्डकाव्यको लय पक्षलाई राम्रो तुल्याएको पाइन्छ। जस्तै :

जानोस् आमा ! आमा ! बैकुण्ठमा जानोस् !

"समाजसेवी भएस् छोरा" आसिक यै दिनोस् ! (६/२२:२५)

प्रस्तुत श्लोकमा प्रयोग भएको स्वर वर्ण 'आ' वर्णको नियमितताले श्लोकलाई लयात्मक बनाएको छ। श्लोकको पहिलो पङ्क्तिमा चौध अक्षर रहेको र सातौँ अक्षरमा विश्राम भएको र दोस्रो श्लोकमा सत्र अक्षर रहेको र दशौँ अक्षरमा विश्राम रहेको छ । यसमा पनि अन्त्यानुप्रासको प्रयोग गरिएको छ।

समग्रमा भन्नुपर्दा यस खण्डकाव्यमा विशेषगरी वर्णगत नियमितता पाइएकोले लोकलय ढाँचामा संरचित रहेको छ । जसमा कुनै कुनै श्लोकहरुमा आद्यानुप्रास, मध्यानुप्रास रहेपनि सम्पूर्ण श्लोकमा अन्त्यानुप्रासको प्रयोगले खण्डकाव्य लयात्मक र गेयात्मक रहेको पाइन्छ।

## ४.४ भाषा

प्रस्तुत 'मङ्गलमान' खण्डकाव्यमा सामान्यत; सरल, सहज र बोधगम्य भाषाशैलीको संयोजन गरिएको छ । यस खण्डकाव्य पठन गर्दा पाठक तथा श्रोताले सहजै बोध गर्न सक्नु यसको वैशिष्ट्य बनेको छ । खण्डकाव्यकार स्वच्छन्दतावादी कवि भएकाले र खण्डकाव्यको अनुप्रास मिलाउनु परेको खण्डमा पनि यस खण्डकाव्यमा विचलन युक्त भाषाको प्रयोग भेटिन्छ। जस्तै :

पसिनाको तेल हाली शिक्षा दीप बाल्छ

आफ्नै दलानमा अब पढाउन थाल्छ। (११/३५/१०)

पसिनाको तेल हाली शिक्षाको दीप बाल्नु भन्ने सन्दर्भ आएको प्रस्तुत श्लोकमा प्रयुक्त भाषा विचलनयुक्त छ । समाजमा हुने गरेको जातीय छुवाछुत जसको कारणले अछुतको बालबच्चा पढ्न शिक्षा हाँसिल गर्न नपाउने अवस्था थियो । मङ्गलमानले सामाजिक असमानतालाई तथा जातीय भेदभावलाई निर्मुल पार्नको निमित्त अछुतको बालबच्चा पढ्ने स्कुल खोल्छ र आफ्नै परिश्रमका साथ पढाउन थाल्छ । यस्तो मङ्गलमानको विशिष्ट विचारलाई खण्डकाव्यकारले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

त्यस्तैगरी यस खण्डकाव्यमा श्रेष्ठले कलात्मक भाषाको प्रयोग गरी काव्यलाई अझै चमत्कारी थप्नु पनि भाषाको दृष्टिमा अर्को वैशिष्ट्य मानिएको छ । जसमध्ये एउटा सानो उदाहरण :

चलनका दैलो खोली बोल्छे रुपवती

हृदयको देवतालाई चाहन्न ऊ खति । (१३/१६:३९)

यस श्लोकमा मङ्गलमानले च्यामिनीसँग विवाहको प्रस्ताव गर्दा च्यामिनीले समाज र संस्कारको कारण आफूहरुको सम्बन्धलाई तथा मङ्गलमानले बाधा खेप्नुपर्ने भएकोले सोही प्रस्तावलाई अस्वीकार गर्दछे । यस्तो च्यामिनीको अभिव्यक्तिलाई खण्डकाव्यकारले निकै कलात्मक भाषामा प्रस्तुत गरेको पाइन्छ । जसले भाषामा चमत्कारीता पनि उत्तिकै मात्रामा थपेको छ ।

त्यस्तै खण्डकाव्यको नियम अनुसार खण्डकाव्यमा रागात्मकता तथा सौन्दर्यात्मकता रहनु खण्डकाव्यको धर्म मानिन्छ तसर्थ यो खण्डकाव्य क्रान्तिकारी प्रगतिवादी खण्डकाव्य भएपनि खण्डकाव्यको नियम अनुसार भाषामा रागात्मकता पनि उपयुक्त ढङ्गले प्रयोग गरिएको छ, जसले कृति सौन्दर्यात्मक बनाएको छ ।

लामा-लामा केश थिए पुष्ट गोरो छाला

गरिबीको बादलमा जूनकीरी ज्वाला ।(१३/१४:३९)

प्रस्तुत श्लोकमा जूनकीरीको ज्वालाजस्तै एउटी युवती (च्यामिनी) जसको रुप सौन्दर्यले धपक्क बलेको शरीरको वर्णन भएको छ । उसलाई मङ्गलमान प्रेम गर्न चाहन्छ । जसमा मान्छे गरिब भएपनि उसलाई यौवनले भेदभाव नगर्ने जुन प्राकृतिक रहेको कुरालाई निकै मार्मिक

ढङ्गद्वाराकविले रागात्मक भाषालाई यस श्लोकमा प्रस्तुत गरेका छन् जसले भाषामा सौन्दर्यता बनाएको छ ।

प्रस्तुत खण्डकाव्यमा खण्डकाव्यकारले लक्षित अभिव्यक्ति दिने लाक्षणिक भाषाको प्रयोग पनि प्रशस्त गरेको पाइन्छ । जस्तै :

वसन्तको लुगा लगाई वनखेत हाँस्छ

बैँस फूल टिपी-टिपी मायाप्रीति गाँस्छ । (१३/१:३८)

माथि उल्लिखित श्लोकमा पहिलो पङ्क्तिमा शिशिर ऋतुमा नाङ्गिएको रुखपात वनखेत वसन्तको आगमनसँगै आएको हरियाली पनले प्रकृतिमा सुन्दरताले छाएको त्यो समयमा बैंसले उन्मत्त प्रकृतिले लाएको मायाप्रीतिको कुरा रहेको छ, भने अर्कोतिर देश र जनताको निमित्त निस्वार्थ भावनाले सङ्घर्ष गरिरहेको मङ्गलमानको मनमा उब्जिएको प्रेमलाई कविले लाक्षणिक भाषामा प्रस्तुत गरेको पाइन्छ ।

त्यस्तै यस खण्डकाव्यमा कहीँ कतै व्यञ्जनात्मक भाषाको पनि प्रयोग पाइन्छ । जस्तै :

“गर्ज-गुमान व्यर्थ गर्छौ” चिता हाँसी भन्छ

सबैको नै दशा यै हो आखिर के हुन्छ ! (२०/४४:५४)

प्रस्तुत श्लोकमा क्रान्तिकारी मङ्गलमानको जीवन गरिब निमुखा वर्गकै निमित्त सङ्घर्ष गरेरै तात्कालिक शासकवर्गको कठोर यातनामा बितेको र अन्त्यमा मृत्यु वरण गर्नु परेको थियो । जति सङ्घर्ष योगदान गरेपनि वर्ग विभेद रहेपनि शासक वर्गले जतिनै पीडा दिएपनि आखिर यसरी नै देह त्याग गर्नु पर्ने कुरालाई चिताले समेत गिज्याएको कुरा व्यक्त भएको छ ।

यस खण्डकाव्य पठन गर्दा पाठकको मनमष्तिष्कमा आफूले देखेको र भागेको दृश्य तथा विभिन्न चित्रहरु उसको मनमा आउने भएकाले यसमा बिम्बात्मक भाषाको पनि प्रशस्त प्रयोग भएको पाइन्छ ।  जसमध्ये एरटा उदाहरण :

कल्कलाउँदै पानी बग्ने यौटा स्वच्छ खोला

सहरमा उता कहीँ छाप्रो यौटा होला । (१३/८:३९)

यसका अतिरिक्त यस खण्डकाव्यमा प्रतीकात्मक भाषाको पनि प्रयोग पाइन्छ । तात्कालिक समयमा जाँचमा राणाशासनको विरुद्धमा लेखेको भनी उसलाई जेलचलान गरेको यस्तो क्रूर शासन सत्ताको अमानवीय व्यवहारलाई व्यङ्ग्य प्रहार गर्दै कवि यसो भन्छन् :

बाघको यो छालामाथि  स्यालको यो दाइँ

जाँचमहाँ लेख्नुपनि कसुर हो काहीँ ! (५/११:२१)

प्रस्तुत श्लोकमा जनताको रगत र पसिनामा रजाइँ गर्ने राणाशासनलाई स्यालको प्रतीकको रुपमा लिइएको छ भने जनतालाई बाघको प्रतीकको रुपमा लिइएको छ ।

यस खण्डकाव्यमा शब्दप्रयोगका दृष्टिमा हेर्दा श्रेष्ठले तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग गरेको पाइन्छ । खण्डकाव्यमा प्रयुक्त यस्ता शब्दहरुको प्रयोग केही उदाहरणको लागि यसरी प्रस्तुत गरिन्छ :

तत्सम शब्द : लीक, प्रीति, वेश, कष्ट, विनाश, विवेक, नरक, मीत, पिता, शस्त्र, भाषण, काण्ड, दुष्ट, शुद्ध, वैश्य, शुद्र, क्षेत्री, पण्डित, पुष्ट, पशु, देश, क्लेष, औषधि, श्वास, प्राण, वंश, कर्म, आकाश, स्वर्ण, विकुल आदि ।

तद्भव शब्द : ओखती, काम, घर, माछो, आँसु, फूल, कुकुर, ज्यान, रुख, आँखा, दुध, जेठो, पानी, भाइ आदि ।

आगन्तुक शब्द : पर्खाल, सहर, सरकार, डाँट्यो (हिन्दी) आदि ।

माथि प्रयुक्त शब्दहरु मध्ये यस खण्डकाव्यमा तत्सम शब्दको बढी प्रयोग भएको पाइन्छ, भने तद्भव र आगन्तुक शब्दको प्रयोग अलि कम भेटिन्छ । यस्ता शब्दको प्रयोगले भाषामा निकै चमत्कारिता ल्याएको पाइन्छ ।

यस खण्डकाव्यमा वाक्यगठन धेरैजसो सरल वाक्यगठनको प्रयोग भएको छ भने विषयवस्तुको आवश्यकता बमोजिमको मिश्र र संयुक्त वाक्यको पनि यदाकदा ढङ्गद्वारा कविले प्रयोग गरेको पाइन्छ । खण्डकाव्यको भाषालाई अझ सुमधुर तथा सुकोमल बनाउनको लागि उखाानटुक्काको पनि प्रयोग पाइन्छ ।

जस्तै : “ब्याक टु मङ्गलमान”, “माछो-माछो भ्यागुतो”, “रातभरि कराएको दक्षिणा त नाई” ‘छातीभित्र ढुङ्गो पर्नु’, ‘घाउमा नुन चुक छर्कनु’, बालुवाको घर’, ‘पानी छिटो हाल्नु’ आदिजस्ता उखानटुक्काको प्रयोग पाइन्छ । त्यस्तै यस काव्यमा शब्दप्रयोगका दृष्टिले अनुकरणात्मक शब्दको पनि प्रयोगले झन् काव्यको भाषामा चमत्कारिता ल्याएको छ । जस्तै :

लँगडाको समाजमा खोच्याएर हिड्नु

अन्धा बस्ने समाजमा आँखा चिम्लि हिड्नु । (५/१५:२१)

प्रस्तुत श्लोकमा “खोच्याएर हिड्नु”, “आँखा चिम्लि हिड्नु” जस्ता शब्दहरु अनूकरणात्मक शब्दहरु हुन् । समग्रमा भन्नुपर्दा यस ‘मङ्गलमान’ खण्डकाव्यमा विषयअनुकूलको भाषाको प्रयोग गरिनुको साथै लक्षित पाठक वर्गले सजिलै बोध गर्न साकिने सरल, सहज र बोधगम्यता भाषाको प्रयोग गरिएको छ ।

## ४.५ शैली

‘मङ्गलमान’ खण्डकाव्यमा कविले अभिव्यक्तिको तरिका जीवनवृत्तमूलक बनाएका छन् । खण्डकाव्यमा मङ्गलमान जन्मनुपूर्वको काठमाडौं उपत्यकाको वस्तुस्थिति, मङ्गलमानको जन्म, बाल्यकाल, चिन्तनपद्धति, समाजसेवा, मुक्तिचेतना, अनेक सङ्घर्ष र जेलसजाय, आंशिक सफलता र मृत्यु जस्ता कुराहरु आख्यानात्मक शैलीमा जीवनवृत्तमूलक बनेर आएका छन् । रैखिक ढाँचामा निर्मित यस खण्डकाव्यको विषयवस्तु स्थानविशेषमा कविका भावप्रक्षेपणसहित क्रमशः विवरणात्मक रुपमा आएको देखिनुले खण्डकाव्यको शैली विवरणात्मक पनि बन्न पुगेको छ ।

खण्डकाव्यमा कविले सामान्य जीवन बाँचेको महान् क्रान्तिकारी पात्र मङ्गलमानको जीवनलाई कथ्यविषयक रुपमा चयन गरेको पाइन्छ । त्यसलाई प्रस्तुत गर्नका लागि चौध अक्षरे लोकलयात्मक ढाँचाको चयन गरिएको छ । काव्यमा शब्द तथा वाक्यढाँचाको चयन गर्दा विषयवस्तु अनुकूल सामाजिक लोकानुसारी प्रस्तुतिढाँचाको चयन छ । यस हिसाबले हेर्दा काव्यमा बोलीचालीको भाषालाई प्रसङ्ग अनुकूल चयन गरिएको पाइन्छ । राजनीतिसँग सम्बन्धित शब्दहरु, इतिहाससँग सम्बन्धित तथ्यहरुका साथसाथै दलित आन्दोलनसँग सम्बन्धित वाक्प्रतीकहरुको चयनबाट खण्डकाव्यमा प्रस्तुतिको लोकशैलीलाई महत्त्व दिइएको छ ।

त्यस्तै खण्डकाव्यमा अभिव्यक्तिका क्रममा शैलीलाई विशिष्टीकृत गर्नाका लागि ठाउँठाउँमा विचलनको कौशल पनि प्रस्तुत गरिएको पाइन्छ । यस्तो विचलनले खण्डकाव्यको अर्थलाई चमत्कृत पार्न सघाउ पुऱ्याएको छ । विचलनले अर्थमा सुन्दरता सिर्जना गरेका केही पङ्क्तिहरु यस प्रकार छन् :

बोल बोल मेरो कवि सत्य के हो बोल

फुकी फुकी आगो पार बिर्सौनीको गोल (१/७, १०)

सन्तानब्बे साल आयो ल्यायो माघ मैन्हा

प्रजातन्त्र ल्याउनलाई चार ज्यान बैना (४/७, १९)

शहीदले यही कुरा सम्झाउँछन् खालि

माथिमाथि मान्छे जान्छ आफैँलाई बाली । (९/२, ३०)

चूकै घोप्टे सरि यहाँ गाढा अन्धकार

बुर्जा बुर्जाबाट अब हुन्छ खबरदार । (१८/१६, ४९)

के को निको हुन्थ्यो बरै स्वर्ग भयो ज्योति

धरतीको ज्यूँदो छोरो सिर्जनाको मोती (२०/१५, ५२)

हिमालको छोरोलाई हिउँले नै खायो

घाम लाउन नपाउँदै अँध्यारोले छायो । (२१/७, ५६)

'मङ्गलमान' खण्डकाव्यमा सिद्धिचरण श्रेष्ठले काव्यका पङ्क्तिहरुलाई ध्वनिगत तथा वर्णगत समानान्तरता, शब्दगत तथा रुपगत समानान्तरता, पदसमूहगत समानान्तरता, वाक्यात्मक समानान्तरताबाट खण्डकाव्यको भावार्थलाई विशिष्ट बनाएका छन् । जस्तै

उसको घरमा केही छैन उसको घरमा थुप्रो

महल छ उसको राम्रो उसको छैन झुप्रो (४/२, १८)

आज के भो ! आज के भो ! निष्ठुरी हो बोल !

शून्य धर्ती, शून्य नभ, शून्य भयो गोल । (२०/४०, ५४)

मङ्गलमान महान हो महानकै शान

नेपालको महानता कैल्यै हुन्न म्लान (२१/१२, ५६)

## ४.६ कथनपद्धति

'मङगलमान' खण्डकाव्य कवि श्रेष्ठले ऐतिहासिक पात्र मङ्गलमानलाई उभ्याई उसले जीवन अवधिभर देखेका र भोगेका राजनीतिक तथा सामाजिक घटनालाई दर्शाएर रचना गरेको हुनाले मूलत; यस खण्डकाव्यमा कविनिवद्धवक्तृप्रौढोक्ति कथन पद्धतिको आत्मसात् गरिएको छ । जसमा कविले मङ्गलमानको जीवनलाई विषयवस्तुको रुपमा ग्रहण गरी आफू चाँहि द्रष्टाको रुपमा काव्यमा उपस्थित भएका छन् । नेपाली साहित्यमा पहिलो पटक 'क्रान्ति' शब्दको प्रयोग गर्ने खण्डकाव्यकार श्रेष्ठ तात्कालिक राणाशासन प्रति असन्तुष्ट तथा शोषक वर्गको सदा विरोध गर्ने शोषित वर्गको पक्ष लिने उनी क्रान्तिकारी विचार भएका कवि थिए । तसर्थ प्रस्तुत खण्डकाव्यमा उनले आफ्नो अभिव्यक्तिहरुलाई मङ्गलमान (ऐतिहासिक पात्र) लाई खण्डकाव्यमा प्रमुख पात्र बनाई उसकै जीवन कहानी मार्फत देशको राजनैतिक तथा सामाजिक असमानतालाई समेत उजागार गरी यसमा विषयवस्तु बनाएको छ । यसरी जहिले पनि शोषित सर्वहारा वर्गको पक्ष लिने मङ्गलमान शोषक वर्ग प्रति खण्डकाव्यभर प्रतिपक्ष भएर उसले विभिन्न यातना भोग्न तत्पर रहेको पनि देखिन्छ । परिवर्तनकामी विचार बोकेको मङ्गलमान अछुत शोषित सर्वहाराको रक्षाको निमित्त निस्वार्थ ढङ्गले बाल्यकालदेखि मृत्युपर्यन्त सम्म लागिरहेको छ । तसर्थ कवि श्रेष्ठले आफ्नो मनोभावलाई मङ्गलमान मार्फत यस खण्डकाव्यमा प्रस्तुत गरेकोमा यस कविनिवद्धवक्तृप्रौढौक्ति कथनपद्धतिको प्रयोग भएको छ ।

यस्तै यस खण्डकाव्यमा कतै कतै कवि आफै उपस्थित भएर प्रत्यक्ष रुपमा आफ्ना मनका भावनाहरु व्यक्त गरेकोमा कविप्रौढोक्ति कथन पद्धतिको पनि प्रयोग पाइन्छ । आफू तन्द्रा अवस्थामा रहेको बेला मङ्गलमान आएर उसले गरेको योगदानको कदर नगरी समाजले उल्टै दण्ड र अपमान दिएको त्यसमा आफू असन्तुष्ट भएको कुरा कविसमक्ष भनेपछि कवि लाई केही बोल्नै पर्ने जस्तो लागि यसो भन्छन् ।

मैले त्यसै बस्नुहुन्न सत्य खोल्नैपर्छ

भबिष्यको लागि मैले केही बोल्नैपर्छ ।(खण्ड १, पृ.१०, श्लोक ६)

यस्तै यस ‘मङगलमान’ खण्डकाव्यमा ठाउँ ठाउँमा पात्रपात्रबीचको संवादका माध्यमबाट पनि प्रस्तुत गरिएकोले संवादात्मक कथन पद्धतिको प्रयोग पनि पाइन्छ । क्रान्तिमा संलग्न रहेका मङ्गलमान र उसको साथी अवसरवादी भएको कारण २००७ सालको प्रजातन्त्र प्राप्ति पश्चात् सत्तामा पुगेको साथीलाई जनताको निमित्त हुनै परिवर्तन नभएको जस्ताको तस्तै अवस्थामा देश गुज्रिएको भन्दा सत्ताधारी साथीले उल्टै मङगलमानलाई उपदेश दिएको छ । त्यस्तै जर्सावको चाकरीमा जाँदा जर्सावसँग भएको कुराकानी, न्यूरोडमा भू.पू. मन्त्रीसँग भएको वार्तालाप, आमाको क्रिया गर्न घर आएको बेला वाबुसित भएको कुरा र आफू जेलबाट छुटकारा पाएपछि जीवनको अन्तिम घडीमा देशको बारेमा चिन्ता व्यक्त गर्दा भाइ हिरण्यसँग भएको कुराकानीजस्ता घटनालाई संवादात्मक कथनपद्धतिको रुपमा यस खण्डकाव्यमा समायोजन गर्न सकिन्छ ।यसका अतिरिक्त यस खण्डकाव्यमा पात्रका अन्तरमनका उतारचढावलाई पनि उचित समायोजन गरी प्रस्तुत गरिएकोले मनोवादका माध्यमबाट पनि यसको कथनपद्धति गरिएको देखिन्छ । समग्रमा भन्नुपर्दा मुख्यगरी कविनिवद्धवक्तृप्रौढोक्ति कथन पद्धतिको प्रयोग गरिएको छ भने अन्य कविप्रौढोक्ति, संवादात्मक र मनोवाद जस्ता कथनपद्धति गौण रुपमा देखिन्छ ।

## ४.७ बिम्ब, प्रतीक र अलङ्कार

श्रेष्ठद्वारा रचित प्रस्तुत ‘मङ्गलमान’ खण्डकाव्यमा अन्य विधानको अतिरिक्त अलङ्कार विधानलाई पनि सशक्त ढङ्गले प्रयोग गरिएकाले रोचक र कलात्मक बनेको छ । यसमा प्रयुक्त पात्र मङ्गलमानले जीवन अवधिभर गरेको सङ्घर्ष, आरोह-अवरोहलाई खिच्दै अघि बढ्ने क्रममा घटित घटनाहरु बिम्वालङ्कारको रुपमा प्रस्तुत मानिन्छ । यसमा प्रयुक्त बिम्बका प्रकारमध्ये मुख्य बिम्बहरुलाई काव्यांशमार्फत यसरी हेर्न सकिन्छ :

उनको लागि दुःखकष्ट सहेर हाँसौला ।

चौतारीको वरपीपल बनेर बाँचौला । (१३/३८:७)

माथिको श्लोकमा दृश्यबिम्बको प्रयोग रहेको छ । मङ्गलमानले आफ्नी प्रेमिकाको साथमा जस्तै दुःखकष्ट परेपनि हाँसी खुसीसाथ चौतारीको वरपीपलजस्तै भएर बाँच्ने सङ्कल्प गरेको कुरा यसमा रहेको छ । तसर्थ यस श्लोकको पठन गर्दा पाठक वर्गलाई आफूले देखेका तथा मनन गरेका वरपीपल, चौतारीजस्ता कुराहरुको बिम्ब पाठकको मनस्पटलमा आउने गर्दछ ।

सात दिनसम्म कतै झाडु  नलगाउँदा

फोहोरले राजधानी भयो साह्रै गन्धा । (८/३२:२३)

माथिको श्लोकमा गन्धबिम्ब प्रयोग भएको छ । यसलाई पठन गर्दा पाठकलाई दुर्घन्धित शहरको परिकल्पना हुने हुनाले यसलाई गन्धबिम्बभित्र समेटिएको हो ।

सिरीसिरी हावा बग्दै काउकुती लाग्छ ।

कहाँ जाउँ ! कता बसौँ ! मन-मन हुन्छ । (१३/३८:२)

प्रस्तुत श्लोकमा स्पर्श बिम्बको प्रयोग रहेको पाइन्छ । यसको भावन तथा पठन गर्दा पाठकलाई मन भित्रबाटै काउकुतीका महसूस हुने भएकोले यसलाई स्पर्श बिम्बको रुपमा लिन सकिन्छ ।

यसका अतिरिक्त यस खण्डकाव्यमा प्रतीकको पनि प्रयोग भएको छ ।  एक सर्वहारा वर्गको प्रतीकको रुपमा रहेको मङ्गलमानको जीवनलीला र विविध घटनालाई खण्डकाव्यकारले विभिन्न प्रतीकमार्फत काव्यलाई अझ सौन्दर्यपूर्ण बनाएका छन् । यसमा प्रयुक्त केही प्रतीकहरु कवितांशसहित यसरी हेरिन्छ :

हिमालको छोरोलाई हिउँले नै खायो

घाम लाउन नपाउँदै अँध्यारोले छायो । (२१/५६:७)

माथिको श्लोकमा सर्वहारा वर्गलाई हिमालको प्रतीक मानिएको छ भने हिउँ लाई शोषक वर्गको रुपमा लिइएको छ, जसमा परिवर्तनकामी विचार बोकेको मङ्गलमानको सम्पूर्ण सपनाहरु तुहिन पुगेका छन् । र अन्त्यमा उसले कष्टदायी मृत्युवरण गर्नुपरेको कुरा यसमा प्रस्तुत भएको छ ।

यस खण्डकाव्यमा नायक मङ्गलमानले तात्कालिक शोषक वर्ग र शासनसत्ताप्रति गरेको क्रान्ति र विद्रोहलाई विभिन्न अलङ्कारको माध्यमद्वारा कविले प्रस्तुत गरेका छन् । उसले गरेको योगदानको कदर गर्दै तथा उसको जीवनकालमा गरेको क्रियाकलापलाई यस खण्डकाव्यमा

विविध अलङ्कारका माध्यमद्वारा कविले प्रस्तुत गरेका छन् । अलङ्कारका मुख्य दुई भेद शब्दालङ्कार र अर्थालङ्कारका विभिन्न पक्षहरुलाई कविले यसरी प्रस्तुत गरेका छन् :

**क) अनुप्रास**

अनुप्रासको शाब्दिक अर्थ वर्णहरुको क्रमिक विन्यास भन्ने हुन्छ । जसमा काव्य लयात्मक र सुमधुर हुने गर्दछ । यस खण्डकाव्यमा प्रयुक्त अनुप्रास अलङ्कारलाई सोदाहरण यस प्रकार  छ :

आद्यानुप्रास

कोही बस्थे अनसन मर्ने सुर बाँधी

कोही गर्थे हडताल जेलभित्र आँधी (५/३२ : २२)

कैले बन्ने देश हाम्रो कैले बन्ने देश

कैले छुट्ने होला हाम्रो कालो अवशेष (१७/१३ : ४७)

मध्यानुप्रास

पानीछिटो हाल्नुपर्छ यौटालाई छोई

यौटासामु झुक्नुपर्छ ख्वामित भन्दै नुही

कराएर हिँडौँ भने पक्रिलाने भय

नबोलेर बसौँ भने अन्यायकै जय (१७/१८ : ४७)

अन्त्यानुप्रास

तर पनि नौलै घाम भेटिएन यहाँ

सिर्जनाको भोक तिर्खा मेटिएन यहाँ । (१७/७: ४६)

रोई-रोई आकाश नै च्यातूँ-च्यातूँ लाग्छ

ठोकी-ठोकी पहाड नै फोरुँ-फोँरु लाग्छ । (२१/२ : ५५)

मथिको उदाहरणमा पङ्क्तिको आदि भागमा आएका वर्णहरुको क्रमिक विन्यासले आद्यानुप्रास, मध्य भागमा आएको वर्णहरुको नियमित आवृत्तिले मध्यानुप्रास र अन्त्य भागमा आएका

वर्णहरुको क्रमिक विन्यासले अन्त्यानुप्रास अलङ्कारको सिर्जना गरी पङ्क्तिको रुपसौन्दर्यमा भूमिका खेलेको पाइन्छ । 'मङ्गलमान' खण्डकाव्यका सबै श्लोकहरुमा अन्त्यानुप्रासको सौन्दर्य रहेको छ ।

**ख) उपमा**

उपमाको शाब्दिक अर्थ तुलना गर्नु वा तौलनु भन्ने हुन्छ । प्रस्तुत खण्डकाव्यमा अलङ्कार प्रयोगका दृष्टिले हेर्दा उपमा अलङ्कारको अधिक प्रयोग पाइन्छ । खण्डकाव्यमा प्रयुक्त उपमा अलङ्कारका केही उदाहरण :

कलिलो त्यो छातिभित्र नरक झैँ लाग्छ ।

राजधानी काठमाण्डौं नरक झैँ लाग्छ । (२/१५:३०)

कराईको तातो तेलमा कीरा परे सरी

मान्छे सबै छटपट जिउदैं मरे सरी ( ५,/२१:२१)

अछुतको समाज र जीवन झल्कने

लेखहरु पढ्ने गर्छन् हिउँ झैँ टल्कने । (७/२६:४)

सुखशान्ति दिने यौटा च्यामिनीथी बरा

लक्ष्मी जस्ती रुपवती सिर्जनाकी जरा । (१३/३९:१३)

पानी पनि पोल्छ जस्तो हातै झर्छ जस्तो

यो पुसको सिरेठोले ज्यानै लिन्छ जस्तो । (१९/५०:९)

माथि उद्धृत श्लोकहरुमा प्रयोग भएका सरी, झैँ, जस्ती, जस्तो आदि शब्दहरुको प्रयोगको कारण काव्यलाई अझ चमत्कृत बनाएको छ । जसमा उपमा अलङ्कारको प्रयोग रहेको छ ।

**ग) रुपक**

त्यस्तैगरी यस खण्डकाव्यमा रुपक अलङ्काकारको प्रयोग पनि प्रशस्त मात्रामा भेटिन्छ । जस्तै :

छोरो मऱ्यो पैलो दिन तेस्रो दिन छोरी

तेस्रो दिन सँगिनीको चुड्यो श्वास-डोरी । (६/२३:२)

प्राण-सुगा फर्किआऊ पिंजरा भो खाली

यो अभागी छोरासँग बोल एकपालि । (६/२४:१२)

पसिनाको तेल हाली शिक्षा दीप बाल्छ

आफ्नै दलानमा अब पढाउन थाल्छ ।(११/३५:१०)

यस कविताांशमा प्रयोग भएका चुड्यो श्वास डोरी भन्नु नै प्राण त्याग गर्नु, प्राण-सुगा नै आमा, पिंजरा नै वासस्थान, पसिनाको तेल हाल्नु नै परिश्रम गर्नु, शिक्षा दीप बाल्नु नै शिक्षा प्रदान गर्नु जस्ता आरोपित अर्थ प्रस्तुत गरिएकोले यसमा रुपक अलङ्कारको प्रयोग पाइन्छ ।

**घ) दृष्टान्त**

दृष्टान्तको अर्थ उदाहरण हो । अलङ्कार प्रयोगका दृष्टिले यस खण्डकाव्यमा दृष्टान्त अलङ्कारको पनि उचित प्रयोग भएको पाइन्छ । यसलाई सोदाहरण यसरी हेर्न सकिन्छ :

परिवर्तन भयो त सुख भेटिएन

तिर्खाएको पथिकको तिर्खा मेटिएन । (८/२८)

उही सिसी उही भाँडो रङ्ग मात्र भिन्न

दोहोरिन्छ साविक नै नौलो केही हुन्न । (१७/४६:३)

**ङ) अतिशयोक्तिः**

स्वाभाविक वर्णन भन्दा काल्पनिक र अतिरञ्जनापूर्ण वर्णनलाई अतिशयोक्ति अलङ्कार भनिन्छ । यस खण्डकाव्यमा प्रयुक्त यस अलङ्कारलाई यसरी हेरिन्छ :

अन्यायको सकेजति विरोध म गर्छु

नेपाल हुन आमा मेरी यिनकै सेवा गर्छु । (६/२५:२१)

एक ढिक्का हामी भए कें हुँदैन यहाँ

स्वर्ग आई लुट्पुटिन्छ हाम्रा खुट्टामहाँ । (१८/४९:१०)

खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठद्वारा रचित यस 'मङ्गलमान' खण्डकाव्यमा माथि प्रयोग भएका विविध अलङ्कारले पनि काव्यमा अझ चमत्कार थपेको छ ।

## ४.८ निष्कर्ष

'मङ्गलमान' खण्डकाव्यको शीर्षक प्रमुख पात्र मङ्गलमानको नामद्वारा चयन गरिएकोले शीर्षक सार्थक रहेको छ । डिभाइन साइजको यस खण्डकाव्यमा जम्मा २१ सर्ग, ४०६ द्धिपदी श्लोक र ८१२ पङ्क्तिमा संरचित बाह्य संरचनाको दृष्टिमा सबल मानिएको छ । त्यस्तै यस काव्यमा मङ्गलमानको जीवनयात्रालाई एक पछि अर्को सर्गमा विभक्त गर्दै वर्णन गरिएकोले आन्तरिक संरचना पनि सफल मानिन्छ । लयका दृष्टिमा हेर्दा श्रेष्ठ स्वच्छन्दतावादी कवि भएकाले यस खण्डकाव्यमा लोक लयको प्रयोग गरिएको छ । सरल, सहज, बोधगम्य भापाको प्रयोग पाइनुको साथै यसमा विवरणात्मक शैलीको प्रयोग पाइन्छ । शब्दप्रयोगगत रुपमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको यस खण्डकाव्यमा कहीँ कतै उखानटुक्काको प्रयोग भएको छ । कविले यस काव्यमा मङ्गलमानलाई प्रमुखपात्र बनाई आफ्नो मनोभावहरु व्यक्त गरेकोले कविनिवद्धवक्तृप्रौढौक्ति कथन पद्धतिको प्रयोग पाइन्छ । अन्तत; बिम्ब, प्रतीकको प्रयोग पनि प्रशस्त रहेको यस खण्डकाव्यमा अनुप्रास, उपमा, रुपक, दृष्टान्त र अतिशयोक्ति जस्ता अलङ्कारको प्रयोगले काव्य झन् चमत्कृत बनेको छ ।

परिच्छेद पाँच

# शोध निष्कर्ष

## ५.१ सारांश

नेपाली साहित्यको क्षेत्रमा स्वच्छन्दतावादी धारामा कलम चलाउने कवि सिद्धिचरण श्रेष्ठ ( वि.स.१९६९-२०४९) ले आफ्नो जीवन करिब ६ दशक लामो काव्य साधनामा व्यतीत गरेको पाइन्छ । श्रेष्ठद्वारा रचित 'मङ्गलमान' खण्डकाव्यको कृतिपरक अध्ययन शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ । यस अन्तर्गत विषय परिचयमा विषयवस्तुको उठान 'मङ्गलमान' खण्डकाव्यको वस्तुपक्ष र रुपपक्षको चर्चा गरिएको छ । समस्या कथनमा यस खण्डकाव्यको वस्तुविधान र रुपविधान कस्तो छ ? भन्ने रहेको छ । यस शोधकार्य गर्नुको उद्देश्य 'मङ्गलमान' खण्डकाव्यका रचनाकारको परिचय, खण्डकाव्यात्मक प्रवृत्ति, वस्तुविधान र रुपविधानको अध्ययन तथा विश्लेषण गर्नु रहेको छ । यस शोधपत्र तयार गर्नको लागि रचनाकारको जीवनीपरक र कृतिपरक तथा प्रवृत्तिगत अध्ययन गरिएको छ । प्रस्तुत खण्डकाव्यको शोधपरक अध्ययनको अभावमा प्राज्ञिक जिज्ञासालाई समाधान गर्ने भएकोले यो शोधकार्य औचित्यपूर्ण छ । यसमा सामग्री सङ्कलन विधिको रुपमा पुस्तकालयीय सामग्री सङ्कलन नै आधारित रहेको छ । यसको सैद्धान्तिक पर्याधारलाई हेर्दा कृतिको कृतिपरक अध्ययनसँग सम्बन्धित छ । सामग्री विश्लेषण विधिको आधारमा निगमनात्मक विधिको उपयोग गरिएको छ भने सामान्यीकरण र निष्कर्षका निम्ति आगमनात्मक विधिको पनि उपयोग गरिएको छ । शोधकार्यको सीमा कृतिपरक अध्ययन वस्तुविधान र रुपविधानको अध्ययन गरिएको छ । यस परिच्छेदको अन्त्यमा शोधपत्रको रुपरेखाको चर्चा गरिएको छ ।

परिच्छेद दुईमा 'मङ्गलमान' का रचनाकारको परिचय र खण्डकाव्यात्मक प्रवृत्ति शीर्षक राखिएको छ । यसमा खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको जीवनीगत परिचय अन्तर्गत उनको जन्मदेखि मृत्युसम्मको घटनालाई चर्चा गरिएको छ । साहित्यिक परिचय अन्तर्गत उनको साहित्यलेखनको शुभारम्भ देखि अन्त्यसम्मका खण्डकाव्य लेखनलाई चरणगत रुपमा विभाजन गरी तिनको प्रवृत्तिहरुलाई पनि औल्याउने कार्य गरिएको छ । र निष्कर्षमा माथि उल्लिखित विषयहरुलाई मोटा मोटी चर्चा गरिएको छ ।

परिच्छेद तीनमा 'मङ्गलमान' खण्डकाव्यको वस्तुविधानको अध्ययन तथा विश्लेषण गरिएको छ । यसमा कथावस्तु अन्तर्गत प्रस्तुत खण्डकाव्यको सुरुदेखि अन्त्यसम्मको क्रमिक घटना श्रृङ्खलालाई प्रस्तुत गरिएको छ । पात्रगत रुपमा प्रमुख पात्र मङ्गलमान र सहायक पात्र सुब्बाको चरित्र चित्रण गरिएको छ भने गौण पात्रको पनि संक्षिप्तमा चर्चा गरिएको छ । भाव वा विचार अन्तर्गत वीर रस प्रधान उत्साह भाव रहेको यस काव्यमा क्रान्तिकारी प्रगतिवादी विचारको प्रयोग सशक्त रहेको बताइएको छ । तसर्थ प्रस्तुत खण्डकाव्यको विषयमा लेखकको जीवन र पक्षधरतालाई पनि जीवनदृष्टि तथा लेखकीय पक्षधरताको रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ । निष्कर्षमा माथि उल्लिखित विषयहरुलाई संक्षिप्त मोटामोटी चर्चा गरिएको छ ।

परिच्छेद चारमा 'मङ्गलमान' खण्डकाव्यको रुपविधानलाई विश्लेषण गरिएको छ । जसमा यस खण्डकाव्यको शीर्षक अन्तर्गत प्रमुख पात्रको नामद्वारा चयन गरिएकोले सार्थक रहेको छ । संरचना अन्तर्गत डिभाइन साइजमा रचना गरिएको यस कृतिमा वाह्य तथा आन्तरिक दुवै पक्ष सबल रहेको छ । लयगत रुपमा लोक लय (सवाइ छन्द) को प्रयोग गरिएको यस खण्डकाव्यमा भाषागत रुपमा सरल, सहज र विवरणात्मक शैलीको अवलम्वन गरिएको कुरा उक्त परिच्छेदमा विश्लेषण गरिएको छ । त्यस्तै कविनिवद्धवक्तृप्रौढोक्ति कथन पद्धति प्रयोग गरिएको यस खण्डकाव्यमा उचित बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगलाई उदाहरण सहित प्रष्ट पारिएको छ । निष्कर्षमा माथि उल्लिखित रुपविधान अन्तर्गत पर्ने पक्षहरुलाई मोटामोटी रुपमा चर्चा गरिएको छ ।

## ५.२ निष्कर्ष

नेपाली साहित्यमा आफ्ना रचना मार्फत क्रान्तिको आमन्त्रण गर्ने प्रथम स्रष्टा कवि सिद्धिचरण श्रेष्ठ एक महान प्रतिभाशाली साहित्यकार हुन् । वावु विष्णुचरण श्रेष्ठ आमा नीर कुमारी श्रेष्ठको एक मात्र पुत्र वि.स.२०६९ जेठ ९ गते जन्मिएका श्रेष्ठको जीवन धेरै सङ्घर्षशील यात्रामा व्यतीत भएको छ । औपचारिक रुपमा कक्षा ८ सम्म मात्र अध्ययन गरेका उनले त्यसपश्चात् स्वअध्ययनद्वारा आफूलाई पोख्त बनाए । सानै उमेरदेखि कविता लेखनमा रुची राख्ने श्रेष्ठ अलि विद्रोही स्वभावका थिए । तात्कालिक राणाशासनको विरुद्धमा कविता लेखेको

कारण उनलाई जेल सजाय दिइयो । २००७ सालको प्रजातन्त्र प्राप्तिपश्चात् भने उनी विभिन्न सामाजिक तथा राजनैतिक सङ्घ संस्थामा आबद्ध रहे । सानैदेखि कविता रचना गरेपनि उनको १९९० सालमा गोरखापत्रमा 'भुइँचालो' शीर्षकको कविता प्रकाशित भएपछि उनी औपचारिक रुपमा साहित्यमा उदाएका थिए । उनका आधुनिक नेपाली काव्य क्षेत्रमा असङ्ख्य फुटकर कविता, करिब सात ओटा कविता सङ्ग्रह, त्यस्तै दर्जनौ खण्डकाव्यहरु प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त निबन्ध र नाटक पनि रचना गरेका श्रेष्ठले नेपाल भाषामा पनि कविता रचना गरेका छन् । तसर्थ नेपाली साहित्यमा युगकवि र नेपाल भाषामा 'कविरत्न' को रुपमा सम्मानित श्रेष्ठले अन्तिम समयसम्म पनि साहित्यलाई साधना गरिरहे । उनको देहावसान वि.स. २०४९ जेठ २२ गते भएको थियो ।

नेपाली साहित्य क्षेत्रमा करिब ६ दशक लामो साहित्य रचना गर्ने श्रेष्ठद्वारा रचित 'मङ्गलमान' (प्र.२०४९) खण्डकाव्य एक ऐतिहासिक यथार्थवादी खण्डकाव्य हो । ऐतिहासिक पात्र मङ्गलमानलाई प्रमुख पात्र बनाएर उसको जन्मदेखि मृत्युसम्मको घटनालाई यसमा विषयवस्तुको रुपमा समायोजन गरिएको छ ।तात्कालिक कठोर शासन सत्ता देखि असन्तुष्ट मङ्गलमान एक निस्वार्थ, देशभक्त, शासक वर्गप्रति विद्रोही स्वभाव भएको समानताको पक्षधर युवाको रुपमा यस खण्डकाव्यमा उपस्थित छ । उसले देश र जनताको निमित्त जीवभर सङ्घर्ष गरिरहन्छ । तर जति शासनसत्ता फेरिए पनि देश र सोझासीधा जनता सधैं चपेटामा परिरहेको स्थिति देख्दा उसलाई आफ्नै जीवनदेखि दिक्क भएको हुन्छ । त्यही शासकहरुको कठोर सजाय बापत उसको दर्दनाक मृत्यु हुन्छ । परिवेशगत रुपमा हेर्दा प्रस्तुत खण्डकाव्यमा बिशेषगरी राजधानी काठमाण्डौ रहेको छ । क्रान्तिकारी प्रगतिवादी विचारलाई अवलम्बन गरिएको प्रस्तुत काव्य वीर रस प्रधान उत्साह भाव पाइन्छ । सदा सदा निम्न वर्गको पक्षधर र समानताको परिकल्पना गर्ने श्रेष्ठले मङ्गलमान मार्फत आफ्नो मनोभाव व्यक्त गरेका छन् ।

प्रस्तुत खण्डकाव्यको शीर्षक 'मङ्गलमान' यस खण्डकाव्यको प्रमुख पात्रको नामबाट चयन गरिएको सार्थक मानिन्छ । २१ सर्गमा विभाजित रहेको डिभाइन साइजको यस खण्डकाव्यको बाह्य संरचना र यसमा केन्द्रीय कथ्यको उठानमा मङ्गलमानको जन्म, विकासमा उसले गरेको विभिन्न सामाजिक तथा राजनैतिक कार्यकलाप र समापनमा उसलाई दिइएको जेलजीवन र कठोर यातना पश्चात्को मृत्युजस्ता घटनालाई उचित ढङ्गले समायोजन गरिएकोले आन्तरिक

संरचनाको दृष्टिमा पनि सफल काव्य मानिन्छ । खण्डकाव्य अवधिभर लोक लय ढाँचाको यस काव्यमा सरल, सहज भाषा र विवरणात्मक शैलीको प्रयोग गरिनुको साथै कविनिबद्धवक्तृप्रौढोक्ति कथन पद्धतिको प्रयोग पाइन्छ । त्यस्तै शब्द प्रयोगमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको यसमा कही कतै उखानटुक्काको प्रयोगले काव्य ज्यादै आकर्षक बनेको छ । उचित बिम्ब, प्रतीकको पनि प्रयोग गरिएको यस खण्डकाव्यमा अलङ्कार प्रयोगका दृष्टिमा अनुप्रास, उपमा, रुपक, दृष्टान्त, अतिशयोक्तिजस्ता अलङ्कारको प्रशस्त प्रयोग पाइन्छ ।

## ५.३ मुख्य निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा स्वच्छन्दतावादी धाराका केन्द्रीय कवि युगकवि सिद्धिचरण श्रेष्ठ ( वि.स.२०६९-२०४९) एक बहुप्रतिभाशाली स्रष्टा हुन् । वि.स. १९९० सालमा गोरखापत्रमा ‘भुइँचालो’ शीर्षकको कविता प्रकाशन पश्चात् साहित्यमा उदाएका उनको साहित्य लेखनको सफल पाटो पनि काव्य नै हो । यसका अतिरिक्त उनको खण्डकाव्य लेखन पनि सफल विधा मानिन्छ । अहिलेसम्म करिब एक दर्जन खण्डकाव्य प्रकाशित भएका छन् । श्रेष्ठद्वारा रचित ‘मङ्गलमान’ (२०४९) एक प्रसिद्ध क्रान्तिकारी खण्डकाव्य हो । यसमा मङ्गलमानको जीवनवृत्तलाई यथार्थमूलक ढङ्गद्वारा प्रस्तुत गरिएको छ । नेपालको कहालीलाग्दो सामाजिक एवम् राजनैतिक इतिहासलाई  उजागार गरी समाज रुपान्तरणका लागि साहसी मङ्गलमानको माध्यमद्वाराक्रान्ति, वलिदान र वीरताका कुरालाई यस खण्डकाव्यमा अत्यन्त मार्मिक रुपमा देखाइएको छ । १९९० सालको भूकम्प, १९९७ को शहिदकाण्ड, २००७ को प्रजातन्त्र अनि २०१५ को आमचुनाव, २०१७ को पञ्चायती व्यवस्था साथै सामाजिक जनजीवनमा देखा परेका अन्याय, अत्याचार, शोषण एवम् जातीय तथा वर्गीय भेदभावलाई विषयवस्तु बनाइ तात्कालिक समयको झलक यसमा प्रस्तुत गरिएको छ । प्रस्तुत खण्डकाव्यमा मुख्य पात्र तात्कालिक शासनको विद्रोह गर्ने पात्र मङ्गलमानलाई बनाइएको छ । तसर्थ मङ्गलमानकै परिप्रेक्षमा कथावस्तु रहेको हुनाले उसकै नामद्वारा शीर्षक चयन गर्नु सार्थक मानिन्छ । २१ सर्गमा विभक्त प्रस्तुत खण्डकाव्य संरचनात्मक ढङ्गले पनि सफल कृति हो । पात्रको माध्यमद्वारा विषयवस्तुको कथन गराइएकोले कविनिबद्धवक्तृप्रोढोक्ति कथन पद्धतिको प्रयोग गरिएको छ । यस खण्डकाव्यमा नेपाली लोकलयको प्रस्तुत गरिएको सरल, सहज भाषाका साथै विवरणात्मक शैलीमा अत्यन्त मार्मिक पङिक्तहरुको समायोजन गरिएको छ । सांस्कृतिक, सामाजिक,

प्राकृतिक आदि जस्ता बिम्ब, प्रतीकको प्रयोग भएको यस काव्यमा अनुप्रास, उपमा, रुपक, दृष्टान्त, अतिशयोक्ति जस्ता अलङ्कारको प्रयोगले काव्यमा झन् चमत्कार थपेको पाइन्छ । अन्तत; शब्दप्रयोगको दृष्टिमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग रहेको श्रेष्ठको प्रस्तुत मङ्गलमान खण्डकाव्यमा वस्तुविधान र रुपविधान दुबै पक्षमा सफल कृतिको रुपमा विश्लेषण गरिन्छ ।

# सन्दर्भसामग्री

## पुस्तकसूची


ठाकुर, उषा (२०६८). **युगकवि सिद्धिचरणकी काव्य साधना.** काठमाण्डौः वी.पी कोइराला भारत नेपाल प्रतिष्ठान ।

नेपाल, शैलेन्द्र प्रकाश(२०७२). **युगकवि.**(लघुकाव्य),काठमाण्डौः युगकवि सिद्धिचरण प्रतिष्ठान, ।

स्पन्दन, जयन्ती/बालमुकुन्द, कार्की (२०७४).**नेपाली प्रतिनिधि बालकविता.**काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, ।

शर्मा, गार्गी (२०५१). **सिद्धिचरणका खण्डकाव्यको अध्ययन.** काठमाण्डौः भुवन मोहनी ।

श्रेष्ठ, रमेश (२०४९). **नेपाली कविताको प्रवृत्ति.** काठमाण्डौः साझा प्रकाशन ।

श्रेष्ठ, सिद्धिचरण (२०४५).**सिद्धिचरणका प्रतिनिधि कविता.**काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, ।

श्रेष्ठ, सिद्धिचरण (२०६७).**मङ्गलमान.** काठमाण्डौः लक्ष्मी पुस्तक भण्डार, माइतीघर, ।


## पत्रपत्रिका सूची


उप्रेती, गङ्गाप्रसाद (२०६५). 'वैचारिक मोडमा मङ्गलमान'; **गरिमा,** २६/३११

रिमाल, वासु (२०५६). 'मेरो चिन्तनमा सिद्धिचरण र मङ्गलमान'; **गरिमा.** १२/३

## विशेषाङ्कसूची

**कवि सिद्धिचरण स्मृति विशेषाङ्क** (२०५०). काठमाण्डौः सम्प्रेषण प्रकाशन ।

**नेपाली साहित्य बाटिका सिद्धिचरण नारी अङ्क**(२०५२). नेपाली साहित्य मन्दिर ।

**युगकवि सिद्धिचरण श्रेष्ठ शताब्दी स्मृति ग्रन्थ**(२०७१).काठमाण्डौ, युगकवि सिद्धिचरण प्रतिष्ठान, ।

## शोधपत्रसूची

कोइराला शम्भुप्रसाद (२०३७).**सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्र. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

मिश्र लक्ष्मीनारायण (२०५८).**खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठ,** अप्र. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, ।

श्रेष्ठ शेखर कुमार (२०६८).**सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा क्रान्तिचेत,** विद्यावारिधि शोधप्रवन्ध, नेपाली विभाग, त्रि.वि. ।